# लेखापरीक्षण प्रतिवेदन

## चाँगुनारायण नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# चाँगुनारायण नगरपालिका, भक्तपुर

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** — **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/297

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,

चाँगुनारायण नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, भक्तपुर।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/297

श्रीमान् नगर प्रमुखज्यू,

चाँगुनारायण नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय, भक्तपुर ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको रायः

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरुसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस नगरपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय र व्यय तर्फ रू.३ अर्ब ७५ करोड ४९ लाख १९ हजारको लेखापरीक्षणबाट रू.९ करोड २ लाख ८१ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रू.६७ लाख ११ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रू.५३ लाख ४८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ९७ लाख ८८ हजार, नियमित गर्नुपर्ने रू.३ करोड ३३ लाख ९९ हजार र पेश्की बाँकी रू.१ करोड ५० लाख ३५ हजार गरी जम्मा रू.८ करोड ३५ लाख ७० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.२८ करोड ७३ लाख ९९ हजार मध्ये रु.१ करोड ५० लाख २ हजार सम्परीक्षण भई यसवर्षको थप रू.८ करोड ३५ लाख ७० हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.३५ करोड ५९ लाख ६७ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

### ३.अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

### ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ।नगरकार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### ५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी  वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८० | २६१ | ९,०२,८१,०८९ | ० | ८१ | ६७,१०,८१८ | ० | ८० | १८० | ८,३५,७०,२७१ | ५३,४७,८९२ | ३,३३,९८,६८४ | २,९७,८८,३४६ | ० | ० | ६,३१,८७,०३० | १,५०,३५,३५० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भक्तपुर | २८,७३,९९,००० | | १,५०,०२,६८१ | २७२३९६३१९ | | ८,३५,७०,२७१ | ३५५९६६५९० |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ३४ | स्टोर व्यवस्थापन गर्न घरभाडा | १,२०,००० |
| २ | २०८१/८२ | ९४.४ | सामाजिक सुरक्षा कार्यक्रमः | २,३१,६६० |
| ३ | २०८१/८२ | ५७ | मापदण्ड बेगरको भुक्तानीः | ५२,१०० |
| ४ | २०८१/८२ | ८८ | बिल भरपाई | ९,६३,९०३ |
| ५ | २०८१/८२ | ८६ | बढी परिमाणमा ट्याककोट वापतको भुक्तानी | ३,३४,९०६ |
| ६ | २०८१/८२ | २३.३ | फोहरमैला व्यवस्थापन - | १२,९६० |
| ७ | २०८१/८२ | १४ | पेश्की बाँकी | १,५०,००० |
| ८ | २०८१/८२ | ८०.२ | पेश्की जमानतः | २२,३१,३९७ |
| ९ | २०८१/८२ | ६९.१ र ६९.२ | परामर्श | ११,५१,१३३ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| १० | २०८१/८२ | ६२ | नर्म्स भन्दा बढीः | २९,६४० |
| ११ | २०८१/८२ | ४१ | नपाउने बैठक भत्ता: | ३६,५५० |
| १२ | २०८१/८२ | ५५ | दिवा खाजाः | ३,२६,१०० |
| १३ | २०८१/८२ | २९ | थप सुविधा | ५६,१०० |
| १४ | २०८१/८२ | १०.२ | जिन्सी व्यवस्थापन | ४९,७७६ |
| १५ | २०८१/८२ | ६३ | कर कट्टीः | १०,२८२ |
| १६ | २०८१/८२ | ६४.१ | अनुदान | ८,९८,००० |
| १७ | २०८१/८२ | ३० | अग्रिम आयकर | ५६,३११ |
| १८ | २०८०/८१ | ६४.४ | शिक्षा तर्फ | ७५,९८,७९० |
| १९ | २०८०/८१ | ९० | विपद व्यवस्थापनबाछ ग्राभेलिङ्ग कार्य | ३९,४१,२०१ |
| २० | २०८०/८१ | ८४ | परामर्श सेवा | १,८५,००० |
| २१ | २०८०/८१ | ३४.२ | पदाधिकारीको सेवा सुविधा | ६,०६,०१९ |
| २२ | २०८०/८१ | ५७ | नर्म्स भन्दा बढी भुक्तानी | ३०,६०० |
| २३ | २०८०/८१ | ६५.१ र ६५.२ | नमुना विद्यालय तर्फ | १८,५८,८६८ |
| २४ | २०८०/८१ | ७६ | खुल्ला चौर निशुल्क खेल प्रशिक्षण कार्यक्रम | १,९७,९८८ |
| २५ | २०८०/८१ | ५८ | अतिरिक्त समय काम गरेवापत खाजा भत्ता | ५,५७,६८५ |
| २६ | २०७९/८० | ५३ | पकेट विकास कार्यक्रम | २६,५३० |
| जम्मा | | | | २,१७,१३,४९९ |

# चाँगुनारायण नगरपालिका, भक्तपुर

# ( ८०३३३४०१३०० )

# चाँगुनारायण नगरपालिका , भक्तपुर

# परिचय

१

**(क) कार्यालय परिचय :-** चाँगुनारायण नगरपालिका नेपाल सरकारले मिति २०७३।११।२७ गतेको स्थानिय तह घोषणाबाट साविक चाँगुनारायण नगरपालिका र नगरकोट नगरपालिकालाई समेटेर गठन भएको हो । चाँगुनारायण नगरपालिका र नगरकोट नगरपालिका मिलाएर चाँगुनारायण नगरपालिका भए पछि ९ वटा वडा कायम भई नगरपालिकाको केन्द्र खरिपाटी, भक्तपुरमा रहेको छ । नगरपालिकाको जम्मा घरधुरी संख्या २३,४९५ छ भने जनसंख्या ६४,२६० रहेको छ । यस नगरपालिकाको क्षेत्रफल ६२.९८ वर्ग कि मी रहेको रहेको छ । यस नगरपालिकामा ४८ जना सभा सदस्य रहेका छन् ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२ ।१०।७ देखि २०८२ ।११।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय र व्यय तर्फ गरी रू. रु. ३अर्ब ७५ करोड ४९लाख १९हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छन् ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. **२११४३२९.००** असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | सा.सु.कर/ आयकर/ बहालकर | २०८२।१०।१३ | १३३८१ | संघीय सञ्चित कोष |
| ३ | बढी भुक्तानी | | १०५७४ | |
| ४ | घर बहाल कर | २०८२।१०।२० र २०८२।१०।२८ | १४०००० | स्थानीय सञ्चित कोष |
| ५ | व्यवसाय कर | | १५३७००० | |
| ६ | कर समयमा नबुझाएकोमा लाग्ने जरिवाना | | २३५५०० | |
| ७ | पदाधिकारी बैदेशिक भ्रमण खर्च | २०८२।११।२५ | १७७८७४ | स्थानीय सञ्चित कोष |
| | | | २११४३२९ | |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

**पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण**

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| १) सुरु मौज्दात | | २०३७८०४५७ | १.चालु खर्च | | ७७०८१६२३५ |
| क).संचित कोष | ९६३५२९०५ | | क).पालिका तर्फ | ४२१८२६२७६ | |
| ख)धरौटी | ७२६०५०८२ | | ख).संघीय सशर्त | ३३८४४३६४१ | |
| ग) विविध खर्च खाता | ७९३७५६० | | ग).संघीय विशेष | ० | |
| घ)विविध कोष खाता | १६६४२३८० | | घ).प्रदेश सशर्त | १०५४६३१८ | |
| ङ)प्रकोप व्यवस्थापन कोष | १०२४२५३० | | ङ).प्रदेश सशर्त | ० | |
| २) आन्तरिक आय | | २६६८४३४९८ | | | |
| क) आन्तरिक आय | २६६८४३४९८ | | २.पुँजीगत खर्च | | ७४०११८३८८ |
| ३. वित्तीय हस्तान्तरण (संघ) | | ७०४०८६४१५ | क).पालिका तर्फ | ६४३५७१५४० | |
| क) समानीकरण अनुदान | १५३७८९७६० | | ख).संघीय सशर्त | ६२३८९४६० | |
| ख) राजस्व बाँडफाँट | १००७४३१५५ | | ग).संघीय विशेष | ० | |
| ग) सशर्त अनुदान | ४३४५५३५०० | | घ).संघीय समपुरक | २२३१३९७ | |
| घ) समपुरक अनुदान | ३७५०००० | | ङ).प्रदेश सशर्त | १०४००००० | |
| ङ) विशेष अनुदान | ११२५०००० | | च).प्रदेश विशेष | ० | |
| च) रोयल्टी | ० | | छ).प्रदेश समपुरक | २१५२५९९१ | |
| छ) अन्य | ० | | ३. अन्तर सरकारी अख्तियारी (संघ) | | १८८३७६७३८ |
| ४. वित्तीय हस्तान्तरण (प्रदेश) | | ५९८२३२६०७ | क)सामाजिक सुरक्षा | १८८३७६७३८ | |
| क) समानीकरण अनुदान | १७२४८००० | | ३) अन्य वित्तीय व्यवस्था तर्फ खर्च | | १०६९६३९५३ |
| ख) राजस्व बाँडफाँट | ५४२३७५६०७ | | विविधखर्च खाता | ४५८९४९७ | |
| ग) सशर्त अनुदान | १०००००००० | | कर्मचारी कल्याण कोष | ११०७६५४३ | |
| घ) समपुरक अनुदान | २६८५९००० | | प्रकोप व्यवस्थापन कोष | ५९७५४०८२ | |
| ङ) विशेष अनुदान | १७५०००० | | धरौटीफिर्ता तथा सदर स्याहा | २४६६४९३९ | |
| | | | मर्मत संभार कोष खर्च | ६८७८८९२ | |
| च) रोयल्टी | ० | | अनुदानफिर्ता | | ८०२८५१३९ |
| छ) अन्य | ० | | १.संघ तर्फ | ४६४८९००२ | |
| ५. अन्तर सरकारी अख्तियारी (संघ) | | १८८८४४८६९ | क)सशर्त अनुदान | ३३७२०३९९ | |
| क) सामाजिक सुरक्षा | १८८८४४८६९ | | ख)विशेष अनुदान | ११२५०००० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 6.विविध कोष तर्फको आय | | ११०३५२१४७ | ग)समपुरक अनुदान | १५१८६०३ | |
| क)कर्मचारी कल्याण कोष | ११०७६५४३ | | २.प्रदेश तर्फ | ३३७९६१३७ | |
| ख) महिला तथा बाल बिकास कोष | ७००००० | | क)सशर्त अनुदान | १४४९८६८२ | |
| ग)विविध कोष खाता | १४६४३२६३ | | ख)विशेष अनुदान | १७५०००० | |
| घ)प्रकोप व्यवस्थापन कोष | ५८०७१४४८ | | ग)समपुरक अनुदान | १७५४७४५५ | |
| क).विविध खर्च खाता | ९४१७८९४ | | अन्तिममौज्दात | | १८५५७९५४० |
| ख. धरौटी आय | १६४४२९९९ | | १.संचित कोषको मौज्दात | ९८३४२९९२ | |
| | | | २.धरौटी | ६५३८३८८४ | |
| | | | ३.विविध खर्च खाता | ४८२८३९७ | |
| | | | ४.प्रकोप व्यवस्थापन कोष | ८५५९८९६ | |
| | | | ५.महिला तथा बाल विकास कोष | ७००००० | |
| | | | ६. मर्मत संभार कोष खाता | ७७६४३७१ | |
| जम्मा | २०७२१३९९९२ | २०७२१३९९९२ | जम्मा | २०७२१३९९९२ | २०७२१३९९९२ |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ (२) मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले नेपाल सरकारको मिति २०७९।८।२० को संशोधित सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा एकिकृत वित्तीय प्रतिवेदन तयार गर्नुपर्दछ । नगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदनमा अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन।यसमा सुधार हुनु पर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **वित्तीय विवरणको यथार्थताः** नगरपालिकाको सबै प्रकारका आर्थिक कारोवारको महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था अनुसार पालिकाले स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा अन्तर सरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा तथा संरक्षणको खर्च रु.१८८३७६७३८ प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) मा लेखाङ्कन भएको छैन । सुत्र अनुसार कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७० अनुसूची १४ मा अन्तर सरकारी अख्तियारीको व्यवस्था गरेता पनि म.ले.प.२७० को वित्तीय विवरणमा देखिएको छैन।सबै कारोबारको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाबः** नगरपालिकाको सुत्र अनुसारको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) र सुत्र बाहिर तयार भएको एकीकृत आय व्यय विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २०२१३८१९८ | १५१७९००५८५ | १५१०९३४६२४ | २१०४३७१७४ |
| एकीकृत आयव्यय विवरणअनुसार | २०३७८०४५७ | १८६८३५९५३६ | १८८६५६०४५३ | १८५५७९५४० |
| फरक | -१६४२२५९ | -३५०४५८९५१ | -३७५६२५८२९ | २४८५७६३४ |

• पालिकाले तयार गरेको एकीकृत आर्थिक विवरण र सुत्र अनुसारको वार्षिक प्रतिवेदन म ले प फा नं २७० मा गत वर्षको जिम्मेवारी रु.१६४२२५९, यस वर्षको प्राप्ति रु.३५०४५८९५१, यस वर्षको भुक्तानी रु.३७५६२५८२९ र बैंक मौज्दात् रु.२४८५७६३४ फरक परेको छ । फरक परेको रकमको हिसाब मिलान हुनुपर्दछ ।

• पालिकाको सुत्र प्रणालीको फारम २७०-५ को वित्तीय प्रतिवेदनको अनुसूची १ अनुसार गत वर्ष सञ्चित कोषमा रु.१०,०१,५९,००५.२८ मौज्दात रहेकोमा एकीकृत आर्थिक विवरणमा रु.९६३५२९०५.०० जिम्मेवारी सारेको छ । सञ्चित कोषमा रु.३८०६१००.२८ बढी जिम्मेवारी सारेको रकम यकिन गरी हिसाबमिलान गर्नुपर्दछ ।

• सुत्रको वित्तीय प्रतिवेदनको टिप्पणी १.१ को राजस्व तथा अन्य प्राप्ति संकलनको विवरण अनुसार यो आर्थिक वर्षमा ७८.७६ र गत आर्थिक वर्षमा ८७.४ प्रतिशत मात्र अनुमानको तुलनामा यथार्थ प्राप्ति भएको देखिन्छ ।

| संकेत | शीर्षक | चालु आ.ब. | | गत आ.ब. | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ प्राप्ति | अनुमान | यथार्थ प्राप्ति |
| ११००० | कर | ८४,५८,३४,८००.०० | ६८,०३,३४,५९०.३५ | ६६,४७,८२,०००.०० | ५३,०८,०५,२१९.८३ |
| १४००० | अन्य राजस्व | ३१,४१,२०,०००.०० | २३,२२,४७,६६८.०३ | २०,९१,२०,०००.०० | २३,१०,८७,८३१.६५ |
| १५००० | विविध प्राप्ति | ०.०० | ९,५८,२०५.०० | १,००,०००.०० | १९,६६,४७०.०० |
| जम्मा | | १,१५,९९,५४,८००.०० | ९१,३५,४०,४६३.३८ | ८७,४०,०२,०००.०० | ७६,३८,५९,५२१.४८ |

**लेखा टिप्पणी** - स्थानीय तहको आर्थिक कारोवारको लेखा व्यवस्थापन प्रणाली सुत्र अनुसारको टिप्पणी ११ मा जिन्सी तथा सम्पत्ति र टिप्पणी १७ लेखापरीक्षणबाट कायम भएको बेरुजु सम्बन्धमा उल्लेख छ । पालिकाले सुत्र प्रणालीमा जिन्सी तथा सम्पत्तिको एकीकृत अभिलेख नराखेको र आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणवाट कायम बेरुजु सम्वन्धमा अद्यावधिक बेरुजु र सम्परीक्षण सहितको लगत र लगत कट्टा सम्वन्धमा कुनै पनि अभिलेख राखेको छैन । सुत्र प्रणालीमा जिन्सी तथा सम्पत्ति र बेरुजु सम्बन्धी अभिलेख अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

## २.५ बैंक हिसाब मिलान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाको सुत्र अनुसारको प्रतिवेदन २७० को टिप्पणी ६.३ अनुसार श्रेस्ता तथा बैंकमा निम्नानुसार फरक परेको देखिन्छ ।

| टिप्पणी ६.३ श्रेस्ता तथा बैक मौज्दातको विवरण | | |
|---|---|---|
| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
| ग २.७, विविध खर्च खाता | ९४,११,०४८.२५ | ९४,११,०४८.२५ |
| ग ३.१, स्धानीय तह धरौटी खाता | ६,५३,८३,८८३.५० | ६,५३,८३,८८३.५० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ९,८३,४२,९९२.२८ | १०,१५,०३,८५३.३४ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | २,६९,१९,५२०.७३ | २,६९,१९,५२०.७३ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८४,८१,२७३.६८ | ८४,८१,२७३.६८ |
| जम्मा | २०,८५,३८,७१८.४४ | २१,१६,९९,५७९.५० |

उल्लेखित तालिका अनुसार आर्थिक वर्षको अन्तमा श्रेस्ताअनुसार रू.२०,८५,३८,७१८.४४ बाँकी रहेकोमा बैंकमा जम्मा रू.२१,१६,९९,५७९.५० मौज्दात देखाएको छ । यसरी श्रेस्ता भन्दा बैंकमा मौज्दात बढी देखिएको रू.३१६०८६१.०६ का सम्बन्धमा पालिकाले यकिन गरी श्रेस्तामा आम्दानी बाँध्नुपर्दछ ।

## २.६ नगद र बैक मौज्दात

यस पालिका अन्तर्गत यो वर्षको अन्तमा सुत्रको टिप्पणी नं ६.२ मा निम्नानुसार बैंक तथा नगद बाँकी देखिन्छ ।

| | चालु आ व | | गत आ व | |
|---|---|---|---|---|
| कोष खाता | गत बर्षको मौज्दात रकम | मौज्दात रकम | गत बर्षको मौज्दात रकम | मौज्दात रकम |
| स्थानीय तह सञ्चित कोष खाता | ९३१९३०४३.९६ | ९८३४२९९२.२८ | २६६५७३५४६.८८ | ९३१७१६४३.९६ |
| स्धानीय तह धरौटी खाता | ७३६०५८२३.९८ | ६५३८३८८३.५ | ७४६४८११९.६९ | ७२६०५०८१.९८ |
| चालू खर्च खाता- विजोर वर्ष | ० | ० | ० | २१,४००.०० |
| चालू खर्च खाता- जोर वर्ष | ० | -१५४८८०. | ० | ० |
| पुँजीगत खर्च खाता- जोर वर्ष | ० | १९७०८९३. | ० | ० |
| विविध खर्च खाता | ७९३७५६०.४५ | ९४११०४८.२५ | ० | ७९३७५६०.४५ |
| स्थानीय तह विविध कोष खाता | १७१५९२४०.२७ | २६९२३३४१.७३ | २०७१०५२२.२७ | १७१५९२४०.२७ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १०२४२५२९.६८ | ८५५९८९५.६८ | १०२७६०२२.६८ | १०२४२५२९.६८ |
| जम्मा | २०२१३८१९८.३४ | २१०४३७१७४.४४ | ३७२२०८२११.५२ | २०११३७४५६.३४ |

• पालिकाले टिप्पणी ६.२ को नगद र बैक मौज्दातमा गत आ व मा २०,११,३७,४५६.३४ मौज्दात रहेकोमा चालु आ व मा रु.२०,२१,३८,१९८.३४ मौज्दात सारेको विवरण पेश गरेको छ । गत आ व को भन्दा रु.१,१०,००,७४२ मौज्दात बढी सारेको सम्बन्धमा पालिकाले हिसाब मिलान गर्नुपर्दछ ।

• पालिकाको सुत्र अनुसारको प्रतिवेदनमा टिप्पणी नं ६.२ मा रु.२१,०४,३७,१७४.४४ र टिप्पणी नं ६.३ मा रु.२०,८५,३८,७१८.४४ मौज्दात देखिएकोमा रु.१८९८४५६ फरक देखिन्छ । यस सम्वन्धमा सुत्र अनुसारको प्रतिवेदनमा पालिकाले हिसाव यकिन गर्नुपर्दछ ।

## २.७ कोषहरुको प्राप्ति, भुक्तानी र बाँकीको विवरण-

सुत्रको टिप्पणी ५ मा पालिकाले प्राप्त तथा भुक्तानी गरेको धरौटी तथा सञ्चालन गरेका कोषहरुबाट भएको प्राप्ति तथा भुक्तानी देहाय अनुसार छ :

| कोष हिसाबको नाम | चालु आ व | | गत आ व | |
|---|---|---|---|---|
| | शुरु मौज्दात | बाँकी | शुरु मौज्दात | बाँकी |
| स्थानीय तह धरौटी खाता | ७३६०५८२३.९८ | ६५३८३८८३.५ | ७४६४८११९.६९ | ७२६०५०८१.९८ |
| विविध खर्च खाता | ७९३७५६०.४५ | ९४११०४८.२५ | ० | ७९३७५६०.४५ |
| स्थानीय तह विविध कोष खाता | १७१५९२४०.२७ | २६९२३३४१.७३ | २०७१०५२२.२७ | १७१५९२४०.२७ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १०२४२५२९.६८ | ८५५९८९५.६८ | १०२७६०२२.६८ | १०२४२५२९.६८ |
| जम्मा | १०८९४५१५४.३८ | ११०२७८१६९.१६ | १०५६३४६६४.६४ | १०७९४४४१२.३८ |

पालिकाले सुत्र अनुसारको गत वर्ष रु. १०,७९,४४,४१२.३८ बाँकी रहेकोमा चालु आ. व. मा १०,८९,४५,१५४.३८ मौज्दात जिम्मेवारी सारेको छ । यसरी रु.१०००७४२ बढी जिम्मेवारी सार्नुको कारण खुलाएको छैन ।

## २.८ राजस्व तथा अन्य प्राप्ति अवस्था

पालिकाले सुत्र प्रणालीको टिप्पणी नं १.१ को राजस्व तथा अन्य प्राप्ति संकलनको विवरण अनुसार गत वर्ष कुल जम्मा रु.८७,४०,०२,०००.०० अनुमान गरेकोमा जम्मा रु.७६,३८,५९,५२१.४८ मात्र यथार्थ प्राप्ति अर्थात अनुमान भन्दा रु.११,०१,४२,४७९.०० घटी (१२.६ प्रतिशत घटी) प्राप्त भएको देखिएको र चालु आ. व. मा पनि रु.१,१५,९९,५४,८०० अनुमान गरेकोमा जम्मा रु.९१,३५,४०,४६३.३८ मात्र प्राप्त भएको अर्थात रु.२४,६४,१४,३३७.०० घटी (२१.२४ प्रतिशत घटी ) संकलन भएको स्थिति छ । राजस्व आय तथा अन्य संकलन स्थिति अनुमानयोग्य र यथार्थपरक बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

| टिप्पणी १.१ राजस्व तथा अन्य प्राप्ति संकलनको विवरण | | | | | |
|---|---|---|---|---|---|
| संकेत | शीर्षक | चालु आ.ब. | | गत आ.ब. | |
| | | अनुमान | यथार्थ प्राप्ति | अनुमान | यथार्थ प्राप्ति |
| ११००० | कर | ८४,५८,३४,८००.०० | ६८,०३,३४,५९०.३५ | ६६,४७,८२,०००.०० | ५३,०८,०५,२१९.८३ |
| १४००० | अन्य राजस्व | ३१,४१,२०,०००.०० | २३,२२,४७,६६८.०३ | २०,९१,२०,०००.०० | २३,१०,८७,८३१.६५ |
| १५००० | विविध प्राप्ति | ०.०० | ९,५८,२०५.०० | १,००,०००.०० | १९,६६,४७०.०० |
| जम्मा | | १,१५,९९,५४,८०० | ९१,३५,४०,४६३ | ८७,४०,०२,००० | ७६,३८,५९,५२१.४८ |

## २.९ कर दायित्व राजस्व दाखिला

आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानीमा कर कट्टी गर्नुपर्ने र दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ। तर पालिकाले विभिन्न शीर्षकतर्फ कट्टी गरेको कर मध्ये वर्षान्तसम्म विभिन्न भुक्तानीहरुमा कट्टी गरी दाखिला बाँकी रहेको कर दायित्व आ व २०८१।८२ को यकिन भई सकेको कर तथा कट्टा गरेको दायित्व रकम रु.२३,००,६९७.०० लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको नदेखिएकोले उक्त रकम सम्बन्धित खातामा दाखिला हुनुपर्ने देखिएकोमा केही रिभर्स भएका भौचरहरुको खर्च रहेको पालिकाले जनाएको छ । रिभर्स भएका र वित्तीय प्रतिवेदन अनुसार कर दायित्व दाखिला गर्न बाँकी रकमको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,००,६९७ |

## ३ आन्तरिक नियन्त्रण

### ३.१ आन्तरिक नियन्त्रण प्रणाली-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्ने, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको तर पूर्ण रुपमा लागु गरेको पाईएन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार नगरेको,
• वागमती प्रदेशको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ८ मा कार्य विवरण लागु गर्नुपर्ने उल्लेख भएकोमा तोकिएको ढाँचामा कार्य विवरण तयार गरी प्रदेश किताबखानामा पठाउनुपर्नेमा नपठाएको,

• पालिकाले २०८१।८२ को अवधिमा भएको आफ्नो आर्थिक कारोबारको अनुसूची २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराख्नुका साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार नगरेको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंकको स्थापना नगरेको,

• पालिकाले कन्टिन्जेन्सी खाता नराखेको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराउँदा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• पालिकाले cross section बेगर ग्रावेल गर्दा खाल्डा खुल्डि तथा सतहमा लाग्ने परिमाण, ग्रावेलको मोटाई उचाई सहितको लेभलिङ सहितको स्पेशिफिकेशन सहित लागत अनुमान नगरी सिधै नापी किताबमा चढाएको परिमाणलाई नै भुक्तानी गर्ने गरेको ।

• पालिकाले अधिकांश पहिरो सडक सरसफाईमा निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत पटके रुपमा काम गराएको पाईएकोले विपत् व्यवस्थापन शिर्षक अन्तर्गत वजेट विनियोजन गरी विपतग्रस्त स्थानको प्राविधिक लागत अनुमान समेतको मुल्यांकन गरी बजेट व्यवस्थापन गरी खर्च गर्नुपर्नेमा सो नगरेको,

• पालिकाबाट सम्पन्न भएका योजनाहरुको पालिका स्तरीय अनुगमन समितिले अनुगमन गरेकोमा कतिपय योजनामा अनुगमन समिति संयोजक एवं वडाका जनप्रतिनिधिले अनुगमन गरी हस्ताक्षर नगरेको साथै कतिपय अनुगमन प्रतिवेदनमा योजनाको नाम, अनुगमनबाट देखिएका व्यहोरा समेत उल्लेख नगरी दस्तखत मात्र समेत गरेको,

• सोझै खरिद गर्दा पेश गरेका कोटेशन दर्ता हुने नगरेको,

• सवारी साधन मर्मत र ईन्धन खर्चको कुपन तथा बीजकमा सवारी साधन नम्बर उल्लेख नगरेको, लगवुक अद्यावधिक नभएको

• पालिकाले तलब भत्ता भुक्तानी गर्दा एउटै प्रकृतिमा तलब भत्ता भुक्तानी हुने कर्मचारीको समेत फरक फरक तलबी पेरोल वनाउँदा तलब भत्ता खर्च यकिन हुन नसकेको,

•कार्यालय सञ्चालन लगायत अन्य खरिद समेतको लागि कर्मचारीलाई पेस्की दिने गरेको,

• नवीकरण शुल्क समयमा बुझाई छुट समेत लिनुपर्नेमा ढिलो वुझाउँदा जरिवाना सहित खर्च लेख्ने गरेको,

• वडा समितिको माईन्युटमा एकै प्रकृतिका र उस्तै निर्णयमा पटक पटक बैठक बसी भत्ता बुझेको तथा नियमावलीमा व्यवस्था भएभन्दा बढी आमन्त्रित सदस्य राखी भत्ता भुक्तानी गर्ने गरेको,

• बागमती प्रदेश स्थानीय तहका पदाधिकारीको सेवा सुविधा सम्बन्धी ऐन, २०७५ मा वडा अध्यक्ष लगायतका पदाधिकारीलाई तोकिएअनुसार यातायात सुविधा वापतको रकम नगर कार्यपालिका कार्यालयबाट भुक्तानी हुने गरेकोमा वडा कार्यालयबाट समेत थप ईन्धन र अन्य विभिन्न शीर्षकबाट ईन्धन लिने गरेको,

• कर्मचारी दस्तखत नमुना फारम, भ्रमण अभिलेख खाता, भुक्तानी कारोबारको सिफारिस पत्र, डाटा ब्यकअप प्रमाणिकरण फारम, बैंक ग्यारेन्टी अभिलेख खाता, नापी किताव नियन्त्रण खाता, आयोजना सक्रिय हुनु अघि र अबधि समाप्ती पश्चातको खर्चको पुष्ट्याई लगायतका महालेखा परीक्षकबाट स्वीकृत मलेप फारमहरु प्रयोग नगरेको,

• पेश्की माथि पेश्की दिने गरेको

• गोश्वारा भौचर सिलसिलेवार नभएको

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## ३.२ लेखापरीक्षण प्रतिवेदन उपर छलफल

लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नुपर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित बेहोराहरुमा दफावार छलफल गर्नुपर्दछ । नगरपालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदनका व्यहोरा उपर लेखा समिति तथा सभामा छलफल गरी निर्णय गरेकोमा यस वर्ष समेत सभामा छलफल गरी सुधार गर्ने प्रतिवद्धता जनाएका कैफियतहरु दोहोरीएकोमा सभाको निर्णय लागु नगर्ने प्रमुख प्रशासकिय अधिकृत सहितका खर्च लेख्ने अधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ । कानुन बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कायम बेरुजु फर्छयौटको कार्वाही टुङ्गो लगाई कानुनको पालना तथा स्थानीय तहको व्यवस्थापकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ।

## ३.३ सेवा प्रवाहको अभिलेख

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ । सो अनुसार नगरपालिका र ९ वडाहरुबाट सम्पादन भएको सेवा प्रवाहको अभिलेख राखी एकीकृत अभिलेख तयार गर्नुपर्नेमा नगरपालिकाले सो अभिलेख राखेको देखिएन। ऐनले तोकेका क्षेत्रगत सेवा प्रवाहको वडागत समेतको विवरण माग गरेकोमा अभिलेख अद्यावधिक गर्ने नगरेको मौखिक जवाफ दिएकोले सेवा प्रवाहको तथ्यगत प्रगति विश्लेषण गर्न सकिएन । पञ्जीकरणतर्फ, पूर्वाधार विकास, सडक निर्माण, स्वीकृत घर जग्गा नक्सा पास, अभिलेख सिफारिस लगायत पालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका सेवा प्रवाहको हालसम्मको अद्यावधिक आँकडा सहित पालिकाले सेवा प्रवाहको एकीकृत अभिलेख समेत तयार नगरेकोले सेवा प्रवाहको सम्बन्धमा विश्लेषण गर्न सकिएन। नगरपालिकाले सेवाप्रवाहको अभिलेख अनिवार्य रुपमा अद्यावधिक गरी सेवा प्रवाहलाई चुस्त,दुरूस्त एवं प्रभावकारी बनाउनुपर्दछ ।

## ३.४ सूचनाको हक

सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम नगारिकको सूचनाको हकको संरक्षण र प्रवर्धनको लागि कार्यालयसँग माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख राख्नुपर्ने, तीन तीन महिनामा स्वतः प्रकाशन गर्नुपर्ने, वेभ साइट नियमित रुपमा अद्यावधिक गर्नुपर्ने, सूचनाको वर्गीकरण र अद्यावधिक गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले स्वतः प्रकाशन नगरेको, सुचनाको वर्गीकरण एवं माग गरिएको सूचना उपलब्ध गराएको सूचनाको विवरणको छुट्टै अभिलेख अद्यावधिक गरेको र समय समयमा वेभसाइट अद्यावधिक गरेको पाइएन। पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

## ३.५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

## ३.६ दिगो विकास योजना

संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वयन गर्न नेपालले १६ वटा बुँदामा प्रतिबद्धता व्यक्त गरी लक्ष्यको स्थानीयकरण र आन्तरिकीकरण गरेको छ । पूर्वाधार, कृषि, पशु, उर्जा, समाज कल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका विषयहरुका कार्य जिम्मेवारी संघीयता सँगै स्थानीय स्तरमा हस्तान्तरण भैसकेको छैन । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले सूचक निर्धारण गर्ने, तथ्याङ्क तयार गर्ने, प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन । दिगो विकासको लक्ष्य अनुरुप खण्डीकृत तथ्याङ्क तयार गरी कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखि दिगो विकासको राष्ट्रिय सूचक हासिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो विकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागु गरी अभिलेख र सूचना प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

## ३.७ खरिद योजना तथा गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने, नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना

बनाउनुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न शीर्षक अन्तर्गत सुत्रवाट कारोवार हुने मात्र वार्षिक रू.७१,८५,९२,३९७ पुँजीगत खर्च/ खरिद निर्माण कार्य गरेको छ । नगरपालिकाले ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

### ३.८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, सम्झौता रकम, भुक्तानी भएको रकम, कार्य सम्पादन जमानत, पेश्की जमानतको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन, पेश्कीको विवरण लगायतको जानकारी उपलब्ध हुन्छ । नगरपालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

### ४.१ बजेट तथा कार्यक्रम तर्जुमा:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

### ४.२ बजेट सीमा निर्धारण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू बैशाख १० गते भित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको बैठक वर्षभरिमा २ पटक बसे तापनी प्रभावकारी छलफल तथा निर्णय नभएकोले योजना कार्यान्वयन तथा भुक्तानीका वखत अन्य योजना तथा शीर्षकवाट सापटी लिई भुक्तानी गर्ने गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **नीति तथा कार्यक्रमको कार्यान्वयनः** नगरपालिकाले स्वीकृत गरेको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नुपदछ । पालिकाले यस वर्षको नीति तथा कार्यक्रम पारित गरेकोमा निम्नानुसार नीतिलाई कार्यान्वयन गर्ने बजेट व्यवस्था नगरेको र बजेट व्यवस्थापन भएकोमा समेत कार्यान्वयन नभएको पाइयो । नगरपालिकाले कार्यान्वयन योग्य कार्यक्रमहरु मात्र नीति तथा कार्यक्रममा समावेश गर्ने र घोषणा भएका नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । कार्यान्वयन हुन नसकेका केही नीतिकार्यक्रम निम्न छन्;

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था |
|---|---|
| नगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन स्वीकत गरी गराई सोहीअनुसार व्यवस्थापन गरिदै लगिनेछ । नगरपालिकाभित्रका उत्कृष्ट सामाजिक संघ-संस्था समा करदाता, पत्रकारिता, साहित्य सङ्गीत, साना घरेलु तथा लघु उद्योगहरू उपभोक्ता कृषक कर्मचारी, शिक्षकजस्ता क्षेत्रहरूलाई सम्मान तथा पुरस्कारसहित उत्प्रेरणामुलक नीति अवलम्बन गरिने छ। | कार्यान्वयन नभएको |
| भष्टाचारविरुद्ध शून्य सहनशीलताको नीति लिईनेछ साथै सेवा प्रवाह र सुशासनका सोधपछ केन्द्र (Call Centre) स्थापना र सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ | कार्यान्वयन नभएको |
| नेपाल सरकार र स्थानीय तहका नाममा रहेका जग्गा जमिन, भवन, सवारी साधन लागयतका भौतिक सम्पत्तिको एकीकृत विवरणलाई अभिलेखीकरण तथा संरक्षण गरिनेछ । सार्वजनिक एवं सरकारी जग्गाको पहिचान गरी सीमाङ्कन र संरक्षण गरिनेछ । | कार्यान्वयन नभएको |
| विद्यालयहरूको शैक्षिक गुरुयोजना निर्माण गरिनेछ । एक वडा एक सामुदायिक सिकाई केन्द्र" स्थापना तथा सामुदायिक विद्यालयहरूमा ई–पुस्तकालय सञ्चालनका साथै अनुशासित एवं बफादार युवा जनशक्ति उत्पादनका लागि नगर स्काउट प्रवद्र्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ । | कार्यान्वयन नभएको |
| उच्च शिक्षाका लागि विदेशिने प्रवृत्ति अन्त्य गर्न चागुनारायण वहमुखी क्याम्पस स्थापनाको * नागि विस्तृत परियोजना प्रतिवेदन तयार भईसकेकोले सञ्चालनका लागि वहवषीय योजना कार्यान्वयन गरिनेछ | कार्यान्वयन नभएको |
| घर दैलो नर्सिङ सेवालाई थप प्रभावकारी बनाईनेछ | कार्यान्वयन नभएको |
| यस नगरपालिकाका ४० देखि ६० वर्षसम्मका सम्पूर्ण महिलाहरुको निःशल्नक स्तन क्यान्सर पहिचानका लागि स्वामो व्यवस्था मिलाईनेछ । | कार्यान्वयन नभएको |
| पालिकामा ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई निमोनिया विरुद्धको खोप दिने व्यवस्था मिलाईनेछ । नगर तथा वडामा बाल मैत्री सिकाई केन्द्र तथा बाल उद्यानको विकास विस्तारमा जोड दिइने छ। | कार्यान्वयन नभएको |
| टोल विकास संस्था, खानेपानी तथा सरसफाई उपभोक्ता समिति एवं अन्य म संघ-संस्थाहरूको दर्ता सूचीकरण नियमन एवं अभिलेख व्यवस्थापन गरिनेछ । | कार्यान्वयन नभएको |
| उत्पादित कृषि उपजको विकीका लागि पेडिद, प्याकेजिङ गर्दै बोक बजारसँगको सहकार्यमा बजार व्यवस्थापन गर्ने नीति लिईनेछ। किसान सूचीकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ । | कार्यान्वयन नभएको |
| सामुदायिक वनमा आधारित Agroforestry कार्यक्रम सञ्चालन गर्न सम्बद्ध निकायसँग समन्वय र सहकार्य गरिनेछ । | कार्यान्वयन नभएको |
| करका दायरा विस्तार गर्न आवश्यक अध्ययन, अनुसन्धान गर्दै नयाँ करका क्षेत्रहरूको पहिचान गरी करको दायरा बढाउने नीति अवलम्बन गरिनेछ । | कार्यान्वयन नभएको |
| सूचना प्रविधिको प्रयोगलाई बढाउँदै करदाताको एकीकृत तथ्याङ्क तयार गर्ने छिटो, सरल सेवामैत्री बनाई अधिकतम कर संकलन हुने वातावरण सिर्जना गरिनेछ । | कार्यान्वयन नभएको |
| करदाता शिक्षा तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ । | कार्यान्वयन नभएको |
| कर तिर्न प्रोत्साहनका लागि जनप्रतिनिधिहरूले समेत आफूले बुझाउनुपर्ने नियमानुसारको पहिलो त्रैमासिक अवधिभित्रै बुझाउने नीति अवलम्बन गरिनेछ । | कार्यान्वयन नभएको |
| नक्सापास प्रक्रियालाई वैज्ञानिक र आधुनिक प्रविधिमैत्री बनाउन -BPS मा परी मक्या किताबहटाई Paperless प्रणाली कार्यान्वयन गरिनेछ | कार्यान्वयन नभएको |
| सहकारी संस्थाहरुलाई उत्पादन मूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ । | कार्यान्वयन नभएको |

| | |
|---|---|
| पन्चवर्षीय रोजगार रणनीति र रोजगार संवाद मञ्चको कार्यान्वयन गरिनेछ। | कार्यान्वयन नभएको |
| वैदेशिक रोजगारीबाट फर्केकाहरूको पुनः एकीकरण, श्रम स्वीकृति र पुनःश्रम स्वीक्ति सहजीकरण गरिनेछ | कार्यान्वयन नभएको |
| साहसिक पर्यटन र पदमार्ग बिस्तार एवं निर्माणमा जोड दिईनेछ। | कार्यान्वयन नभएको |
| समुदायमा आधारित ग्रामीण तथा होमस्टे पर्यटनको विकास गर्दै ग्रामीण तथा शहरी अर्थतन्त्र मजबुत बनाईनेछ। | कार्यान्वयन नभएको |
| अति व्यस्त सार्वजनिक स्थलहरूमा चाँगुनारायणको सार्वजनिक निजी साझेदारी Public Private Partnership-PPP) मोडेल अनुसारको सार्वजनिक शौचालय सञ्चालन र व्यवस्थापन गरिनेछ। | कार्यान्वयन नभएको |
| नगरभित्रबाट निस्किएका फोहोरलाई वर्गीकरण गरी उच्च प्रविधि मार्फत नष्ट गरिने नीति लिईनेछ। | कार्यान्वयन नभएको |
| मेयर उद्यमशीलता विकास कार्यक्रमलाई निरन्तरता दिंदै तीनपाङ्ग्रे सवारी साधन र विद्युतीय सवारी साधन सञ्चालनको लागि आवश्यक कार्यविधि एवं कार्यक्रम लागू गरिनेछ। | कार्यान्वयन नभएको |
| उद्यमशील र व्यवसायी बन्न चाहने नगरवासीहरूको लागि निश्चित मापदण्डको आधारमा सहुलियतपूर्ण ऋण तथा उद्यम सञ्चालम् स्टार्ट अप बीउ पुँजी वा प्रविधि उपलब्ध गराईनेछ। | कार्यान्वयन नभएको |
| सहुलियतपूर्ण कर्जा प्रवाह गरिएका उयम, व्यवसायको अनुगमन, निरीक्षण कार्यलाई थप प्रभावकारी रुपमा निरन्तरता दिईनेछ। | कार्यान्वयन नभएको |

### ४.४ अबण्डा रकम

स्थानीय सरकार सञ्चालन, ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा राखी आय व्ययको अनुमान पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न अनुसारका कार्यक्रम तथा शीर्षकमा रु. ४ करोड ७८ लाख बजेट अबण्डा राखी रु.४ करोड ७५ लाख २१ हजार खर्च गरेको देखिएकोमा अन्य साना कार्यक्रम तथा खर्च शिर्षकहरुमा समेत खर्च गरेको पाइयो । बजेट अबण्डामा राखी पटके तोकादेशवाट बजेट खर्च गर्ने गर्दा आवश्यकता र प्राथमिकताको पहिचान नहुने, आवश्यक कार्यक्रमको छनोट हुन नसक्ने, उत्पादनमा वृद्धि हुने कार्यक्रमभन्दा वितरणमुखी कार्यक्रमको छनोट हुन गई स्रोतको दुरुपयोग समेत हुनसक्ने सम्भावना रहने हुँदा अबण्डामा बजेट व्यवस्था गरी खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| बजेट तथा कार्यक्रम शिर्षक | बजेट | खर्च रकम |
|---|---|---|
| उपमेयर लक्षित कार्यक्रम | ६८५०००० | ६८१३२४५ |
| कार्यक्रम खर्च | ७२००००० | ७०४८३७८ |
| मेयर फोरम कार्यक्रम | २४००००० | २३०९४१६ |
| उपमेयरसँग उद्यम कार्षक्रम | २७००००० | २७००००० |
| साना पूर्वाधार विकास कार्यक्रम | २००००००० | २००००००० |
| नगरकोट भ्रमण वर्ष पूर्वाधार निर्माण | ४८००००० | ४८००००० |
| अन्य सार्वजनिक निर्माण | ३८५०००० | ३८५०००० |
| उज्यालो चाँगुनारायण कार्यक्रम | ५०००००० | ४९,३३,८६५ |
| जम्मा | ४७८००००० | ४७५२१०३९ |

## ४.५ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा २.६.८ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पुँजीगत कार्यक्रमतर्फ निर्माणका योजनामा निम्नानुसार वडागत र पालिकास्तरका कुल ७५८ योजनामा वजेट विनियोजन गरेको छ।

| योजना | रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-५० लाख सम्म | ५०लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|
| वडा तथा न. पा. स्तरिय | ९ | ४३ | ४१७ | १६८ | १०१ | २० | ७५८ |

उपर्युक्त विवरणअनुसार ५ लाख भित्रका योजना ४६७ वटा अर्थात करिब ६१.८७ प्रतिशत रहेका छन् । उक्त योजनामा १ लाख देखि १५ करोड सम्मका ७५८ योजना कार्यान्वयनमा छन् । नगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालीन प्रतिफल प्राप्त नहुनुका साथै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ नगरपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ४.६ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार पालिकाले सभावाट स्वीकृत बजेटको अधिनमा रही बढीमा पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सकिने उल्लेख छ। पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा २०८१ आषाढमा आर्थिक वर्ष ०८१।८२ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी विभिन्न मितिको कार्यपालिका तथा सभाको पटके निर्णयवाट पालिकाले जम्मा ३१४ वटा योजनावाट ४२८ वटा योजनामा रु.५५,११,२६,५२९.५८ रकमान्तर गरेको छ ।उक्त रकम पारित सुरु बजेट रु.२,१२,७३,९३,५००.०० को २५.९१ प्रतिशत हुन आउँछ । कार्यपालिकावाट गरेका सम्पूर्ण निर्णयहरु आ. व. २०८२।८३ को बजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पूर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाइयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नहुने शीर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको मनासिब देखिएन ।पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

### ४.७ भुक्तानी बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत सभाबाट गत वर्षको विभिन्न योजनाको रु.१४,४३,०६,७३३ भुक्तानी बाँकी राखी आ. व. २०८१।८२ मा भुक्तानी गरेको जनाएको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गर्ने तथा केही सालवसाली ठेक्काका योजनाको रकम समेत भुक्तानी बाँकीको रुपमा राखेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वर्षेनि नगरपालिकालाई दायित्व थपिने क्रम बढ्दै गएको देखिन्छ । तलब भत्ता तथा खाना खाजा वापतको रकम चालु प्रकृतिका काममा पहिले नै यकिन हुने भएकोले यस प्रकारको भुक्तानी बाँकी राख्नु उपयुक्त होईन । यसमा पालिकाले खर्च नियन्त्रण गरी थप दायित्व सिर्जना नहुने गरी बजेट खर्च गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ । बार्षिक बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना नहुने गरी खर्च व्यवस्थापन गर्नु उपयुक्त देखिन्छ ।

## ५ न्यायिक समितिको कार्य सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४० र यो वर्ष थप भएको २० गरी कुल ६० विवाद दर्ता भएकोमा ४४ वटा फर्स्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## ६ खर्चको स्थिति

### ६.१ खर्च विश्लेषण

नगरपालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.२६६८४३४९८.०० राजस्व बाँडफाँड र अनुदानबाट रू. १४९११६३८९१.००,तथा अन्य विविध आय समेत रू.२०७२१३९९९२ आम्दानी भएकोमा चालुतर्फ रू७७०८१६२३५.००, पुँजीगततर्फ रू.७७०८१६२३५.००, तथा सामाजिक सुरक्षा कार्यक्रम समेतको वित्तीय व्यवस्थामा रू.३७५६२५८३०.०० गरी कुल रु.१८८६५६०४५३.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.१५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१३६१९०२९.०० खर्च भएको छ जुन आन्तरिक आयको ५.१ प्रतिशत रहेको छ । यस बाहेक नगरपालिका तथा वडा कार्यालयवाट ईन्धन सहितका पटके सुविधा वापत थप भुक्तानी भएको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँट समेतको आम्दानी रकमबाट चालुतर्फ ४१ प्रतिशत, पुँजीगत निर्माणमा ३९ प्रतिशत र फिर्ता तथा सामाजिक सुरक्षा अनुदान समेतको वित्तीय व्यवस्थामा २० प्रतिशत खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च बजेट व्यवस्था एवं खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। चालु शीर्षक अन्तर्गतको प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

### ६.२ वार्षिक खर्च स्थिति -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसूची २ बमोजिम प्रगति विवरण वनाई पेश गर्नुपर्ने र कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने

व्यवस्था छ। नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रतर्फको खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | ७७०८१६२३५.६४ | १२८५३१०६५.०८ | १७००९१०५४.२ | २१३८७२३७१.६१ | २५८३४४९९४.७५ | १४६३९२५४९.६९ |
| पुँजीगत खर्चतर्फ | ७४०११८३८८.४ | २३६२३३१३. | ३३६०४५३०. | २२१६१०४५०.७९ | ४६१२८००९४.६१ | २८२३३८८३१.५ |
| जम्मा | १५११०९३४६२४.०४ | १५२१५४३७८.०८ | २०३६९५५८४.२ | ४३५४५९५७२.४ | ७१९६२५०८९.३६ | ४२८७३१३८१.१९ |
| प्रतिशत | ७१.०२ | ७.१५ | ९.५७ | २०.४६ | ३३.८२ | २०.१५ |

नगरपालिकाको कुल खर्च रू.१,५१,०९,३४,६२४.०४ भएकोमा प्रथम त्रैमासिकमा रू१५,२१,५४,३७८.०८ (७.१५ प्रतिशत), दोस्रो त्रैमासिकमा रू.२०,३६,९५,५८४.२० (९.५७ प्रतिशत), तेस्रो त्रैमासिकमा रू.४३,५४,५९,५७२.४० (२०.४६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७१,९६,२५,०८९.३६ (३३.८२ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.४२,८७,३१,३८१.१९ (२०.१५ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

## ६.३ क्षेत्रगत बजेट तथा खर्च

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । नगरपालिकाको सुत्रतर्फको क्षेत्रगत रूपमा कुल बजेट रु.२१२७३९३५०० बजेट मध्ये खर्च रु.१५११०९३४६२४.०४ अर्थात् समग्र रूपमा बजेटको ७१.०२ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलना |
| १ | आर्थिक विकास | ७,००,१५,०००.०० | ५,०५,७७,५५२.२५ | ३ |
| २ | पूर्वाधार विकास | १,००,३८,५७,३४५.०० | ६२,१२,५६,८८०.९० | ४१ |
| ३ | सामाजिक विकास | ६७,९१,१८,३२८.०० | ५२,५६,११,२७१.५८ | ३५ |
| ४ | बातावरण तथा विकास | | | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २,६५,८९,०००.०० | १,९०,३८,७८०.३० | १ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ३४,७८,१३,८२७.०० | २९,४४,५०,१३९.०१ | २० |
| | | २१२७३९३५००. | १५११०९३४६२४.०४ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकासमा सबैभन्दा बढी ४१ प्रतिशत र बातावरण तथा विकास क्षेत्रमा खर्च वर्गीकरण नभएको तथा संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी अर्थात् १ प्रतिशत भन्दा न्यून रहेको छ । पालिकाले प्राथमिकता तोकेको आर्थिक विकास तर्फ १ प्रतिशत तथा सामाजिक विकासतर्फ ३५ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । खर्च गर्दा आवश्यकताको आधारमा सबै क्षेत्रमा प्राथमिकताका आधारमा समानुपातिक ढंगबाट खर्च गर्नु उपयुक्त देखिन्छ ।

## ७ पूर्वाधार योजनाहरूको लक्ष्य-प्रगति स्थिति

आर्थिक कार्यविधि तथा कार्यविधि नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम तय गर्ने प्रत्येक कार्यालयले नियमावलीले तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने उल्लेख छ । कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन ।

## ८ चौमासिक विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाब पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु उल्लेखित निकायहरुमा पठाउनु पर्दछ ।

## ९ कर्मचारी व्यवस्थापन

### ९.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले २०८१।३।१० मा १६७ जना स्थायी र ६२ करार समेत २२९ जनाको दरबन्दी हने गरी ओ एण्ड एम स्वीकृत गरेतापनि प्रदेश किताबखानामा पद दर्ता गरेको पाईएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६७ स्थायी दरबन्दी स्वीकृत रहेकोमा आषाढ मसान्तसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १६५ जना पदपूर्ति भएको देखिन्छ । पालिकामा दरबन्दी बाहिरको पशु विकास अधिकृत स्थायी १ जना कर्मचारीलाई वार्षिक पारिश्रमिक वापत रू.५८८३६५ भुक्तानी भएको देखिन्छ ।

### ९.२ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका सहायक तहका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । त्यस्तै बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने र तोकिएको अवधिभित्र पदपूर्तिको लागि माग नगरी ज्यालादारी वा करारमा नियुक्ति गरेमा उक्त तलब भत्ता वापतको खर्च रकम नियुक्त गर्ने कर्मचारी वा पदाधिकारीवाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ । नगरपालिकाले समायोजन ऐन २०७४ को अधिनमा रही कर्मचारी समायोजन नभएसम्मको लागि स्थानीय तहमा सेवा प्रवाह सम्वन्धी व्यवस्था, २०७४ को अधिनमा रही स्वीकृत दरबन्दी भित्रका पद रिक्त भएमा मात्र करारमा कर्मचारी राख्न पाउने व्यवस्थालाई समेत कर्मचारी समायोजन भएपश्चात् र ओ एण्ड एम स्वीकृत भएपश्चात् पनि सोही आधारमा भर्ना गरेको तथा केही पद लोक सेवा आयोगमा माग समेत नपठाएको पाईयो । नगरपालिकाले विभिन्न पदमा करारमा ११२ जना कर्मचारी भर्ना गरी रू.५,५१,६४,१२४.१२ खर्च लेखेको छ । पालिकाले स्वीकृत दरबन्दीमा स्थायी कर्मचारी पदपूर्ति हुने व्यवस्था गर्नुपर्दछ।

## १० जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, मूल्य नखुलेको सामग्रीको मूल्य खुलाउनु पर्ने व्यवस्था रहेका छन् । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ

२०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएको व्यहोरा निम्नानुसार छः

१०.१ • जिन्सी निरीक्षण गरी प्रतिवेदनमा कम्प्युटर, प्रिन्टर, स्टिल दराज, स्क्यानर लगायतका जिन्सी मर्मत, लिलाम विक्रि गर्नुपर्ने उल्लेख भएकोमा सो प्रतिवेदनको कार्यान्यिन गरेको पाइएन।

• पाम्स अनुसार २०८१।८२ को खर्च भएर नजाने जिन्सी मालसमानको विवरणमा एम्बुलेन्स १, मोटरसाइकल ६, जिप २ लगायतको मूल्य नखुलेको देखिएकोले मूल्य खुलाई स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

• नगरपालिकाले जिन्सी सहायक खातामा अभिलेख अद्यावधिक गरेको नपाइएकोले अभिलेख अद्यावधिक गर्नुपर्दछ।

• पालिकाले इन्धन, मर्मत खर्च लेख्दा पाम्स प्रयोग गरेको पाइएन।

१०.२ जिन्सी खातामा सार्नुपर्ने

✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४९,७७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

१०.३ नगरपालिकाको २०८१।८२ को खर्च भएर जाने जिन्सी सम्पत्तिको विवरणमा निम्नानुसार खर्च भएर नजाने जिन्सी सामग्रीको मौज्दात बाँकी देखिएकोले उक्त सम्पत्ति खर्च भएर नजाने जिन्सी खातामा अभिलेख प्रविष्टि गरेको प्रमाण पेश हुनुपर्ने रु.

| सामग्रीको विवरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|
| ई हाजिरी | १९ | ६७६३०५ | |
| सफ्टवेयर इस्टलेशन | ७ | ३७८९६०.९८ | जिल्ला जनस्वास्थ्य कार्यालयबाट हस्तान्तर भई आएको |
| माइक्रोस्कोप | १ | ३१०७५ | |
| कम्प्युटर टेबल | १ | १४१२५ | |
| खाट | ४ | १३५६०० | |
| चियर | ४ | ७४५८० | |
| वित्त चित्र | १ | ४९४९४० | नगरपालिकाको सांस्कृतिक, आर्थिक, ऐतिहासिक पुर्वाधार सम्बन्धी वित्त चित्र |
| | | १८०५५८६ | |

| प्रमाण पेश नगरेको | १८,०५,५८६ |
|---|---|

## ११ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले विविध खर्च तथा विभिन्न समयमा अतिथि सत्कारमा खाजा खाना, चिया, नास्ता, जुस, लगायतमा भुक्तानीका लागि रू.७९,४०,९५१.०० खर्च गरेको देखियो । कतिपय खर्चको भौचरमा खर्च पुष्ट्याँई गर्ने माईन्यूट, आगन्तुक उपस्थिति र कार्यक्रमका सहभागी हाजिरी संलग्न गरेको पाईएन । पालिकाको आन्तरिक आम्दानी रु.२६,६८,४३,४९८.०० भएको अवस्थामा आम्दानीको करीब ३ प्रतिशत विविध शीर्षकमा खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ । केही उदाहरण यस प्रकार छन ।

| भौ नं | आपूर्तिकर्ता | बील थान | भुक्तानी रकम रु. |
|---|---|---|---|
| ११४/२०८१।७।७ | युनिसा खाजा पसल | १६ | ४५७१६ |
| ७६/२०८१।६।२ | युनिसा खाजा पसल | २७ | ३४९५८४ |
| ७९३/२०८१।१०।१८ | युनिसा खाजा पसल | ४७ | २६९५९९ |
| १०५४/२०८१।१२।६ | युनिसा खाजा पसल | ६३ | २३५५३२ |
| १८९१।३।२२ | युनिसा खाजा पसल | ४३ | २२२८७९ |
| १९६४।३।२३ | प्रेम दरबार होटल | १ | ७५३७१ |

१२ **वितरण प्रकृतिका संस्थागत आर्थिक सहायता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा योजना तथा कार्यक्रमहरुको प्राथमिकता उल्लेख गरिएको छ । स्थानीय तहले पुँजी सृजना हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिई वितरणमुखी र उपयोगिता नदिने प्रकृतिका खर्चहरुलाई न्यूनीकरण गर्नु पर्दछ। पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई नियन्त्रण गर्नुपर्नेमा विभिन्न संघ संस्था, समूह, क्लब लगायतलाई मेला महोत्सव जस्ता कार्यक्रम र प्रस्तावको आधारमा नगरपालिकाले अन्य संस्था सहायता बजेट शीर्षकवाट रु.५४५०००० बजेट विनियोजन गरी ६० वटा संस्थालाई रु.५४,४५,००० आर्थिक सहायता उपलब्ध गराएको छ । यस्ता संस्था वा समूहलाई महोत्सव, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानुनी व्यववस्था समेत छैन । यस्ता खर्चहरु न्यूनीकरण गर्दै जानु पर्दछ।

| गो भौ नं | संस्था | सहायता रकम |
|---|---|---|
| ८५०।११।२ | भक्तपुर च्याम्वर अफ कमर्स | ३५००० |
| २८६।७।६ | जहरसिंह पौवा युथ क्लव | १००००० |
| २९०।७।६ | परिस्कृत नेपाल | १५०००० |
| १५१८।२।२७ | भक्तपुर जिल्ला खेलकुद विकास समिति | ८९७३९ |

१३ **सहकारी अनुगमन, नियमन तथा सञ्चालन स्थिति**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनुपर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गतेभित्र एकीकृत सुचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिकामा जम्मा ६३ वटा सहकारी संस्था रहेको जनाएकोमा सो मध्ये ७१ को आंशिक विवरण पेश भएको र ३ वटा निष्कृय रहेका छन् । नगरपालिकाभित्रका सहकारी संस्थाहरुले एकीकृत सुचना व्यवस्थापन प्रणालीवाट विवरण दाखिला गरेका छैनन । आर्थिक विवरण वुझाएका सहकारीको हकमा पनि उद्देश्य अनुरुप कारोवार भए नभएको, लगानी सुरक्षित रहे नरहेको, जोखिम कोषको प्रयाप्त व्यवस्था भए नभएको, लगानीको तालिका अनुरुप साँवा व्याज असुल भए नभएको जस्ता वित्तीय विवरण विश्लेषण गरी सहकारी संचालनका क्रममा नियमनको लागी चाल्नुपर्ने प्रर्वधनात्मक, निदानात्मक कदम समेत अवलम्वन गर्न सकेको देखिदैन । सहकारीको विस्तृत प्रतिवेदन पेश नभएकोले सहकारी सञ्चालनको अवस्थावारे अध्ययन गर्न सकिएन । पालिकाले उपलव्ध गराएको विवरण अनुसार जम्मा २७३८६ सहकारी बचतकर्ता रहेकोमा ७४ वटा सहकारी संस्थाको वचत रु.३,८२,८८,३१,९५१.१५ रहेको सो मध्ये ३ निष्कृय सहकारीमा बचत रु.३,४५,८१६ रहेको जानकारी दिएको छ । पालिकामा समय समयमा अद्यावधिक विवरण बुझाई नवीकरण समेत भएका, सम्पर्कमा नरहेका, निष्कृय रहेका तथा पालिकावाट नवीकरण नभएका ३ वटा सहकारी संस्थामा ५० शेयर सदस्य समेतको रु.३,४५,८१६ जोखिममा परेको देखिन्छ ।

| सहकारी संस्थाको प्रकृति/किसिम | सहकारी संस्थाको संख्या | शेयर सदस्य | शेयर रकम | बचत निक्षेप |
|---|---|---|---|---|
| सक्रिय सहकारी संस्थाहरु | ७१ | २७३३६ | ४३७७९११९९ | ३८२८४८६१३५.१५ |
| निष्क्रिय सहकारी संस्थाहरु | ३ | ५० | २७५०० | ३४५८१६ |
| जम्मा | ७४ | २७३८६ | ४३७८१८६९९ | ३८२८८३१९५१.१५ |

जनताको बचत रकम सुरक्षणका लागि नगरपालिकाले अनुगमन, नियमनको व्यवस्था तत्कालै गरेर बचत तथा ऋण रकमको फिर्ता एवं सुरक्षित कारोबारको अवस्था वनाउन थप निर्देशन हुनु पर्दछ ।

## १४ पेश्की बाँकी

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३(५) अनुसार खरिद सम्झौता बमोजिम पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्छ्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । सोही नियमावलीको नियम ५१ मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फर्छ्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले ब्याज समेत लगाई असुल गरिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत समेत हालसम्म रु.८५५७७१६२ पेश्की बाँकी रहेकोमा म्याद नाघेको पेश्की रु.१५०३५३५० र म्याद ननाघेको पेश्की रु.७०६४०८१२ फस्र्यौट् हुन बाँकी देखिन्छ । तोकिएको अवधिभित्र फर्स्योट हुन बाँकी पेश्की असुल फर्छ्यौट हुनुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

**(विस्तृत विवरण बेरूजु दफा १४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| पेश्की | १,५०,३५,३४९.६४ |

## १५ आय असुली

### १५.१ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक राजस्वको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १४९११६३८९१ | २६६८४३४९८ | १७.८९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १७.८९ प्रतिशत मात्र रहेको छ । त्यसैले नगरपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### १५.२ आय अनुमान एवं कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र बहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्ने उल्लेख छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ केही शिर्षकमा अनुमानित भन्दा बढी आय प्राप्त गरेको छ भने कतिपय राजस्व

शीर्षकमा अनुमानको आधारमा कम राजस्व संकलन भएको छ । समग्र प्राप्तिको श्रोतको अनुमानको तुलनामा ७४.८९ प्रतिशत संकलन भएको छ । शीर्षकगत आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | आ.व.२०८१।०८२ को अनुमानित आय | आ.व. २०८१/८२ को यथार्थ आय |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पति कर | ५०००००० | २३,७१,८८२.०० |
| २ | ११३१४ | भूमिकर/मालपोत | ३००००००० | १,७२,३२,४६३.०० |
| ३ | ११३१७ | बहाल कर | १५०००००० | १,९१,३४,२४०.५५ |
| ४ | ११३१८ | बहाल विटौरी कर | २०००००० | २७,३९,१९४.४० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | - | २,२५०.०० |
| ६ | ११६९१ | अन्य कर | ५००००० | २,२६,४९०.०० |
| ७ | १४११३ | औद्यौगिक निकायबाट प्राप्त ब्याज | - | ३,०००.०० |
| ८ | १४१९१ | पर्यटन शुल्क | २५०००००० | १,१८,७६,१९३.०० |
| ९ | १४२१६ | निजी धारा वापतको शुल्क | - | ५. |
| १० | १४२१८ | विद्युत सेवा शुल्क | - | ५००. |
| ११ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | २०००००० | १,१४,०४०.०० |
| १२ | १४२२१ | न्यायिक दस्तुर | - | ५,१४०.०० |
| १३ | १४२२४ | परीक्षा शुल्क | ५००००० | ४,४०,८००.०० |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३०००००० | १०,७६,५४७.०० |
| १५ | १४२४२ | नक्सापास दस्तुर | ३५०००००० | ३,२५,९८,२६७.५० |
| १६ | १४२४३ | सिफारिश दस्तुर | १०००००००० | ९,७३,८०,१५१.०० |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६००००० | ७,५९,११५.०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | ५००००० | ३,५४,९९९.०० |
| १९ | १४२४९ | अन्य दस्तुर | ३१२०००००० | १,४२,८०,०९८.७० |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७२५०००००० | ५,७३,०७,७६३.०० |
| २१ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | ११६०००००० | ७७,७५,५०७.०० |
| २२ | १४२६५ | अन्य क्षेत्रको आय | ३०००००००० | ४३,१७,१८७.०० |
| २३ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | २०००० | ६,१००.०० |
| २४ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०००००० | २५,२५,०३१.०० |
| २५ | १४३१३ | धरौटी सदरस्याहा | - | ३,०००.०० |
| २६ | १४५२९ | अन्य राजस्व | - | १,६७,२५५.०० |
| २७ | १४६११ | व्यवसाय कर | - | १०,१६,२१९.०० |
| २८ | १५१११ | बेरूजु | - | ९,५८,२०५.०० |
| २९ | १४२४१ | पार्किङ्ग शुल्क | ३,००,०००.०० | - |
| | | जम्मा | ३६,६७,२०,०००.०० | २७,४६,७१,६४३.१५ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | आम्दानी प्रतिशत | | ७४.८९ |

पालिकाले कतिपय शीर्षकमा आय अनुमान गरेकोमा आय प्राप्त नभएको र आय अनुमान समेत नगरेकोमा समेत आय प्राप्त भएको देखिन्छ । पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउने र राजस्व प्रक्षेपणलाइ यथार्थपरक बनाइ राजस्व संकलन र सोको परिचालन व्यवस्थित गर्नुपर्दछ । राजस्वको दायरामा सबै करदाता आउन नसकेकोले राजस्व असुली लक्ष्य अनुसार हुन नसकेको देखिन्छ ।

## १६ आन्तरिक आम्दानी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ।नगरपालिकाले यसवर्ष रु. २७४६७११६४३.१५ आन्तरिक आम्दानी असुल गरेको छ। आन्तरिक राजस्व आम्दानी सम्बन्धमा पेश भए सम्मका कागजपत्र र सुत्र अनुसारको विवरण परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्;

१६.१ **सफ्टवेयर सञ्चालन** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६२(३) अनुसार उपकरण (२) बमोमिज विकास गरिएको प्रणालीमा समावेश नभएको वा पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नु पर्ने भएमा तोकिए वमोमिजम महालेखा नियन्त्रक कार्यालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले महालेखा नियन्त्रक कार्यालयको स्वीकृति बेगर आन्तरिक आय ( सम्पत्ति कर) संकलनको लागि सांग्रिला इन्फोटेक प्रा. लि. को सूचना प्रणाली प्रयोग गरी रहेको र अन्य कर सुत्रमार्फत संकलन गरेको देखिन्छ। स्वीकृति बेगरको यस्तो सफ्टवेयर प्रयोग गर्दा उक्त प्रणालीको सुरक्षा, आन्तरिक आयको यथार्थता, त्यसले तयार गर्ने प्रतिवेदनको विश्वसनीयता र सम्पन्न जानकारी बारे समेत आशंका हुन सक्ने अवस्था देखिन्छ । महालेखा नियन्त्रक कार्यालयले आ. व. २०८०।८१ देखि पालिकाको आन्तरिक राजस्व संकलनको लागि सुत्रको प्रयोग गरी संकलन गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले दुइ फरक प्रकारका प्रणाली प्रयोग गर्नुभन्दा आन्तरिक राजस्वको सबै आम्दानी सुत्रको माध्यमबाट संकलन गर्नु उपयुक्त देखिन्छ ।

१६.२ **सम्पत्ति करः** चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा २ मा नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना ( घर) मा अनुसूची १ बमोजिम सम्पत्ति कर लिइने, असुल उपर गरिने व्यवस्था छ।नगरपालिकाले यस वर्ष रु. ५० लाख सम्पत्ति कर असुल गर्ने लक्ष्य राखेकोमा २३७१८८२.०० अर्थात लक्ष्यको ४७.४३ प्रतिशत मात्र सम्पत्ति कर असुली भएको छ।पालिकाले सम्पत्ति कर असुली गर्दा सो संग सम्बन्धित आवश्यक विवरण संलग्न गरी अभिलेख व्यवस्थित गरेको पाइएन। पालिकाले सम्पत्ति कर असुली गर्दा करदाता अनुसारको फाइलमा जग्गा एवं भवनको क्षेत्रफल खुल्ने प्रमाण, सम्पत्तिको मुल्याङ्कनको आधार, भवन निर्माण सम्पन्न प्रतिवेदन, बाटोको अवस्था लगायतका विवरण खुल्ने गरी प्रमाण संलग्न गर्नुपर्ने देखिन्छ साथै लक्ष्य अनुसार असुल गर्न थप पहल गर्नुपर्ने देखिन्छ।

१६.३ **व्यवसाय करः** चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ५ मा नगरपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पुँजी लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची ६ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने व्यवस्था छ। पालिकाको यस वर्ष व्यवसाय कर असुली सम्बन्धमा कुनै लक्ष्य नभएकोमा रु १०१६२१९.०० व्यवसाय कर असुली भएको देखिन्छ ।नगरपालिकाबाट प्राप्त विवरण अनुसार विभिन्न ४६ व्यवसायीको रु १०८६०००.०० व्यवसाय कर बक्यौता रहेको देखिन्छ। पालिकाले बक्यौता रकम असुल गर्न थप पहल गर्नुपर्ने देखिन्छ। साथै नगरपालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन।नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१६.४ **बहाल करः** चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा ४ मा नगरपालिका क्षेत्र भित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन. घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिइएकोमा अनुसूची ५ मा उल्लेख भए बमोजिम घर

बहाल कर लगाइने र असुल गरिने उल्लेख छ।पालिकाको यस वर्ष घर बहाल कर वापत रु. १५०००००.०० उठाउने लक्ष्य रहेकोमा रु. १९१३४२४०.५५ अर्थात लक्ष्यको १२७.५६ प्रतिशत असुली भएको छ। पालिकाले आफ्नो क्षेत्र भित्र बहाल कर तिर्ने करदाताको अभिलेख अद्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

१७ **विज्ञापन कर**

चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ८ मा नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची-९ मा तोकिए बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।अनुसूची ९ मा विभिन्न १९ प्रकारको विज्ञापनको करको दर तोकिएकोमा पालिकाले यस वर्ष कुनै पनि प्रकारको विज्ञापनमा विज्ञापन कर असुली नगरेको र असुली गर्ने लक्ष्य समेत राखेको पाइएन। पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिम कर संकलन गर्नुपर्दछ ।

१८ **मनोरञ्जन कर**

चाँगुनारायण नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ९ मा नगरपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिने उल्लेख छ।बागमती प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५(१) अनुसार आर्थिक वर्ष २०८१।०८२ मा वागमती प्रदेशभित्रको चलचित्र घर, थिएटर/नाटकघर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, डान्स बार, नाईट क्लब, दोहोरी साँझ रोदी घर, फुटसल, पुल हाउस, स्वीमिङ पूल, जीम हाउस, स्वीड, वाटर गार्डेन, बाल उद्यान, पार्क, ताल तलैया, कुज, बोटिङ वा डुङ्गा सफारी, रक क्लाइम्बिङ, क्यान्योनिङ, बञ्जी जम्प, जीपलाइन, प्याराग्लाइडिङ, ऱ्याफ्टिङ, केबलकार, मेला, महोत्सव लगायतका मनोरञ्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ ।नगरपालिकाले यस वर्ष मनोरञ्जन कर वापत कुनै पनि रकम असुल गरेको छैन र असुली गर्ने लक्ष्य समेत निर्धारण गरेको पाइएन। नगरपालिकाले यस वर्ष नगरकोट भ्रमण वर्ष भनि विभिन्न शीर्षकमा ७८ लाख बजेट विनियोजन गरेकोमा ६५०९८७२.०० खर्च गरेको भएतापनि मनोरञ्जन कर वापत असुली नगरेको उचित देखिदैन। नगरपालिकाले आर्थिक ऐनमा तोकेबमोजिमको कर असुली गर्नुपर्दछ।

१९ **ईट्टा भट्टाको आम्दानी** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने व्यवस्था रहेको छ।यस नगरपालिकाको आर्थिक ऐन,२०८१ को अनुसूची-६.को ४.१ मा स्थानीय कच्चा पदार्थ उपयोग गरी सञ्चालित ईँट्टा उद्योग अन्तरगत रू.२० लाख देखि १ करोड सम्म पुँजी लगानी भएका उद्योगको लागि वार्षिक रू.५ लाख ५० हजार र रु. १ करोड भन्दा माथि तथा रु. ५ करोड भन्दा कम पुँजी लगानी भएका उद्योगको लागि वार्षिक रु. ७ लाख ७० र रु. ५ करोड भन्दा वढी पुँजी लगानी भएका उद्योगको लागि वार्षिक रु. ११ लाख व्यवसाय सञ्चालन भए वापत राजश्व असुल गर्नुपर्ने उल्लेख छ। पालिका अन्तर्गत पर्ने ५२ ईट्टा भट्टा मध्ये ८ वटा बन्द अवस्थामा रहेका छन् भने बाँकीबाट रु. ३२०१००००.०० असुल भएकोमा महालक्ष्मी इँटा उद्योग प्रा.लि.बाट रु ५५००००.०० असुल हुन बाँकी देखिएकोमा नियमानुसार लाग्ने जरिवाना सहित असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५०,००० |

२० **कच्चा पानी शुद्ध पानीः**

नगर पालिकामा यस वर्ष कच्चा पानी, शुद्ध पानी निकासी वापत ३३३ दिनको रु. १०६५७३६८.५०.०० नगरपालिकामा बुझाउने गरी यस नगरपालिका र व्याजु एण्ड सन्स कन्स्ट्रक्शनसंग मिति २०८१।५।७ मा सम्झौता भएको छ। सो सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन् ;

२०.१ **न्यूनतम मूल्याङ्कन रकमः** नगरपालिकाको राजस्व परामर्श समितिको मिति २०८१।२।८ को निर्णयानुसार चाँगुनारायण नगरपालिकाबाट कच्चा पानी शुद्ध पानी निकासीबाट प्राप्त हुने आय ठेक्काको लागि वार्षिक रु ११६०००००.०० न्यूनतम मूल्य कायम गरेकोमा उक्त न्युनतम मूल्य कायम गर्ने आधार कुनै पेश भएको देखिएन जसले गर्दा उक्त रकम यथार्थपरक हो होइन यकिन हुन सकेन।

२०.२

**ब्याज (हर्जना)**: नगरपालिका र व्याजु एण्ड सन्स कन्स्ट्रक्शन बीच भएको सम्झौताको बुँदा नं ६ र ७ मा पहिलो किस्ता वापत रु ३९७१११० सम्झौता गर्दाका बखत बुझाउनुपर्ने, दोश्रो किस्ता रु ३३४२८२९.२५ २०८१ पौष अन्तिम हप्ता र तेस्रो किस्ता रु ३३४२८२९.२५ २०८२ बैशाख अन्तिम हप्ता भित्र बुझाउनु पर्ने उल्लेख छ। त्यस्तै सम्झौताको बुँदा नं १० मा दोश्रो पक्षले ठेक्का प्राप्त गरी संचालन गरे पश्चात् नगरपालिकामा तिर्नु बुझाउनु पर्ने किस्ता रकम समयमै नबुझाएमा वा आलटाल गरेमा तत्पश्चात् बाँकी अवधि ठेक्का शुल्क दोश्रो पक्षले नियमित रुपमा उठाउन नपाउने र नगरपालिकाले नै उठाउने र सो अवस्थामा आफ्नो कबोल अंकको बाँकी किस्ता बैंक ग्यारेण्टीबाट क्षतिपुर्तिको रुपमा नगरपालिकाले पाउने उल्लेख छ। उक्त कन्स्ट्रक्शनले सम्झौतामा तोकिएको अवधिमा रकम नबुझाएको अवस्थामा समेत पालिकाले सम्झौता अनुसारको व्यवस्थाको कार्यान्वियन गरेको पाइएन।साथै चाँगुनारायण नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१ को दफा ३१ मा कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर दस्तुर सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र ब्याज हर्जाना तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमक वार्षिक १५ प्रतिशतका दरले ब्याज (हर्जाना) लाग्ने व्यवस्था छ । व्याजु एण्ड सन्स कन्स्ट्रक्शनले सम्झौता अनुसार किस्ता समयमा नबुझाई देहाय बमोजिम ढीला बुझाएकोले ऐन अनुसारको व्याज (हर्जाना) वापतको रु. २५६८९३।- असुल हुनुपर्ने रु.

| **किस्ता** | **किस्ता बुझाउनुपर्ने मिति** | **पालिकामा दाखिला भएको मिति** | **ढिला दिन** | **रकम** |
|---|---|---|---|---|
| पहिलो किस्ताः ३९७१११० | सम्झौता बखत | सम्झौता बखत | ० | ० |
| दोश्रो किस्ताः ३३४२८२९.२५ | २०८१ पौष अन्तिम हप्ता | २०८२।१।१९ | १०८ | १४८३६६ |
| तेस्रो किस्ताः ३३४२८२९.२५ | २०८२ बैशाख अन्तिम हप्ता | २०८२।४।१७ | ७९ | १०८५२७ |
| जम्मा | | | | २५६८९३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,५६,८९३ |

२१ **मूल्य अभिवृद्धि कर –**

बोलपत्र नं. आय ०६ /०८०/०८१ चाँगुनारायण नगरपालिकाबाट निकासी हुने कच्चापानीको हकमा(प्रति ट्रक र मिनि ट्रक रु.२००, प्रति निसान रू.१५० र प्रति ट्याक्टर रू.५०) र शुद्ध पानीको हकमा प्रति बोतल रू.०.१० पैसा र जार प्रति लिटर रू.०.०५ का दरले वार्षिक शुल्क (मू.अ.क. बाहेक) न्यूनतम् मूल्य ९० लाख कायम गरी मिति २०८१।३।१८ मा आय ठेक्का आव्हान भएकोमा बोलपत्रदाता श्री व्याञ्जु एण्ड सन्स कनस्ट्रक्सन, भक्तपुर नगरपालिका वडा नं. १० बिच मिति २०८१।०५।७ मा कबोल अंक रू.११६८१५००।– को सम्झौता भएको छ । पालिकाले आय करको ठेक्काको सूचनामा न्युनतम मूल्य रु ११६०००००.०० मू.अ.कर बाहेकको रकम उल्लेख गरेकोमा सम्झौता मूल्यमा मू.अ.कर बाहेक हो वा मू.अ.कर समेत हो भनेर खुलेको देखिदैन। तर पालिकाबाट मिति २०८१।४।१६ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा कबोल अंक रु ११६८१५००.०० मू.अ.कर बाहेक उल्लेख भएको देखिएकोले पालिकामा बुझाएको रकम रू.१, ११६८१५००।– को १३ प्रतिशतले हुन आउने रकम रु.१५,१८५९५।– मु.अ.कर वापतको रकम सम्बन्धित राजस्व शीर्षकमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १५,१८,५९५ |

२२ **क्यान्टिन व्यवस्थापनः**

चाँगुनारायण नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१ को दफा ३१ मा कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर दस्तुर सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र ब्याज हर्जाना तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमक वार्षिक १५ प्रतिशतका दरले ब्याज (हर्जाना) लाग्ने व्यवस्था छ । नगरपालिका भित्र क्यान्टिन सञ्चालनको लागि मासिक रु २००००.०० तिर्ने गरी नगरपालिका र युनिशा खाजा घर बीच मिति २०८०।१०।२८ मा सम्झौता भएको छ। उक्त सम्झौतामा नगरपालिकाले उपलब्ध गराएको विद्युत तथा खानेपानी प्रयोग गरे वापत मिटरमा उठेको युनिटको आधारमा विद्युत तथा खानेपानी महशुल वापत हुन आउने रकम प्रत्येक महिनाको अन्त्यमा नियमानुसार नगरपालिकामा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार

विद्युत एवं खानेपानी महशुल वापतको रकम पालिकामा प्राप्त भएको देखिएन। पालिकाले उक्त रकम यकिन गरी कानुनअनुसार १५ प्रतिशत व्याज समेत युनिशा खाजा घरबाट असुल गर्नपर्दछ।

२३ **फोहरमैला व्यवस्थापन** -

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ र ४ बमोजिम पालिका भित्रको फोहोरमैलाको व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व स्थानीय तहको हुनेउल्लेख छ । साथै सोहि ऐनमा स्थानीय तहले नगर व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाई लागु गर्न सक्ने व्यवस्था समेत भएकोमा पालिकाले हालसम्म निर्देशिका एवं मापदण्ड लागु गरेको देखिदैन । यस वर्ष नगरपालिकाले फोहर मैला व्यवस्थापन शुल्क बापत रु.७३४४०।- संकलन गरेको देखिन्छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

२३.१ **फोहरमैला व्यवस्थापन शुल्कः** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ दफा १५(१) अनुसार पालिकाले निजी क्षेत्र वा सामुदायिक संस्थाबाट फोहोरमैला व्यवस्थापन गराउँदा बोलपत्रको आव्हान गरी प्रतिस्पर्धा गराई व्यवस्थापकको छनौट गरी व्यवस्थापन गर्ने जिम्मा दिनुपर्नेमा सो अनुसार नगरी पालिकाभित्र उत्सर्जन हुने फोहोरमैला व्यवस्थापन गर्नका लागि मिति २०७५।१२।२४ मा नेप्सेम्याक सेवा प्रा.लि. भक्तपुर शाखासँग वार्षिक रु ६००००.०० पालिकामा बुझाउने गरी सम्झौता भएको छ।फोहरमैला व्यवस्थापन शुल्क सम्बन्धी अनुसूचीमा फोहरमैला संकलन कार्य गर्ने संघ/संस्थाहरुले घर/ पसल/संस्था / व्यवसायबाट उठाउन पाउने मासिक शुल्क दर तोकिएको छ। उक्त अनुसूचीमा मासिक रु. २०० देखि रु. १०००० संकलन गर्न सकिने उल्लेख छ। वि.सं. २०७८ को जनगणना अनुसार चाँगु नगरपालिकाको घरधुरी संख्या २१५८८ रहेकोमा फोरमैला सकंलन गर्ने संस्थाले प्रति घर धुरी न्युनतमा २०० का दरले रकम उठाँउदा समेत वार्षिक रुपमा रु.५ करोड १८ लाख ११ हजार फोहरमैला व्यवस्थापन शुल्क संकलन गर्ने देखिएकोमा नगरपालिकाले २०७४ देखिको सम्झौता नवीकरण नगरी न्युनतम रकम उठाउदै आएको उपयुक्त देखिदैन । नगरपालिकाको राजस्व परामर्श समितिको २०८१।१२।१ को निर्णयबाट फोहरमैला वापत उक्त संस्थाहरुले उठेको रकमको ५ प्रतिशत रकम अर्थात बार्षिक रु. २५ लाख ९१ हजार न्युनतम शुल्क कायम गर्ने निर्णय गरेकोमा सो अनुसार ठेक्का व्यवस्थापन गरेको भने पाइएन। नगरपालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

२३.२ **नपुग रकमः** नगरपालिका र नेप्सेम्याक बीच भएको सम्झौता अनुसार प्रत्येक २ वर्षमा २० प्रतिशत शुल्क बृद्धि हुने उल्लेख भएकोमा २०८१ चैत्रसम्मा मासिक रु. ७२००।– र २०८१ बैशाख देखि आषाढसम्म मासिक ८६४० लिनुपर्नेमा मासिक रु. ७२०० का दरले बुझाएको देखिएकोले कम दाखिला भएको रु. ४३२० र नगरपालिकाको ऐन अनुसार ढिला रकम बुझाएकोमा तिर्नु बुझाउनु पर्ने रकमको १५ प्रतिशत व्याज समेत असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३२० |

२३.३ **कर कट्टी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१४** को निर्णयले रू **१२,९६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२३.४ **फोहरमैलाको पृथकीकरणः** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ६ मा (१) स्थानीय निकायले फोहरमैलालाई कम्तीमा जैविक र अजैविक लगायत विभिन्न प्रकारमा विभाजन गरी स्रोतमै छुट्याउने गरी तोक्नु पर्ने उल्लेख भएकोमा पालिकाले सो अनुसारको व्यवस्था सम्झौतामा राखेको र कार्यान्वियन गरेको पाइएन । पालिकाले ऐनमा भएको व्यवस्था अनुरुप फोहर श्रोतमै कुहिने र नकुहिने वर्गीकरण गर्ने व्यवस्था गरी सोही अनुरुप राजस्व असुली गर्नुपर्दछ ।

२३.५ **फोहरमैला व्यवस्थापनबाट प्राप्त आम्दानीः** फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८(१) अनुसार सेवा शुल्क उठाउन सक्ने र दफा १८(५) अनुसार शुल्कबाट प्राप्त आम्दानी तथा फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउँदा प्राप्त हुने अम्दानी स्थानीय

तहले एउटा छुट्टै शीर्षकमा राखी सो रकम तोकिएको मापदण्डको अधीनमा रही फोहरमैलाको व्यवस्थापन, वातावरणीय संरक्षण तथा फोहरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्रको विकासमा खर्च गर्नुपर्ने उल्लेख छ। नगरपालिकाले यस वर्ष फोहर मैला व्यवस्थापन शुल्क वापत रु ७३४४०.०० प्राप्त भएको छ।तर पालिकाले ऐनको व्यवस्थाको पालना गरेको देखिएन।

२४ **गाडी भाडाः**

नगरपालिका र नेप्सेम्याक प्रा. ली. बीच २०७१।१।।२४ मा भएको सम्झौताको बुँदा नं ४ मा सेवा प्रदायकले नगरपालिकामा रहेका २ वटा टिपर प्रयोग गरेवापत नगरपालिकामा प्रति महिना ३००००.०० का दरले भुक्तानी गर्नुपर्ने उल्लेख भएकोमा नगरपालिकाले नेप्से म्याक प्रा.लि. संग मिति २०८०।४।१ मा सम्झौता गरेको पाइयो। उक्त सम्झौताको बुँदा नं १ मा चाँगुनारायण नगरपालिकाको स्वामित्वमा रहेका २ वटा टिपरहरुको दोश्रो पक्षले नगरपालिकाको आर्थिक ऐन २०८० मा भएको व्यवस्था बमोजिम प्रति महिना प्रति टिपर रु. ७५०००.०० का दरले प्रथम पक्ष अर्थात नगरपालिकामा भुक्तानी गर्नुपर्ने उल्लेख छ। साथै नगरपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची १८ मा टिपर प्रति महिना ( चालक र इन्धन बाहेक) रु. ७५००० भाडा दर रहने उल्लेख भएको छ। सो अनुसार निज प्रा. लि. ले नगरपालिकाको टिपरहरु प्रयोग गर्दै आएकोमा यस वर्ष टिपरको भाडा वापतको रकम नगरपालिकामा बुझाएको पाइएन। चाँगुनारायण नगरपालिकाको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०८१ को दफा ३१ मा कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर दस्तुर सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र ब्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमक वार्षिक १५ प्रतिशतका दरले ब्याज (हर्जाना) लाग्ने व्यवस्था छ । नेप्से म्याक प्रा.लि. ले लेखापरीक्षण अवधिसम्म उक्त टिपरहरु प्रयोग गरिरहेको देखिएकोले सम्झौता र आर्थिक ऐन अनुसार २ वटा टिपरको मासिक १५००००.०० का दरले १२ महिनाको रु. १८०००००.०० पालिकामा नबुझाएकोले ऐन अनुसार १५ प्रतिशत ब्याज÷ जरिवाना समेत गणना गरी उक्त रकम असुल गर्नपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,००,००० |

२५ **तलबी प्रतिवेदन**

स्थानीय सेवा गठन तथा सञ्चालन सम्बन्धि ऐन, २०७९ को दफा ६९(५) मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ र पालिका प्रशासनिक कर्मचारीतर्फ पारिश्रमिक तलव भत्ता वापत रू.६२७२०१६०.६२खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२६ **सवारी इन्धन तथा मर्मत खर्च**

२६.१ **ईन्धन सुविधा**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने व्यवस्था छ । पालिकाले कार्यसञ्चालन निर्देशिका २०७८ को अनुसुची १ अनुसारको ईन्धन सुविधा दिने व्यवस्था गरी ईन्धन वापतको खर्च लेखेको छ । पालिकामा चालु हालतमा डिजेल तथा पेट्रोलबाट चल्ने दुई पाङ्ग्रे र चार पाङ्ग्रे तथा ब्याक्होलोडर तथा निजि सवारी साधन रहेको जनाएकोमा के कति संख्यामा रहेका छन् अद्यावधिक विवरण पेश भएको छैन । यस वर्ष नगरपालिकाले ईन्धन वापत रू.९०,७४,८२७ खर्च गरेको छ । सो बाहेक अन्य मेशिनरी मर्मत कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिएको र खर्चमा मितव्ययिता एबं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणाली अनुसार उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२६.२ **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा मर्मत गरिने सवारी साधनको दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत गरी नियमावलीको प्रकृया अपनाई मर्मत संम्भार गराउनु पर्ने, मर्मत गराउदा कुनै मालसामान, पार्टपूर्जा वा उपकरण प्रतिस्थापन गर्नुपर्ने भए यस नियमावलीको प्रकृया अपनाई खरिद गर्नुपर्ने र यसरी खरिद गरेको सामानको जिन्सी दाखिला गराई रु ५००० भन्दा बढी

मूल्यका सामानको अभिलेख राखी प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ।पालिकाको लागि सवारी साधन मर्मत संभार शिर्षकमा यस वर्ष रु.४५,५३,४६७ खर्च गरेको र सो बाहेक कन्टिन्जेन्सी लगायतबाट समेत मर्मत गरेको देखिन्छ। पालिकामा डोजर, एम्बुलेन्स, चार पाङ्ग्रे जिप तथा अन्य दुई पाङ्ग्रे सवारी साधन रहेको जनाएकोमा पालिकाले अद्यावधिक विवरण पेश भएको छैन । साधनहरुको मर्मत गर्दा दक्ष प्राविधिकबाट लागत अनुमान स्वीकृत नगराएको, प्रतिस्पर्धा गराई वार्षिक सम्झौता गरी मर्मत गर्न सकिनेमा पनि पटक पटक कोटेशन बाट मर्मत गराएको, प्रतिस्थापन गरेका महत्वपूर्ण सामानको जिन्सी दाखिला नगराएको पाईयो । खरिद कानुनको प्रकृया नअपनाई मर्मत गराउदा खरिदमा मितव्ययीता, दक्षता ,पारदर्शिता भएको छ भनी विश्वस्त हुन नसकिएकोले खरिद कानुनको पालना गरी मर्मत कार्य गराउनु पर्दछ ।

२७ **घर बिदा तथा औषधी खर्च सुविधा -**

निजामती सेवा ऐन २०४९ को परिच्छेद ५ मा निजामती कर्मचारीहरुले मासिक रुपमा तलब, महंगी भत्ता र चाडपर्व खर्च तया अन्य सुविधा समबन्धी व्यवस्था रहेको छ । साथै, निजामती सेवा नियमावली २०५० को नियम ५७ र ५८ मा घर बिदा एंव बिरामी विदा सचित गरेको अवस्थामा पाउने सुविधा उल्लेख रहेको छ । साथै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८५ मा कर्मचारी समायोजन सम्बन्धी व्यवस्था रहेको छ ।पालिकाका देहायका कर्मचारीहरुलाइ घरेलु तथा साना उद्योग विकास समितिमा नियुक्त भइ यस पालिकामा समायोजन भइ आएकाले वागमती प्रदेश “स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९ र ११३ मा भएको व्यवस्था बमोजिम समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्थाहरु समायोजन हुनुपूर्वको सेवाका शर्त र सुविधा बमोजिम नै हुनेछ भन्ने व्यवस्था उल्लेख भएकाले घरेलु तथा साना उद्योग विकास समिति कर्मचारी सेवा सर्त नियमावली २०५५ को नियम ६.१६ र नियम ५.४ बमोजिम १ महिनाको तलब वापत औषधी खर्च र सञ्चित घर विदाको रकम पाउने व्यवस्था भएकाले सञ्चित घर विदाको रेकर्ड सहित निवेदन पेश गरेको आधारमा निम्नानुसार खर्च रकम भुक्तानी भएको देखिन्छ । निजहरुको समायोजन हुँदा साविकको सुविधा नघट्ने गरी तलब मिलान भएको र सो पश्चात स्तर वृद्धि / तह वृद्धि सुविधा समेत लिई सकेको हुँदा साविकको उल्लिखित सुविधाहरु पाउने आधार तथा सुविधामा दोहोरोपना भए नभएको यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले दोहोरो सुविधा नहुने गरी यथार्थ अभिलेख अद्यावधिक तथा प्रमाणीकरण गरी घरेलु तथा साना उद्योग विकास समितिमा समेत अभिलेखको लागि पठाउनुपर्दछ ।

| गो भौ नं | सुविधा लिने कर्मचारीको पद नाम | खाईपाई आएको | २०८१/८२को आधा महिनाको तलव | कर बाहेक रु | कैफीयत |
|---|---|---|---|---|---|
| १६०५/२०८२। ३।८ | लेखा अधिकृत- ऋषि अधिकारी | ५६५४७ | २८२७३ | २८२७३ | १/२ महिनाको औषधी उपचार |
| १४४०/२०८२। २।१९ | | ५६५४७ | २८२७३ | २८२७३ | १/२ महिनाको औषधी उपचार |
| १४४०/२०८२। २।१९ | | ५६५४७ | ५६५४७ | ५२५७१ | १ महिनाको सञ्चित विदा |
| १६०५/२०८२। ३।८ | अधिकृत सातौ -सन्तोषी नेपाली | ५६५४७ | २८२७३ | २८२७३ | १/२ महिनाको औषधी उपचार |
| १४४०/२०८२। २।१९ | | ५६५४७ | २८२७३ | २८२७३ | १/२ महिनाको औषधी उपचार |
| १४४०/२०८२। २।१९ | | ५६५४७ | ५६५४७ | ४५११२ | १ महिनाको सञ्चित विदा |
| १६०५/२०८२। ३।८ | अधिकृत छैठो -चेतनाथ घिमिरे | ५०९६९ | २५४८४ | २५४८४ | १/२ महिनाको औषधी उपचार |
| १४४०/२०८२। २।१९ | | ५०९६९ | २५४८४ | २५४८४ | १/२ महिनाको औषधी उपचार |
| १४४०/२०८२। २।१९ | | ५०९६९ | ५०९६९ | ४१३१२ | १ महिनाको सञ्चित विदा |
| जम्मा | | | ३२८१२३ | | |

२८ **भ्रमण खर्च** (१८६०-2082-03-21):

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ। त्यस्तै नियम २१ मा अनुसूची ६ अनुसारको तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ।पालिकाले दामोदर भण्डारी कार्यालयको कामको लागि हेटौँडा गएको जनाई दैनिक भ्रमण भत्ता वापत रु.११५०० भुक्तानी भएकोमा भ्रमण आदेश तथा भ्रमण बिल संलग्न नभएको पाईयो। उक्त खर्चको यथार्थता नखुलेकोले भत्ता रकम असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,५०० |

२९ **थप सुविधा** (५५१-2081-09-03):

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,३५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,३५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३० **अग्रिम आयकर**

आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा परामर्शको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा नमूना छनौट परीक्षण गर्दा निम्नानुसारको तालिम एवं क्षमता विकास कार्यक्रम सञ्चालन गरे वापत विभिन्न संघसंस्थालाई रकम भुक्तानी भएकोमा उक्त संस्थाहरु मू.अ.कर दर्ता नभएको देखिएकोले निजहरुको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा घटी कर कट्टी गरेको देखिएकोले नपुग कर रकम सम्बन्धितबाट असुल गरी सम्बन्धित राजस्व शीर्षकमा दाखिला गर्नु पर्ने रु.

| गो भौ नं | संस्था | कार्यक्रम | भुक्तानी रकम | तिरेको कर | लाग्ने कर | बाँकी कर |
|---|---|---|---|---|---|---|
| १८९४।३।२२ | नेपाल निट्स् एण्ड क्राफ्ट्स ११०४२९४१६ | उपमेयर लक्षित कार्यक्रम | ४००००० | २८३३१ | ६०००० | ३१६६९ |
| १९३४।३।२३ | उज्वल लेडिज टेलर्स एण्ड ट्रेनिङ्ग सेन्टर ११८०६१७२८ | | २९८८६२ | १७९४५ | ४४८३० | २६८८५ |
| २००८।३।२४ | स्टयान्डर कफि स्कुल ११२२४२७५२ | कफि वनाउने तालिम वडा नं ३ | ३००००० | २२४०० | ४५००० | २२६०० |
| २००६।३।२४ | सम विकासका लागि नव भुमि नेपाल ६०२२२१८४५ | ईलेक्ट्रिसियन तालिम | ३९४५५० | १४३०० | ५९१८३ | ४४८८३ |
| २०४२।३।२५ | स्मल किड्स एकेडेमि ६०३५७९४६० | मन्टेश्वरी तालिम | १९७००० | १७८५५ | २९५५० | ११६९५ |
| | | | | | | १३७७३२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४०,५६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१५,७४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३७,७३२ |

३१ **बढी भुक्तानी** (१३३०-2082-01-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले सूचना प्रकाशन तथा प्रशारण खर्च वापत नेपाल न्युज साप्ताहिकलाई रू. १०००० भुक्तानी

भएको फर्मको निवेदन तथा टिप्पणी तोकादेशमा रू.५००० भुक्तानी गर्ने भनी निर्णय भएको देखिन्छ । यसरी निर्णय विपरीत उक्त फर्मलाई बढी भुक्तानी भएको रु.५००० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

३२ **स्वीकृत कार्यक्रम बेगरको खर्च** (२०१४-2082-03-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१) मा बजेट तथा कार्यक्रमको सीमामा रही खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले भक्तपुर जिल्ला अदालतवाट च नं २३६८०।३।१६ को पत्रअनुसार न्यायिक समिति अनुगमन निरीक्षण २०८२।३।२० मा हुने कार्यक्रम प्राप्त भएकोमा पालिकाले २०८२।३।२० र २१ गते होटल यचु प्रा लि मा जनप्रतिनिधि कानुन अभिमुखीकरण गरेको जनाई रु.३१०७५० खर्च लेखेको छ । उक्त कार्यक्रममा सहभागी संख्या, कार्यक्रम प्रतिवेदन पेश नभएको र विनियोजित बजेट तथा कार्यक्रम समेत नरहेकोले स्वीकृत कार्यक्रम बेगरको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,१०,७५० |

३३ **तालिम सामाग्री** (१९८६-2082-03-24):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा १ लाख भन्दा बढीको खरिदका लागि कम्तिमा ३ वटा फर्मको कोटेशनको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । उपमेयरसँग लक्षित कार्यक्रम अन्तर्गत वडा नं ५ वडा सचिव शंकर वोसिलाई सोधभर्ना गरेकोमा जुता वनाउने तालिमको लागि पेश भएका बिलमध्ये श्री गणेश फुटवेयर मेटेरियल्स प्रा लिका १९२ देखि १९७ सम्मका कर बिजक वाट ५६५३१६.०० बराबरका कपडा लगायतका सामान खरिद गरेको देखिन्छ । कोटेशनवाट खरिद नगरी सोझै खरिद गरेको उक्त तालिममा जम्मा रु.९२६५२४ खर्च भएकोमा तालिममा खरिद सामानको तथा उत्पादित सामानको जिन्सी दाखिला समेत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,६५,३१६ |

३४ **स्टोर व्यवस्थापन गर्न घरभाडा**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| अनियमित भएको | ० |

३५ **अन्य निकाय खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३(६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारमा अन्य कार्यालयको लागि बजेटमा व्यवस्था समेत नगरी रु. २५६४६४७ खर्च लेखेको छ । अन्य निकायको लागि खर्च लेख्दा पालिकाको बजेटको खर्चको उपादेयता र उत्पादकत्व नरहने तथा संघीय तर्फको जिल्लास्थित एकाईहरुको लागि खर्च लेख्दा निकायले तालुक कार्यालयलको स्वीकृति बिना रकम खर्च लेखेको देखिन्छ । पालिकामा अन्य निकायको यस्तो प्रकृतिको खर्चले थप व्ययभार बढ्दै जाने हुँदा यस्तो अन्य निकायको खर्च नियन्त्रण गर्ने, खर्च नगरी नहुने अवस्थामा अन्य सम्बन्धित निकायवाट पनि यस्तो बजेट विनियोजन भएकोमा दोहोरो पर्ने लगायतका विषयहरु निरुपण नहुने र तालुक निकायको समेत स्वीकृति बिना खर्च लेखिएको रकम नियमसम्मत नदेखिएको रु.

| भौ नं | अनुदान पाउने संस्था | विवरण | रकम |
|---|---|---|---|
| ६२९/०८१।९।१८ | नापीकार्यालय भक्तपुर | स्रेस्ता व्यवस्थापन | ३००००० |
| | भूमिसुधार कार्यालय | स्रेस्ता व्यवस्थापन | ५००००० |
| १०६२।३।२५ | वडा नं ५ प्रहरी प्रभाग भवन निर्माण | आर डि बिल्डर्स | ८४९३५० |
| ९९२।३।२३ | वडा नं १ सशस्त्र प्रहरी वल गेट निर्माण | चण्ड भैरव कन्स्ट्रक्सन | ८२२४१५ |
| १८९३।३।२२ | मालपोत कार्यालय भक्तपुर | शान्ति आयल स्टोर, ईन्धन | ९२८८२ |
| | जम्मा | | २५६४६४७ |

| | |
|---|---|
| अनियमित भएको | २५,६४,६४७ |

३६ **विद्युत महसुल जरिवाना :**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड २०८१ को बुँदा नं८ (२)मा धारा विद्युतको महसुल भुक्तानीमा समयभन्दा अगावै भुक्तानी गर्दा छुट हुने भएमा त्यस्तो छुट प्राप्त गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । विद्युत महसुल सङ्कलन विनियमावली, २०७७ को विनियम ७(३) मा उपभोक्ताले मिटर रिडिङ्ग गरेको ७ दिनभित्र महसुल बुझाएमा बिल रकमको २ प्रतिशत छुट दिने, आठौ दिनदेखि १५ औं दिनसम्म महसुल बुझाएमा बिल अनुसारको महसुल लाग्ने व्यवस्था छ । साथै विनियम ८ (१) मा १६ औं दिनदेखि ३० औं दिनसम्म महसुल बुझाएमा ५ प्रतिशत थप महसुल लाग्ने साथै ८(२) मा ३१ औं दिनदेखि ४० औं दिनसम्म महसुल २५ प्रतिशत थप महसुल लाग्ने व्यवस्था छ । पालिकाले मिटर रिडिङ गरेको समयमै बिल भुक्तानी गरी छुट लिनु पर्नेमा विलम्बगरी महसुल भुक्तानी गरेको कारण निम्नानुसार रु.७३७६४.१६ जरिवानामा दायित्व समेत बढेको देखियो ।अनिवार्य दायित्वको विषयमा समयमै बिल भुक्तानी नगरी अतिरिक्त जरिवाना तिर्ने कार्य नियमसम्मत नदेखिएको रू.

| भौ नै | महिना | बिल रकम रु | जरीवाना रु |
|---|---|---|---|
| १२५/ २०८१।६।८ | २०८१ जेठ | १३८९१९.९५ | ३४६८०.५ |
| ३७५/ २०८१।८।२ | २०८१ पौष | २७००७ | ६७५२ |
| | २०८१ आषाढ | ३१४४७ | ७८६३ |
| | २०८१ आषाढ | ४४४३० | १११०८ |
| | २०८१भाद्र | २४६०९.२० | ६१५२.२६ |
| | | १२३२४ | १२३२.४० |
| | | १२२०८.४ | ६१८ |
| | | २१४३२ | ५३५८ |
| जम्मा | | ३१२३७७.५५ | ७३७६४.१६ |

| | |
|---|---|
| अनियमित भएको | ७३,७६४.१६ |

३७ **अनुगमन भत्ता:-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा अनुसूची १ बमोजिमको सुविधा पाउने, त्यस्तै दफा १२ मा पदाधिकारीलाई कुनै सुविधा निर्धारण गर्नुपर्दा ऐनले तोकेका सुविधालाई अधिकतम मानि सम्बन्धित सभाले अधिकार क्षेत्र भित्रको आर्थिक स्रोत तथा अधिकार क्षेत्रका आधारमा निर्धारण गर्न सक्ने उल्लेख छ।अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०८१ को दफा ५६(५)मा सार्वजनिक निकायबाट सञ्चालित तालिम, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा अनुगमन भ्रमण टोली खटाउनु परेमा कामसँग प्रत्यक्ष सम्बन्धित कर्मचारी मात्र खटाउनु पर्ने र त्यसरी खटाउँदा आवश्यकता, उपयुक्तता र औचित्यताको आधारमा बढीमा

तीन जनाको टोली खटाउनु पर्ने उल्लेख छ । चाँगुनारायण नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को दफा ३५. को ३ ज मा बजार अनुगमन र परीक्षा अनुगमन बाहेक नियमित रुपमा अनुगमन गर्नुपर्ने निकाय जस्तो स्वास्थ्य चौकीको अनुगमन, योजना अनुगमन, विद्यालय अनुगमन आदिको लागि शाखाका पदाधिकारीलाई खाना खर्च र इन्धन उपलब्ध गराइने र कुनै किसिमको भत्ता दिइने छैन भन्ने व्यवस्था छ । नगरपालिकाले नगर भित्र सञ्चालिन कार्यक्रम अनुगमन गरे वापत सहभागीहरुलाई जनप्रतिनिधि समेत कर्मचारीलाई अनुगमन प्रयोजनको भत्ता वापत निम्नानुसार रु.२०३३०० भुक्तानी भएको छ।पालिकाको आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु जन प्रतिनिधि तथा कर्मचारीहरुको नियमित कार्यक्षेत्र भित्र पर्ने भएकाले संघीय मापदण्ड प्रतिकुल आफ्नो नियमित कार्यको अनुगमन गरेको जनाई भत्ता भुक्तानी भएको नियमसम्मत नदेखिएको रु.

| भौ नं | अनुगमन कार्यक्रम | टोली सदस्य संख्या | संस्था / फर्म/ कार्यक्रम संख्या/ स्थान | अवधी | भत्ता रकम | कर बाहेक भुक्तानी |
|---|---|---|---|---|---|---|
| १३८/ २०८१।६।११ | सहकारी संस्था | १० | ७ स्थानका सहकारी संस्था ७वटा | २०८१।५।९देखी ५।२५ सम्म | २९००० | ३६९५० |
| ३९०/ २०८१।८।२४ | विपद व्यवस्थापन प्रशिक्षणको अनुगमन | नगर प्रमुख समेत ५ जना | शभाहल हेल्मेट डाँडा | २०८१।६।९देखी१२ र २०८१।६।१४ देखी २७ | १५००० | १२७५० |
| ८७७/ २०८१।११।६ | खेलकुद प्रशिक्षण अनुगमन | प्रमुख प्रशासकीय अधिकृत समेत ९ जना | वडाहरुमा ९ जना ११ पटक उपस्थिति ७७ | २०८१।७।१० देखी २०८१८।२९ सम्म ११ पटक | ७७००० | ६४४५० |
| १३५७/ २०८२।१।२२ | सहकारी संस्थाहरु | नगर प्रमुख ,उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत समेत १६ जना | ६स्थानका सहकारी संस्था ६ वटा ७पटक अनुगमन उपस्थिती संख्या ४१ | २०८१।९।१९देखी ९।२५ सम् | ४१००० | ३४८५० |
| १६९२/ २०८२।३।१७ | पशु पन्छी विकास शाखा | प्रमुख प्रशासकीय अधिकृत समेत १० जना कर्मचारी | १० जना उपस्थिति १४ | २०८२।२।७ देखी २।८ | १४००० | ११९०० |
| १६९५/ २०८२।३।१७ | कृषि शाखा कृषि यान्त्रिकरण अनुगमन | प्रमुख प्रशासकीय अधिकृत समेत १५ जना कर्मचारी | १५ जना कर्मचारी ३ दिन उपस्थिति २६ | ३ दिन | २६००० | २२१०० |
| ९०९/ २०८१११।११ | नगर स्तरीय खेलकुद | नगर रमुख समेत २० जना | २० जना उपस्थिति ६० | २०८१।८।१७-२७ | १००० | ६०००० |
| जम्मा | | | | | २०३००० | |

| | |
|---|---|
| अनियमित भएको | २,०३,३०० |

३८ **अवलोकन भ्रमण:-**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ । त्यस्तै नियम २१ मा अनुसूची ६ अनुसारको तोकिएको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न समयको दैनिक भ्रमण भत्ता वापत निम्नानुसारमा भ्रमण कार्यक्रम र पटके भ्रमण समेतका विभिन्न कर्मचारीलाई भुक्तानी दिएको छ । पालिका कार्यालयले यस वर्ष मात्र अध्ययन अवलोकन

भ्रमणमा निम्नानुसारमा रु.४७१४८७८ खर्च गरेको छ । उल्लेखित अध्ययन भ्रमण बाहेक हरेक वडा कार्यालयले अध्ययन भ्रमण वापत खर्च लेखेका छन् । पालिकाले दैनिक भ्रमण भत्ता भुक्तानीमा आवश्यक्ताको आधारमा भ्रमणमा खटाएर मात्र खर्च लेख्नुपर्दछ । वडा कार्यालयबाहेक पालिका कार्यालयवाट अध्ययन भ्रमण वापत निम्नानुसारमा खर्च लेखेको पाईयो। अवलोकन भ्रमणमा जाने कर्मचारी तथा जन प्रतिनिधिहरुले असल अभ्यास अवलोकनबाट के सिकेको हो उक्त कुरा पालिकाले कसरी प्रयोगमा ल्याउन सक्छ भन्ने खुलाएको छैन । अवलोकन भ्रमणबाट प्राप्त असल अभ्यास तथा सिकाई उपलब्धिलाई अभिलेखाङ्कन गरी नीति तथा कार्यक्रम एवम् योजनामा समावेश गरी उपल्ब्धि नहुने प्रकृतिका अवलोकन भ्रमण नियन्त्रण गर्नु पर्दछ ।

| भौचर नंबर | भ्रमण गर्ने | कार्यक्रम | अवलोकन स्थल | अवधी | खर्च रकम |
|---|---|---|---|---|---|
| ४७८/२०८१।८। १८ | वडा नं३ का जन प्रतिनिधि ५जनाकर्मचारी५ जना | वडा नं ३ को धार्मिक तथा पर्यटकीय स्थल भ्रमण / वास्तु, धार्मिक,नविन प्रविधि र असुल अभ्यास | बनेपा,धुलिखेल,नमोबुद्ध,कुशेश्वर महादेव,सिन्धुली,जनकपुरधाम,धरान,भेडेटार,कन्याम ईलाम | २०८१।७। २१देखी २०८१।७।२७ | २९१६०० |
| ४७७/२०८१।८। १८ | नगर उप प्रमुख रमेश बुढाथोकी समेत २ कर्मचारी ४ जनप्रतिनिधी | अवलोकन भ्रमण | सुनसरी , ईलाम , झापा | २०८१।६। ८देखो १४ | २९७३५ |
| १५०७/२०८२। २।७ | वडा नं ७ का जेष्ठनागरिक /एकल महिला | धार्मिक अवलोकन भ्रमण | पलाञ्चोक भगवती | २०८१।१२। १६ | २५०००० |
| ११९९/२०८१। १२।२८ | जेष्ठनागरिक २०० जना | धार्मिक अवलोकन भ्रमण | पलाञ्चोक भगवती | २०८१।१२।२ | २५०००० |
| १३०६/२०८२। १।१६ | न्यायिक समिती | अवलोकन भ्रमण | लुम्बिनी ,रत्ननगर चितवन | २०८१।१०। २६- १०।२९ | २५९५५० |
| १४७१/२०८२। २।२२ | एकलमहिला वडा नं २- को ३९२ जना | अवलोकन भ्रमण | गोदावरी ललितपुर | २०८२।२।३ | ५००००० |
| १४९०र२०८२। २।२६ | जेष्ठनागरिक /एकल महिला- ७४० जना | अवलोकन भ्रमण | बज्रबाराही ललितपुर | २०८२।१।१९ | ९७४९७० |
| १४९९/२०८२। २।२६ | वडा नं ७ महिला स्वास्थ्य स्वयं सेविका | धार्मिक/पर्यटन अवलोकन भ्रमण | दोलखा भिमसेन,कालिन्चोक,सैलुङ | २०८२।१।२८ | १००००० |
| १४९८/२०८२। २।२६ | वडा नं ७ स्वास्थ्य स्वयं सेविका/कर्मचारी/ स्वास्थ्यकर्मी | धार्मिक/पर्यटन अवलोकन भ्रमण | पोखरा | २०८१।११। २९-१२।२ | २२५०५६ |
| १५६१/२०८१। ३।२ | वडा नं २ का जेष्ठ नागरिक ५०० जना | धार्मिक भ्रमण | गोदावरी बाईसधारा | २०८१।११। १० | ८१९९९२ |
| १५६२।२०८२३। २ | वडा नं ३ अध्यक्ष लगायत ४५० जना | धार्मिक भ्रमण | डोलेश्वर आशपुरेश्वर | | ४१४३७५ |
| १७६४/२०८२। ३।१८ | जन प्रतिनिधी ,कर्मचारी, महिला स्वास्थ्य स्वयं सेविका २५ जना | धार्मिक/पर्यटन अवलोकन भ्रमण | लुम्बिनी, सुर्खेत,स्वर्गद्वारी | २०८२।१। २६- ३० | ३००००० |
| ४७८/२०८१।८। १८ | वडा नं३ का जन प्रतिनिधी ५जनाकर्मचारी५ जना | वास्तु, धार्मिक,नविन प्रविधि र असुल अभ्यास | बनेपा नमोबद्ध, कुशेश्वर ,सिन्धुली, जनकपुरधा,म सुनसरी धरान ,भेडेटार ,इलाम | २०८१।७।२१ देखी ७।२७ | २९९६०० |

३९ **स्वास्थ्य बीमा कार्यक्रम-**

स्वास्थ्य बीमा वोर्डवाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन हुने गरेकोमा बीमित व्यक्तिको ५ जनासम्म परिवारको लागि रु. १ लाख र ५ जनाभन्दा बढी सदस्य भएको परिवारको प्रत्येक सदस्यको थप रु.२०००० का दरले अधिकतम रु.२ लाख सम्मको औषधोपचार वापतको रकम यस कार्यक्रमवाट व्यहोरिने र सो को सोधभर्ना स्वास्थ्य बीमा बोर्डबाट हुने गरेको छ । सो कार्यक्रममा नगरक्षेत्रमा स्थायी बसोबास भएका सर्वसाधारणले तिर्नुपर्ने बीमा शुल्क रकम नगरवासी ४२६ परिवारका १७२५ जनाको बीमाको लागि स्वास्थ्य बीमा प्रिमियम रु. १५५७१५०.०० खर्च भएको छ । संघीय सरकारको कार्यक्रमको लागि जनताले तिर्ने अंशलाई शत प्रतिशत नै पालिकाले व्यहोरेको छ । संघको कार्यक्रमको लागि वडावाट सर्वसाधारणको तर्फवाट शुल्क भुक्तानी गरी बीमा गराएको देखिन्छ । एक वर्षको लागि बीमा भएपश्चात् सोको नवीकरण तथा कार्यान्वयन स्थिति समेत मुल्यांकन गरेको देखिएन । स्वास्थ्य बीमा कार्यक्रम लागत साझेदारीको मोडलमा कार्यान्वयन गरी कार्यक्रमको अपनत्व लाभग्राहीलाई हुनेगरी योजना तथा कार्यक्रमको प्रस्ताव गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४० **विपद सामानको लगत :** (१७३-2081-06-14):

आर्थिककार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा जिन्सी मालसामानको मूल्य र विवरण सहितको लगत अद्यावधिक गर्नु पर्ने उल्लेख छ ।पालिकाले युनिसा जनरल सप्लायर्स बाट रु.९२५४७०.०० मा त्रिपाल १८×१८ को १० थान, १२×८ को ५० थान, प्लाष्टिक 30gsm को २०० रोल डोरी १० मिटर, वाईण्डिङ तार १० के.जी जस्ता विपद सामान खरिद गरेकोमा अद्यावधिक लगत पेश भएन ।उल्लिखित लगायत सबै विपद सामानको लगत अद्यावधिक गर्नु पर्दछ । गत वर्षको मौज्दात,यो वर्ष खरिद , योवर्ष वितरण तथा हस्तान्तरण र वर्षान्तको मौज्दातको व्यवस्थित अभिलेख पेश नभएकोले पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२५,४७० |

४१ **नपाउने बैठक भत्ता:**

चागुनारायण नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ३ मा प्रचलित कानून, नगरपालिकाको नियम वा कार्यविधिले तोकेको समिति व कार्यक्रम तथा कार्यपालिकाको निर्णय बमोजिम गठित समिति वा कार्यदलको बैठकका लागि मात्र भत्ता उपलब्ध गराउन पाईने , बुदा नं ३ को ३ क मा समिति वा कार्यदल गठन गर्दा नै बैठक भत्ता उपलब्ध गराउने गरि निर्णय भएको अवस्थामा मात्र बैठक भत्ता उपलब्ध गराउने उल्लेख छ । बुदा नं ३५. को ३ घ मा कुनै कानुनले नतोकेको समिति वा कर्मचारी वा पदाधिकारी बैठकको लागि चिया खाजा बाहेक कुनै बैठक भत्ता उपलब्ध गराइने छैन भन्ने व्यवस्था छ । नियमित कार्यसम्पादनमा प्रकृया पुगी आएका उपलब्ध कागज प्रमाणका आधारमा टिप्पणी प्रकृया बाट प्याकेजमा निर्णय गरी कार्यान्वयन गर्न सकिने विषयमा पालिकाले निम्नानुसार कार्यका लागी पटके बैठक बसी भत्ता वितरण गरेको पाईयो । निर्देशिका अनुसार उक्त भत्ता भुक्तानी गर्न मिल्ने नदेखिएकोले भुक्तानी भएको रकम सम्बन्धितबाट असुल हुनु पर्ने रु

| समितिको नाम/ प्रकार | बैठक विषय | सदस्य | संख्या/ दिन | भत्ता दर | भत्ता रकम | कर बाहेक भत्ता रकम | |
|---|---|---|---|---|---|---|---|
| | | | नगर उप प्रमुख- रमेश बुढाथोकी | २ | १००० | २००० | १७०० |
| | | | वडा अध्यक्ष- सोम प्रसाद प्रधान | २ | १००० | २००० | १७०० |
| | | | वडा सदस्य- उमेश प्रधान | ३ | १००० | ३००० | २५५० |
| | | | वडा सदस्य- सीता मिजार | २ | १००० | २००० | १७०० |
| | | | वडा सदस्य- प्रेम खत्री | २ | १००० | २००० | १७०० |
| १४५३/२०८२।२।२२ | व्यावसाय दर्ता नवीकरण शिविर | व्यवसाय दर्ता नवीकरण | नगर प्रहरी नायव निरीक्षक-कृष्ण कार्की | ४ | १००० | ४००० | ३४०० |
| | | | नगर प्रमुख – जीवन खत्री | ७ | १००० | ७००० | ५९५० |
| | | | ८ नं वडा अध्यक्ष- जनक खत्री | २ | १००० | २००० | १७०० |
| | | | ६ नं वडा अध्यक्ष-धन बहादुर लामा | ३ | १००० | ३००० | २५५० |
| | | | ५ नं वडा अध्यक्ष- जयन्द्र खड्का | १ | १००० | १००० | ८५० |
| १७४३/२०८२।३।१८ | खानेपानी उपभोक्ता तथा सरसफाई | उपभोक्ता समिति दर्ता गर्ने | वडा अध्यक्ष- श्याम कृष्ण नयाँजु | १ | १००० | १००० | ८५० |
| जम्मा | | | | | | | २४६५० |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६,८००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,९५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,६५० |

४२ **नगरकोट भ्रमण वर्ष तयारी कार्यक्रम:-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने, नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने बिल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ ।पालिकाले भ्रमण वर्ष कार्यक्रममा ३० लाख खर्च गरेकोमा कार्यक्रम प्रगति तथा राजस्व संकलनमा परेको प्रभाव विष्लेषण हुनु पर्दछ । केही उदाहरण निम्न छन् ।

| मिति | गो भौ नं | कार्यक्रम | विवरण | खर्च |
|---|---|---|---|---|
| ११/२०/२०८१ | ९५८ | नगरकोट भ्रमण वर्ष तयारी कार्यक्रम | मसलन्द तथा अन्य सामाग्री खरिद | ३१३०१० |
| ११/२२/२०८१ | ९७४ | नगरकोट भ्रमण वर्ष तयारी कार्यक्रम | सम्झौता दाखिला फारम र बिलको आधारमा मसलन्द तथा अन्य सामाग्री खरिदको रकम भुक्तानी गरेको श्रेस्ता । - | ६७८०० |
| ११/२२/२०८१ | ९७५ | नगरकोट भ्रमण वर्ष तयारी कार्यक्रम | भ्रमण वर्ष तयारीको रकम श्री स्वेत भैरव अफसेट प्रेस | ४५०३०५ |
| १२/१०/२०८१ | १०९१ | नगरकोट भ्रमण वर्ष तयारी कार्यक्रम | नगरकोट भ्रमण वर्ष २०८१ तयारीका लागि उपस्थित संचारकर्मीहरुलाई यातायात खर्च वापत | ३५००० |
| | | | | ८६६११५ |

४३ **बढी भुक्तानी :** (१४८५-2082-02-26):

चाँगुनारायण नगरपालिकाको कार्यसञ्चालन निर्देशिका २०८१को दफा ४ ग (अ) मा सार्वजनिक विदाको दिनमा कार्यसम्पादन गरे वापत रु ५०० मात्र दिने उल्लेख छ । पालिकाले निम्नानुसारका नगर प्रहरीलाई सार्वजनिक विदाको दिनमा चाँगुनारायण क्षेत्रबाट निकासी हुने काँचो ईट्टाको निकासी शुल्क उठाउन खटिए वापत रु.८३५००.००भुक्तानी दिनु पर्नेमा रु.१२५२५०.०० भुक्तानी गरेको पाईयो । निर्देशिकामा तोकिएभन्दा रु २५०.००बढी दरमा अर्थात् दैनिक रु.७५० का दरले भुक्तानी गरेको पाईएकोले बढी भुक्तानी रकम रु. ४१७५० बाट करकट्टी बाहेकको रकम रु३५४८७.५० सम्बन्धितबाट असुल हुनु पर्ने रू.

| पद नाम थर | सार्वजनिक विदाको दिन | दिएको दर रु | दिनु पर्ने रु | बढी दिएको दर रु | बढी दिएको भत्ता रु | कर रु | कर बाहेक बढी भुक्तानी रू |
|---|---|---|---|---|---|---|---|
| नगर प्रहरी जवान-मदन वाग्ले | ३३ | ७५० | ५०० | २५० | ८२५० | १२३७.५ | ७०१२.५० |
| नगर प्रहरी जवान-लक्ष्मी काफ्ले | २७ | ७५० | ५०० | २५० | ६७५० | १०१२.५० | ५७३७.५० |
| नगर प्रहरी जवान-अन्जु बिसुंके | ३० | ७५० | ५०० | २५० | ७५०० | ११२५ | ६३७५ |
| कार्यालय सहयोगी-नविन खड्का | ३० | ७५० | ५०० | २५० | ७५०० | ११२५ | ६३७५ |
| कार्यालय सहयोगी-सृजना पुरी | ३० | ७५० | ५०० | २५० | ७५०० | ११२५ | ६३७५ |
| कार्यालय सहयोगी-शुक्र थिङ | १७ | ७५० | ५०० | २५० | ४२५० | ६३७.५० | ३६१२.५० |
| **जम्मा** | **१६७** | | | **२५०** | **४१७५०** | **६२६२.५०** | **३५४८७.५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,४८७.५ |

४४ **विपद सामानको हस्तान्तरण** (१७२-2081-06-14):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायिव नियमावली २०७७ को नियम १०५(२) मा हस्तान्तरण गरेको सामानको बुझिलिने कार्यालयले आफ्नो जिन्सी खातामा आम्दानी बाधेको जानकारी प्राप्त भएपछी साविक कार्यालयले त्यस्तो जिन्सी सामानको लगत कट्टा गर्नु पर्ने उल्लेख छ । पालिकाले न्यू सुप्रिम सप्लायर्स बाट रु .६५५८१०मा खरिद गरेका २८ किसिमका उद्धार सामान (rock helmate-6pcs,tenden-1 pcs,dry bag-2 pcs,rescue finger-8,desender devise-1pcs,prusic-1pcs,belaydevice-2 pcs,multi ancer -1pcs,chain saw-2pcs,wire cutter-3 pcs,rope12mmdia meter-250 cum,gumboot-10pair, water google-5pcs,knife- 1pcs,pully-5pcs,life jacket-6pcs) हस्तान्तरण फारम नं१/२०८१।११।२० बाट सशस्त्र प्रहरी बल नेपाल नं २२ गुल्म हे. क्वा गुह्येशवरी भक्तपुर लाई हस्तान्तरण भएको भनेकोमा प्रमाणित हस्तान्तरण फारम पेश नभएको, साथै उल्लिखित सामान सशस्त्र प्रहरी बल नेपाल नं २२ गुल्म हे. क्वा गुह्येशवरी भक्तपुरले आफ्नो जिन्सी खातामा आम्दानी बाधेको प्रमाण पेश नभएकोले उक्त कार्यालयले आम्दानी बाँधेको दाखिला प्रतिवेदन तथा उपयोग गरेको विवरण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५५,८१० |

४५ **मापदण्ड भन्दा वढी भुक्तानी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा आफ्नो अधिकार क्षेत्रको विषयमा ऐन बनाउन सक्ने र सो ऐन अन्तर्गत रहेर नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने व्यवस्था रहेको छ ।पालिकाले आवधिक सीप विकास तालिमका प्रशिक्षकको पारिश्रमिक सम्बन्धमा खर्चका मापदण्ड बनाएको छैन।अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को दफा ४३ को १५ अनुसूची ११ (३) ख मा ७ दिन भन्दा बढी ३० कार्य दिन सम्म मुख्य प्रशिक्षकको पारिश्रमिक दैनिक रु ७००, दफा ४३ को उप दफा १५ अनुसूची ११(३)ग मा ३० कार्य दिन भन्दा बढी अवधीको सीप विकास तालिममा मुख्य प्रशिक्षकको पारिश्रमिक मासिक रू.१५००० र सहायक प्रशिक्षकको मासिक रु १०००० हुने व्यवस्था छ । पालिकाको कार्यसञ्चालन निर्देशिकामा आवधिक तालिमको मापदण्डको व्यवस्था गरेको देखिएन।पालिकाले सञ्चालन गरेको निम्नानुसार सीप विकास तालिममा अर्थ मन्त्रालयले तोकिदिएको मापदण्ड भन्दा बढी भुक्तानी दिएको पाईएकोले मापदण्ड भन्दा बडी रु.१८१०५०भुक्तानी भएको रकम सम्बन्धित बाट असुल हुनु पर्ने रु.

| भौ नं | कार्यक्रम | प्रशिक्षक | दिन | भुक्तानी दर रू. | भुक्तानी अबधि | जम्मा भत्ता भुक्तानी | मापदण्ड अनुसार पाउने | बढी | कर बाहेक बढी |
|---|---|---|---|---|---|---|---|---|---|
| १४७४/ २०८२। २।२३ | उप प्रमुख संग उद्यम अनतरगत मखमल जुत्ता तालिम | दुर्गा प्रजापति | २० | २८०० | दैनिक | ५६००० | १४००० | ४२००० | ३५७०० |
| | | तुलसा खनाल | २० | २८०० | दैनिक | ५६००० | १४००० | ४२००० | ३५७०० |
| १८०२/२०८२। ३।१९ | उप प्रमुख संग उद्यम अन्तरगत ४५ दिने ब्यूटी पार्लर तालिम वडा नं ८ | मुख्य प्रशिक्षक पुनम केसी | ४५ | ४२००० | मासिक | ६३००० | २१००० | ४२००० | ३५७०० |
| | | सहायक प्रशिक्षक दिव्या तामाङ | ४५ | २४००० | मासिक | ३६००० | १५००० | २१००० | १७८५० |
| १६६८/ २०८२। ३।१६ | उप मेयर संग महिला वडा नं ६ न्याउली बाजा तालिम | प्रशिक्षक सुन बहादुर तामाङ | ३० | ४८००० | मासिक | ४८००० | १५००० | ३३००० | २८०५० |
| | | प्रशिक्षक राजेन्द्र बहादुर लामा | ३० | ४८००० | मासिक | ४८००० | १५००० | ३३००० | २८०५० |
| | | | | | | ३०७००० | ९४००० | २१३००० | १८१०५० |
| | | | | | | | | असुल गर्नुपर्ने | १,८१,०५० |

४६ **प्रस्ताव भन्दा बढी दरमा भुक्तानी-** (८५२-2081-11-02):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ। त्यस्तै नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट बिल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ । टुहुरा बालबालिकाहरु प्रति सकारात्मक सोच तथा व्यवहार निर्माण गर्न रु ५०००००।०० विनियोजन भई प्रस्ताव माग गरेकोमा सबैभन्दा कम कबोल गर्ने सिन्धु इन्द्रावती फिल्म्स प्रोडक्सन प्रा. लि. संग २०८१।९।१६ मा रु. ४९७७१० दिने गरी सम्झौता भएको थियो । निम्नानुसारका कृयाकलापमा तोकिए अनुसार प्रस्ताव भन्दा फरक कार्य अन्य कृयाकलाप सञ्चालन गरेको रु ५३७२३०को बिल भरपाई पेश गरेकोमा सम्झौता अनुसारको रु. ४९७७१० भुक्तानी दिएकोले सम्पादन नगरेको र घटी सम्पादन गरेको कार्यको रू. २४६२६० असुल हुनु पर्ने रु.

| | पेस गरेको प्रस्ताव अनुसार | | | | | खर्च विवरण अनुसार | |
|---|---|---|---|---|---|---|---|
| सि नं | विवरण/ कृयाकलाप | संख्या | दर | मासिक रु | बार्षिक रु | खर्च विवरण र भुक्तानी रु | घटी कार्यको भुक्तानी रु |
| १ | अनाथ टुहुरा बालबालिकाहरुको लागि खाद्यान्न वितरण | ५८ | ५०० | २९०००×३ | ८७००० | ४४००० | ४३००० |
| २ | स्टेशनरी | ५८ | १५० | ८११२×१२ | १०४४०० | ० | १०४४०० |
| ३ | खेलकुद सामाग्री | ५८ | ९० | ५२२०×१२ | ६२६४० | १८९०० | ४३७४० |
| ४ | नास्ता | ५८ | ९५ | ५५१०×१२ | ६६१२० | ११००० | ५५१२० |
| ५ | डकुमेन्ट्री निर्माण तथा प्रदर्शन | १ | १७७५५० | १७७५५०×१ | १७७५५० | ४६३३३० | |
| **जम्मा** | | | | | **४९७७१०** | **५३७२३०** | **२४६२६०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४६,२६० |

४७ **होटलमा कार्यक्रम:-**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०८१ को दफा ४६ मा सरकारी कार्यालयले सेमिनार, तालीम, गोष्ठी, छलफल, बैठक, अन्तर्क्रिया लगायतको कार्यक्रम सम्भव भएसम्म अनलाईन प्रविधिको माध्यमबाट सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने, भौतिक रूपमा नै उपस्थित भई सेमिनार, तालीम, गोष्ठी गर्नु परेमा उपलब्ध भएसम्म आफ्नै सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नु पर्ने, अत्यावश्यक काममा बाहेक अरु काममा आवासीय गोष्ठी गर्न नहुने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा नमुना छनोट गरी परीक्षण गरेकोमा पालिकाले निम्नानुसारका कार्यक्रम महँगो होटलमा सञ्चालन गरी रु. ४३९४७५०.०० खर्च गरेकोले कार्यक्रम मितव्ययी रुपमा सञ्चालन गरेको देखिएन । पालिकाले तालिम कार्यक्रम गर्दा खर्चमा मितव्ययिता कायम हुने गरी आफ्नै सभाहल वा बैठक कक्ष र उपलब्ध नभएमा सार्वजनिक सभाहल वा बैठक हल प्रयोग गर्नु पर्दछ ।

| भौ नं | कार्यक्रम | होटल | अवधी | उपस्थिति | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ७०७/ २०८१।१०।२ | स्वास्थय शिविर | होटल हिमालयन ग्लेसियर | २ दिन | १०७ | ८३९९९ |
| ७१५/ २०८१।१०।३ | LISA/FRA सुचक बारेमा छलफल | होटल मिस्टिक माउण्टेन प्रा लि | २ दिन | ३२ जना | ४९८४९९ |
| ११४/ २०८१।१२। १३ | राजस्व सम्बन्धी अभिमुखीकरण | होटल चौतारी नगरकोट | २ दिन | ५०जना | ३३३५६० |
| १२९०/ २०८१।१। ११ | बागमती प्रदेश स्तरिय धिमेबाजा प्रतियोगिता | सेराटन ब्याङक्वेट प्रा ली | १ | | ९७८००० |
| १६५/२०८१।११।१६ सशर्त चालु | सिकाइ आपुरण तथा द्रुत सिकाइ | रत्नागिरी रिसोर्ट | २ दिन | | २८६१९६ |
| १२२८/ २०८२।१।५ | मेयर्स फोरमको २०८१।११।३ र ४ गते भएको ११ औ बैठक | होटल सोल्टी तायोईको रिसोर्ट होटल प्राली नगरकोट | २ | २७८ जना | २२१४४९६ |
| | | होटल अतिथि सत्कार प्रा लि गौरीशंकर होटल मेनेजमेन्ट प्रा ली | | | |
| जम्मा | | | | | ४३९४७५० |

## ४८ शिक्षक दरबन्दी र पदपूर्ति

शिक्षक सेवा नियमावली, २०५७ को नियम (८) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका सामुदायिक विद्यालयको रिक्त शिक्षक दरबन्दीको विवरण प्रत्येक वर्षको जेठ मसान्तसम्म सम्बन्धित जिल्लास्थित शिक्षा विकास तथा समन्वय ईकाईमा पठाउनु पर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्येकरार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | चाँगुनारायण मा वि | २३ | २२ | | ६४९ |
| २ | मनोहरा आ वि | १० | १० | | २३२ |
| ३ | विनायक सरस्वती | ६ | ६ | | १११ |
| ४ | गणेश आ वि २ | १० | १० | | ३६७ |
| ५ | आजाद मा वि | ११ | ११ | | ३०४ |
| ६ | भैरवी आ वि | ४ | ४ | | ४८ |
| ७ | यापीभैरव आ वि | ७ | ७ | | १३० |
| ८ | बालभुषण आ वि | ९ | ९ | | १२३ |
| ९ | गणेश आ वि ३ | ३ | ३ | | ६२ |
| १० | दोलागिरी मा वि | १५ | १५ | | १८० |
| ११ | कृष्ण आ वि | ३ | ३ | | ४२ |
| १२ | बालभक्त आ वि | ३ | ३ | १ | ३२ |
| १३ | गणेश मा वि-५ | १५ | १५ | | ५४७ |
| १४ | राधाकृष्ण आ वि | ९ | ८ | | १२३ |
| १५ | ज्ञानज्योति आ वि | ७ | ७ | १ | ७७ |
| १६ | तौथली आ वि | ३ | ३ | | १४ |
| १७ | चेतना आ वि | | | | ९ |
| १८ | कालिका मा वि | १० | १० | ३ | १२४ |
| १९ | चुनादेवी मा वि | १२ | १२ | | १९१ |
| २० | गडगडे आ वि | ८ | ८ | | ६७ |
| २१ | नगरकोट आ वि | ९ | ९ | | ८५ |
| २२ | श्रीकृष्ण मा वि | १९ | १९ | | ५२१ |
| २३ | वागेहिणी मा वि | १२ | १२ | १ | ७९ |
| २४ | वाल्मिकी आ वि | ९ | ९ | १ | १०३ |
| २५ | महेन्द्रग्राम मा वि | २२ | २२ | ३ | ६६५ |
| २६ | सरस्वती मा वि | १६ | १६ | २ | ३१५ |
| २७ | पञ्चकन्या मा वि | १४ | १४ | | ३१७ |
| २८ | कालिका आ वि | ४ | ४ | १ | ६८ |
| २९ | वाल्मिकेश्वर मा वि | १४ | १४ | २ | ३७९ |
| ३० | ठुलीब्रम्हायणी आ वि | ७ | ७ | १ | १५० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | गणेश मा वि ९ | १६ | १६ | | १४७ |
| ३२ | देवी मा वि | २४ | २४ | २ | ५९७ |
| ३३ | डाँडापाटी आ वि | ४ | ४ | | ८५ |
| ३४ | फैढोका आ वि | ८ | ८ | | १४८ |
| | | २०८ | २०८ | १६ | ४०४१ |

पालिका अन्तर्गत ३४ विद्यालयमा २०८ दरबन्दी रहेकोमा शत प्रतिशत पदपूर्ती रहेकोमा १६ जना राहत तथा करारमा रहेको देखिन्छ। विद्यालयमा जम्मा विद्यार्थी संख्या ४०४१ रहेको र औसत १९ शिक्षक विद्यार्थी अनुपात रहेको देखिन्छ ।

### ४९ प्रति विद्यार्थी लागत

नगरपालिकाले सामाजिक सेवा तर्फ गरेका अल्पकालिन लगानी, दीर्घकालीन लगानीलाई लागत लाभ मापन हुने गरी लगानीको सुनिश्चितता गर्नु पर्दछ । तिनै तहका सरकारवाट विद्यालयको संचालन व्यवस्थापनका लागि नगरपालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा गएको निकासा तथा विद्यार्थी अनुपातमा निकालेको प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| सि नं | बजेट विवरण | बजेट | खर्च रकम | विद्यार्थी संख्या |
|---|---|---|---|---|
| १ | संघ | २९३०३७००० | २६७३७९००४ | ७०९१ |
| २ | प्रदेश | ५६८००० | ५२४२६८ | |
| ३ | पालिका | ६१७५०००० | ५७०६०१८१ | |
| | जम्मा | ३५५३५५००० | ३२४९६३४५३ | |
| | प्रति विद्यार्थी लागतः रु.४५८२७.५९ | | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बाल विकास देखि कक्षा १२ सम्म प्रति विद्यार्थी लागत रू.४५८२७.५९ रहेको देखिन्छ । विद्यार्थीमा भएको लगानीको प्रतिफल क्लास आउट भएपछि मात्र देखिने हुँदा लगानीका आधारमा विद्यार्थी उतीर्ण हुने गरी गुणस्तरीय शिक्षाका लागि शिक्षण विधि प्रक्रियालाई परिमार्जन गरी उत्कृष्ट नतिजा ल्याउने गरी पठनपाठनलाई व्यवस्थित, व्यवहारिक, सीपयुक्त बनाउने तर्फ लगानीलाई केन्द्रित गर्नुपर्दछ ।

### ५० शैक्षिक गुणस्तर

पालिकाको शिक्षा शाखाबाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत २०८१ सालको एस.ई.ई. परीक्षामा सहभागी विद्यार्थीमध्ये नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलनात्मक विवरण देहायअनुसार छ ।

| एस.ई.ई. परीक्षामा सहभागी जम्मा विद्यार्थी संख्या | | उत्तीर्ण विद्यार्थी सख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|
| संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| ३४२ | ४०९ | ३३२ | ३१८ | ९७.०८ | ७७.८ |

१६ सामुदायिक विद्यालयमा एस.ई.ई. परीक्षामा सहभागी मध्ये ७७.८ प्रतिशत मात्र उत्तीर्ण रहेको पाईयो । शैक्षिक गुणस्तरमा थप अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

### ५१ विद्यार्थी संख्या भन्दा बढी बालविकास सहजकर्ता

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०७५ को प्रथम संशोधन २०७७ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने र प्रत्येक विद्यालयमा १ जनामात्र कार्यालय सहयोगी राख्न सकिने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित निम्नानुसारका ५ विद्यालयमा २५ जना भन्दा कम विद्यार्थी रहेकोमा समेत १ भन्दा बढी बाल विकास शिक्षक रहेकोले बढी ६ जना बाल विकास शिक्षकको पारिश्रमिक

व्ययभार परेकोमा बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु. ९०००।- का दरले भुक्तानी भएको रकम रु.११४०००० नियम सम्मत नदेखिएको रु.

| विद्यालय | विद्यर्थि | कार्यरत संख्या | राख्न मिल्ने | बढी |
|---|---|---|---|---|
| चाँगुनारायण मा.वि | २१ | २ | १ | १ |
| चुनादेवी मा.वि., | १८ | ३ | १ | २ |
| गडगडे आ.वि., | १६ | २ | १ | १ |
| कालिका आ.वि., | ११ | २ | १ | १ |
| गणेश मा.वि.-९ | २४ | २ | १ | १ |
| जम्मा | | | | ६ |

| | |
|---|---|
| अनियमित भएको | ११,४०,००० |

५२ **निजी विद्यालय अनुदानः**

नेपालको संविधानको अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको देखिन्छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन , २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास तथा शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पांचसय जनासम्म, पांचसय देखि आठसय जनासम्म र आठसय भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग , महिला, दलित र जनजाति विद्यार्थीलाई छात्र वृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। यसर्थ पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ

५३ **सेनिटरी प्याड खरिदः** (३३०-2082-03-24):

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ मा सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि ६-१२ सम्मको छात्राको तथ्यांक यकीन गरी वार्षिक १० महिना अवधिको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नुपर्दछ। साथै गत विगतको मौज्दातको अवस्था यकीन गरी आवश्यक मात्र नियमानुसार खरिद तथा वितरण गर्नुपर्दछ। सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को ४(४) अनुसार स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता र विद्यालयहरुमा भण्डार क्षमताको आधारमा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्नुपर्दछ।पालिकाले ५-१० कक्षा सम्मका १८११ जना छात्राको लागि २२२८० प्याकेट सेनिटरी प्याडको रु.१५६०९३६।- लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट हेल्थ एण्ड हाइजिन सँग सम्झौता गरी रु.८०५६४४।- मा खरिद गरेको देखियो।विद्यालयको माग फारम तथा मौज्दात यकिन नगरी लागत अनुमान तयार गरी कार्यवधि विपरीत विद्यालयलाई एकैपटक वितरण गरेको देखियो। लामो समयसम्म मौज्दात रहेमा वा राम्रो सँग भण्डारण नभएमा प्याडको गुणस्तरमा ह्रास भई स्वास्थ्य समस्या हुन सक्ने भएकोले कार्यविधिले तोकेको मापदण्डमा मात्र सेनिटरी प्याड वितरण गर्नुपर्दछ।

५४ **सामुदायिक सिकाइ केन्द्रः** (३०४-2082-03-17):

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को ६.७को (क) मा बजेट तथा खर्च कार्यक्रम स्वीकृत गरेको,लेखापरीक्षण प्रतिवेदन पेश गरेको र शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमितरुपमा प्रतिवेदन पेश गरेको सामुदायिक सिकाइ केन्द्रलाई अनुदान उपलब्ध गराउने,(छ) मा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन मापदण्ड,२०७८ बमोजिम काम नगरेकालाई कुनै पनि प्रकारको अनुदान उपलब्ध नगराउने उल्लेख छ।सामुदायिक सिकाइ केन्द्र संचालन तथा

व्यवस्थापन मापदण्ड,२०७८ को दफा ११(१) मा केन्द्रले संचालन गर्नुपर्ने कार्यक्रम जस्तै निरन्तर शिक्षा, विभिन्न सीप विकास,व्यावसायिक विकास तालिमहरु, जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नुपर्ने व्यवस्था छ। पालिकाको देहायका सामुदायिक सिकाइ केन्द्रहरुले मापदण्डमा तोकिएको कार्यक्रमहरु नगर्नुका साथै कार्यविधिमा तोकेबमोजिम पालिकाबाट कार्यक्रमको प्रस्तावना स्वीकृत नगरी खरिद ऐन तथा नियमको पालना बेगर प्रिन्टर ल्यापटप जस्ता मालसमान खरिद गर्ने, उक्त मालसमान जिन्सी दाखिला नगर्ने, दफा १७ मा तोकेबमोजिम प्रत्येक वर्षमा गरेका कार्यक्रम र उपलब्धि समेतको वार्षिक प्रतिवेदन तयार गर्ने गरेको देखिएन। सामुदायिक सिकाइ केन्द्रले उपरोक्त मापदण्ड र कार्यविधि बमोजिम तोकिएको कार्यक्रम संचालन नगरी खरिद कार्य गरेको नियम संगत नदेखिएको रु. ४७३०९५

| सा.सि.केन्द्रको नाम | मालसमानको विवरण | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| बागेश्वरी सा.सि.के. | Dell ल्यापटप I7,१ थान | अजिमा कम्प्युटर सेल एण्ड सर्भिस | १०१७०० | जिन्सी खातामा दाखिला समेत नभएको |
| दुवाकोट सा.सि.के. | aserल्यापटप१थान | डिगी प्लस इन्टरप्राइजेज | ९८५०० | |
| नगरकोट सा.सि.के. | ल्यापटप I5, | डिगी प्लस इन्टरप्राइजेज | ७७००० | |
| चाँगुनारायण सा.सि.के. | Asus vivo book १थान | कम्प्लीट कमर्सियल एण्ड डिजाइनर्स प्रा.लि | ७४००० | |
| | प्रिन्टर१थान | स्टोर नाइन नेपाल | १८५०० | |
| ताथली सा.सि.के. | Dell डेस्कटप वेस्ट्रो I5,१थान | द बेस्ट कम्प्यटर हाउस | ७२३२० | |
| | प्रिन्टर क्यानन १थान | | ३१०७५ | |
| जम्मा | | | **४७३०९५** | |

| | |
|---|---|
| अनियमित भएको | ४,७३,०९५ |

५५ **दिवा खाजाः**

शिक्षा तथा मानवस्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को २.७.८ को क्रियाकलाप नं २.७.११.१(ज) मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको शुरुमै IEMISमा समावेश भई सत्यापन भएको विद्यार्थी सङ्ख्याको आधारमा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर १८० दिनका लागि दैनिक रू.१५का दरले स्थानीय तहले विद्यालयलाई निकासा दिने व्यवस्था छ।पालिकाले आन्तरिक श्रोतबाट विद्यार्थी संख्या लाई आधार मानेर कार्यविधिको नर्म्स बमोजिम नै १८०दिनको रु.१५ थप गरी निकासा दिने व्यवस्था गरेको छ।सशर्त अनुदान अन्तर्गत ३४ वटा विद्यालयलाई जम्मा रू.११०४७०६५ ।- र पालिकाबाट समेत जम्मा रु.११०४७०६५।– निकासा दिएकोमा तपशिलका विद्यालयमा १८० दिन भन्दा बढी दिनको दिवा खाजा वापत निकासा भएको देखियो।स्वीकृत नर्म्स भन्दा बढी निकासा रू. ५६८६८०।– असुल गर्नुपर्ने

| विद्यालयको नाम | विद्यार्थी संख्या(२०८१ सालको) | निकासा रकम सशर्तबाट | निकासा पालिकाबाट | कुल जम्मा निकासा | विद्यार्थी संख्याको आधारमा जम्मा १८० दिनको जम्मा रु.३०को दरले निकासा हुनुपर्ने रकम | जम्मा बढी निकासा रु. |
|---|---|---|---|---|---|---|
| श्री बालभुषण आ. वि. | ९४ | २५८०४५ | २५८०४५ | ५१६०९० | ५०७६०० | ८४९० |
| श्री चुनदेवी मा. वि. | ८० | २४८४१५ | २४८४१५ | ४९६८३० | ४३२००० | ६४८३० |
| श्री गणेश आ.वि ३ | ४४ | ३०३६४० | ३०३६४० | ६०७२८० | २३७६०० | ३६७६८० |
| श्री नगरकोट आ.वि. | ५६ | १७२५०० | १७२५०० | ३४५००० | ३०२४०० | ४२६०० |
| श्री राधाकृष्ण आ.वि. | ७० | २१०३६० | २१०३६० | ४२०७२० | ३७८००० | ४२७२० |
| श्री ठुली ब्रम्हायणी आ.वि. | ११८ | ३३९७८० | ३३९७८० | ६७९५६० | ६३७२०० | ४२३६० |
| | | | | | जम्मा | ५६८६८० |

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१०५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **२६,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१२४,३८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **३,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६८,६८० |

५६ **नपुग बिल भरपाईः**

५६.१ (२६०-2082-02-27):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टि गर्ने बिल भर्पाई, प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले निःशुल्क पाठ्यपुस्तक वापत श्री राधाकृष्ण आ.वि.लाई रु.५४४५८।– निकासा गरेकोमा रु.५२०००।-को मात्र पाठ्यपुस्तकको बिल पेश भएकोले नपुग बिल बमोजिम रु. २४५८।-असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४५८ |

५६.२ भौचर नं ११८/०८१/९/१६ बाट आपुरण तथा द्रुत सिकाई योजना (ReAl) अन्तर्गत श्री राधाकृष्ण आ.वि.लाई रु.२००००।– निकासा गरेकोमा सोको बिल भरपाई पेश नभएको देखियो। बिल भरपाई लगायतका प्रमाण पेश गर्नुपर्ने रु.२००००।–

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००० |

५७ **मापदण्ड बेगरको भुक्तानीः**

पालिकाको कार्यसञ्चालन निर्देशिका २०८१ को दफा ३५(ज) मा एक दिन सम्मको कार्यक्रममा अनुगमन खर्च समावेश गर्न नपाइने र बजार अनुगमन र परीक्षा अनुगमन बाहेक नियमित रुपमा अनुगमन गर्नुपर्ने निकायको अनुगमनमा कुनै किसिमको भत्ता दिइने व्यवस्था नरहेको उल्लेख छ।स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका कृयाकलापहरु संचालन सम्बन्धी मापदण्डको क्षयरोग सम्बन्धी कार्यक्रमको अनुसूची १ मा समेत अनुगमन भत्ता सम्बन्धी कुनै व्यवस्था रहेको देखिएन। पालिकाले देहाय बमोजिम अनुगमन भत्ता तथा खाजा खर्च भुक्तानी लिएकोमा सो को कुनै आधार देखिएन। पालिकाको कार्यसञ्चालन निर्देशिका विपरीत अनुगमन भत्ता वापत भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौचर नं.र मिति | भुक्तानी पाउनेको नाम | विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ११२।०८१।९।७ | लेखापाल विमला थापा | | १६०० | क्षयरोगमुक्त नगरपालिका घोषणा गर्न समुदायमा सक्रिय क्षयरोग खोजपडतालन एक्स-रे स्क्रिनिङ क्याम्प संचालन गर्दा स्वास्थ्य केन्द्रहरुको अनुगमनवापत।कार्यक्रम संचालनको बजेट बाँडफाँडको टिप्पणी स्वीकृत गर्दा ४ अनुगमनको जम्मा रु.६४०० खर्च स्वीकृत गराएको छ। |
| १३६।०८१।१०।८ | उपप्रमुख रमेश बुढाथोकी | नगरकोट स्वा.चौ. | १६०० | |
| २८२।०८२।३।६ | सन्ध**या** दहाल | | ८५० | सामुदायिक विद्यालयका आइटी शिक्षक लेखा कर्मचारी तथा प्रधानाध्यापकलाई आइटी सम्बन्धी ५ दिने तालिमको अनुगमन |
| ३२३।०८२।३।२० | राजाराम खत्री | | ३००० | मंसिर देखि अषाढ महिना सम्म शनिबार औषधि रिप्याकिङको काम गरेकोले खाजा खर्च रु.५०० प्रतिदिनको दरले |
| जम्मा | | | **७०५०** | |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१३,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **९,६५०**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,०५० |

५८ **लागत सहभागिताः**

संघीय सरकारको समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा ६ मा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धि, दिगोपना आदिको आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम संघीय सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ ।संघीय समपूरक कार्यक्रम अन्तर्गत के. एम. सी. फैढोका चा. न. पा. १ वडा सरस्वती खेल बसपार्क सोम्थाली स्यालडाँडा सडक निर्माण कार्यको लागि यस वर्ष रु. २२३१३९७.०० खर्च भएकोमा संघीय सरकार र पालिकाको ५०/५० प्रतिशत खर्च गर्नुपर्नेमा सम्पूर्ण रकम संघीय सरकारबाट खर्च भएको देखिएकोले संघीय सरकारबाट बढी खर्च लेखेको रु.१११५६९८ संघीय सम्बन्धित संचितकोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,१६,६९८ |

५९ **हेमाटोलोजि एनलाईजर खरिदः** (३३१-2082-03-20):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ (३) मा प्रविधिजन्य कुनै सम्पत्ति तथा जिन्सी मालसामानको हकमा सम्बन्धित कार्यालयको प्राविधिकबाट जाँच गराई के कस्तो अवस्थमा जिन्सी मालसामान प्राप्त भएको हो प्रमाणित गराई लगत खडा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष त्रिया ट्रेडिङ्ग कन्सर्नबाट खरिद गरी कार्यालयमा २०८२।३।१८ मा दाखिला गरेकोमा प्राविधिकबाट जाँच गराई post-delivery inspection (PDI) report तयार गरेको पाइएन। जसले गर्दा उक्त मेशिन स्पेशिफिकेशन अनुसार आए नआएको सम्बन्धमा यकिन हुने अवस्था रहेन । साथै उक्त मेशिन लेखापरीक्षण अवधि २०८२ माघ सम्म पनि प्रयोगमा ल्याएको देखिएन। यस सम्बन्धमा पालिकाले ध्यान पुर्याउनु पर्दछ।

६० **सि.बी.आर कार्यक्रमः**

६०.१ (४५-2082-03-19):

बागमती प्रदेश अपाङ्ता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनःस्थापना कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा १५(ग) मा अपाङ्गता समुदायमा आधारित पुनःस्थापना कार्यक्रमको कुल बजेट मध्ये ६०% प्रदेश सरकारले उपलब्ध गराउने र बाँकी ४०% स्थानीय तहले उपलब्ध गराउने व्यवस्था छ। समुदायमा आधारित पुनःस्थापना संस्था, भक्तपुरसँग रु.४७५०००।- उक्त कार्यक्रम संचालन गरेकोमा संस्थाले ४०००२०।- को कुल खर्चको बिल भर्पाई प्रस्तुत गरेकोमा उक्त खर्च रकमको ६०% ले रु.२४००००।-

प्रदेशबाट भुक्तानी हुनुपर्नेमा रु.२७००००।- भुक्तानी भएको देखियो।प्रदेशको अनुपातिक खर्च बढी भएको देखिएकोले पालिकाबाट रु.३००००।- प्रदेश सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३०,००० |

६०.२ बागमती प्रदेश अपाङ्ता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनःस्र्थापना कार्यक्रम संचालन कार्यविधि,२०८० को दफा १२ मा सी.बी.आर कार्यक्रम संचालन गर्ने संस्थाले अनुसूची २ मा उल्लेख भए बमोजिम कार्यक्रमबाट भएका गुणात्मक उपलब्धि तथा संख्यात्मक उपलब्धि तथा प्रभाव, चुनौती तथा सुझावहरु समेत समावेश गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था अनुसार उक्त संस्थाले प्रतिवेदन पेश गरेको देखिएन।पालिकाले कार्यविधि अनुसारको प्रतिवेदन पेश गर्न लगाउनु पर्दछ।

६१ **गरीबसँग विश्वेश्वर कार्यक्रमः**

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं. ४१मिति २०८१।४।९ को परिपत्रको (क) अनुसार गरीबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयनको लागि प्राप्त हुने सशर्त चालु तथा पूँजीगत अनुदान स्थानीय तहले प्रचलित कानुन बमोजिम कार्यक्रम तयार गर्नुपर्ने,(ख) मा चालुबाट सामाजिक परिचालको पारिश्रमिक तथा भत्ता र (घ) मा पूँजीगत अनुदान लक्षित परिवारको माग बमोजिम स-साना माग बमोजिमका ग्रामीण पूर्वाधार विकास कार्यक्रम तथा उत्पादनमूखी र आय आर्जन हुने खालको कार्यक्रम कार्याव्यिन गर्ने उल्लेख छ। साथै कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमबाट पहिचान गरी समूह संस्थामा आबद्ध भएका लक्षित परिवारहरु र नेपाल सरकारले पहिचान गरी गरिबी घरपरिवार परिचयपत्र प्रदान गरेका घरपरिवारलाई लाभ पुग्ने गरी गर्नुपर्ने उल्लेख छ।पालिकाले भौचर नं.३२७/०८२/३/२३ बाट वडा नं ९ ताथलीमा यो कार्यक्रममा आबद्ध १५ समूहका सदस्यहरुलाई रु.१००००।– र नगरकोटका १० जना सदस्यहरुलाई रु.१५०००।-बाख्रा साटासाट कार्यक्रमको लागि नगद रकम उपलब्ध गराएको देखियो। परिपत्रअनुसार उत्पादनमूखी र आय आर्जन हुनेखालको कार्यक्रम संचालन नगर्नुको साथै सदस्यहरुको गरिबी घरपरिवार परिचयपत्र समेत वितरण गरेको देखिएन।जसबाट कार्यक्रम संचालन भएको लक्षित क्षेत्रमा आबद्ध समूह संस्थाको संख्या, समूह छनौटको आधार, लक्षित परिवारहरुको संख्या यकिन गर्न सकिएन।परिपत्रमा उल्लेख भए बमोजिम उत्पादनमूखी तथा आय आर्जन हुने खालको कार्यक्रम संचालन गरी परिचय पत्र वितरण गरी लक्षित वर्ग/समूहको विवरण अद्यावधिक गर्नुपर्दछ।

६२ **नर्म्स भन्दा बढीः**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०८१को अनुसूची ११मा तालिम, गोष्ठी, सेमिनार लगायतका खर्चको मापदण्ड अनुसूचीमा उल्लेखित दरमा खर्च गर्नुपर्ने र सि.नं.४ को स्पष्टीकरणमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख रहेको छ।साथै सोही अनुसूचीको द्रष्टव्यको बुँदा नं ५ मा आतेजाते गरी २ दिन सम्मको लागि एकमुष्ट २००।– र सो भन्दा बढी जतिसुकै दिन भए पनि रु.५०० एकमुष्ट यातायात खर्च पाउने व्यवस्था छ। पालिकाले तपशिल बमोजिमका कार्यक्रम संचालन गर्दा अनुसूचीमा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको साथै पालिकाका स्रोत व्यक्तिलाई समेत प्रशिक्षक र कार्यपत्र दुवै वापत भत्ताहरु भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी ३२६९४।- असुल गर्नुपर्ने रु.

| भौचर नं र मिति | विवरण/कार्यक्रमको नाम | भुक्तानी लिनेको नाम | सेशन संख्या | वापत | दिनुपर्ने रकम कर बाहेक | भुक्तानी रकम कर बाहेक | बढी भुक्तानी कर बाहेक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २७२। ०८२।३।३ | विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम | रीता पौडेल | ५ | कक्षा संचालन,कार्यपत्र र यातायात(३५०+७००+५०० प्रति सेशन लिएको) | ३४७५ | ६९६२ | ३४८७ | योग शिक्षाको ०८२।२। १९-२३ सम्म बिहान ७-९.३० सम्मको कार्यक्रम संचालन |
| | | पल्लवी आचार्य | ५ | कक्षा संचालन,कार्यपत्र र यातायात(३५०+७००+५०० प्रति सेशन लिएको) | ३४७५ | ६९६२ | ३४८७ | |
| २८०। ०८२।३।६ | नागरिक आरोग्य क्लिनिक | रीता पौडेल | ११ | यातायात(५०० प्रति कार्यक्रम) | २२०० | ५५०० | ३३०० | वडा नं ९ मा प्रत्येक महिना मा १ दिनको कार्यक्रम संचालन गर्दाको यातायात खर्च |
| | | पल्लवी आचार्य | ९ | यातायात | १८०० | ४५०० | २७०० | |
| | | गंगा गिरी | २० | यातायात | ४००० | १०००० | ६००० | |
| १०३। ०८१।८। २७ | मेडपाको १ दिने अभिमूखीकरण | सन्तोषी नेपाली | २ | सहजकर्ता(आन्तरिक) | १३६० | २७२० | १३६० | कार्यपत्र वापत ८०० प्रतिसेसन मात्र पाउने |
| १११। ०८१।९।४ | सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम | शिव प्र हुमेगाई | १ | प्रशिक्षक(आन्तरिक) | ६८० | १३६० | ६८० | |
| | | सन्तोषी नेपाली | २ | प्रशिक्षक | १३६० | २७२० | १३६० | |
| १३५। ०८१।१०। ३ | वडा३ मा ८ दिने उद्यमशीलता कार्यक्रम | शिव प्र.हुमेगाई | ३ | सहजकर्ता | २०४० | ४०८० | २०४० | |
| | | सृजन हन्जु | ८ | सहजकर्ता | ५४४० | ७४८० | २०४० | |
| | | सन्तोषी नेपाली | ८ | सहजकर्ता | ५४४० | १०८८० | ५४४० | |
| | | शान्तिराम खतिवडा | २ | यातायात खर्च | २०० | १००० | ८०० | |
| | | | | | | | ३२६९४ | |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,६४०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,६९४ |

६३ **कर कट्टीः**

आयकर ऐनको दफा ८८,८९ र अनुसूची १ मा निर्दिष्ट भए बमोजिम आयकर लगायतका कर कट्टी गरी भुक्तानी गर्नुपर्दछ।पालिकाले देहायका भुक्तानी गर्दा ऐन बमोजिम सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, तथा अग्रीम आयकर वापत क्रमशः १, १५ र १.५ प्रतिशत कर कट्टी गरेको देखिएन। कर वापतको रकम असुल गर्नुपर्ने रु.

| .सि.केन्द्र | वापत | भुक्तानी रकम | कर रकम |
|---|---|---|---|
| नगरकोट सा.सि.केन्द्र | ५नर्सिङ स्टाफलाई रु१०००को दरले प्रशिक्षक भत्ता | ५००० | ७५० |
| | सामाजिक परिचालकको तलब | १३०००० | १३०० |
| चाँगुनारायण सा.सि.केन्द्र | ग्यास चुलो मर्मतको २दिने तालिमको ३ जना प्रशिक्षकको भत्ता | ३८४०० | ५७६० |
| | सामाजिक परिचालको तलब | १३०००० | १३०० |
| | | | ९११० |

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१०,२८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,११० |

६४ **अनुदान**

६४.१ **ग्रामिण अपाङ्गता समन्वय समिति अनुदान**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **८९८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६४.२ (२३४-2081-06-21):

**बढी अनुदान :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी विल सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ ।पालिकाले ग्रामीण अपाङ्गता समन्वय समितिले पेश गरेको २०८१ असोज महिना सम्मको शिक्षक पारिश्रमिक रु ६००००.०० गाडी भाडा रु. १०५०००.०० समेत १६५०००.०० बाट कर रु ११११०० कटाई रु १५३९००.०० मात्र अनुदान दिनु पर्नेमा रु.१८५४००.०० अनुदान दिएकोले बढी भुक्तानी भएको रु.३१५००.०० सम्बन्धित समितिबाट असुल हुनु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,५०० |

६४.३ (११७९-2081-12-27):

**नाल्दुम पर्यटन विकास समिति अनुदान :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ । त्यस्तै नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट बिल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ । नगरपालिकाको २०८१।१२।२१को निर्णय अनुसार नगरकोट भ्रमण वर्ष २०८२ नाल्दुम पर्यटन विकास समितिलाई अनुदान स्वरुप रु. १०,००,०००.०० समेत यस वर्ष कुल जम्मा रु. १४१९०६४ भुक्तानी दिएको पाईयो । अक्त अनुदान रकमको सम्झौता, प्रगति तथा लेखापरीक्षण प्रतिवेदन पेश नभएकोले पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१९,०६४ |

६४.४ (१८७६-2082-03-21):

**एम्बुलेन्स सञ्चालन :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ । त्यस्तै नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट बिल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ ।नेपाल रेडक्रस सोसाईटी, ताथली शाखा र सुडाल ब्रम्हायणी विकास समिति लाई एम्बुलेन्स सञ्चालनको लागि १००००० का दरमा जम्मा रु.२००००० दिएकोमा सेवा प्रवाहको विवरण पेश नभएकोले पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६४.५ **प्राविधिक शिक्षा सञ्चालन अनुदान :-** ४५४/२०८१।८।१६, १००४/२०८१।११।२७ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तहमार्फत अनुदान वितरण मापदण्ड, २०८० को बुंदा २ मा अनुदान प्राप्त गर्ने शिक्षालयको योग्यता सम्बन्धी व्यवस्था उल्लेख छ । जसअनुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सम्बन्धन लिई प्रि डिप्लोमा तह वा डिप्लोमा तहको कुनै एक कार्यक्रम सञ्चालनमा रहेको सामुदायिक विद्यालय वा गैर नाफामूलक संगठित संस्था भएको र चालु शैक्षिक सत्रमा प्रशिक्षार्थी भर्ना कम्तिमा एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा ५० प्रतिशत रजिष्ट्रेशन अनिवार्य कायम भएको हुनुपर्ने उल्लेख छ । पालिकाले डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ कार्यक्रम सञ्चालनको लागि श्री कृष्ण माध्यामिक विद्यालय खरिपाटी चाँगुनारायण नगरपालिका ७ लाई रु.१००००००.००दिएको छ। चालु शैक्षिक शत्रमा उक्त कार्यक्रमको लागि ४८ कोटाको लागि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदको सम्बन्धन लिएकोमा मापदण्ड अनुसार अनुदान प्रप्त गर्न सो को ५० प्रतिशत अर्थात २४ जना विद्यार्थी भर्ना भएको हुनु पर्नेमा १२ जना मात्र भर्ना भएको देखियो । सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदानवापत रु.१० लाख निकासा गरेकोमा विद्यालयले एक कार्यक्रममा तोकिएको कोटाको कम्तिमा ५० प्रतिशत रजिष्ट्रेशन कायम गर्न नसकेको अवस्थामा समेत पालिकाले अनुदान निकासा दिएको उचित देखिएन । अतः उक्त निकासा रकम सम्बन्धित विद्यालयबाट असुल गरी स्थानीय सञ्चित कोष दाखिला हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००,००० |

६५ **वितरणमुखी कार्यक्रमको लागी खर्च :-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च लेख्दा मितव्ययीता अपनाउनुपर्ने उल्लेख छ । साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३(६) मा स्विकृत बजेट खर्च गर्दा नियमितता कार्यदक्षता प्रभावकारिता र

औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसारका वितरणमुखी कार्यक्रमहरुमा खर्च गर्दा दीर्घकालीन पुँजीवृद्धि हुने कार्यक्रमको कार्यान्वयन हुन सकेको छैन । वितरणमुखी कार्यक्रममा खर्च लेख्दा पटके खरिद हुने र खरिदमा प्रतिस्पर्धा पनि नभएको स्थिति छ । वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च नगरी दिगो कार्यक्रम प्रवर्द्धनमा ध्यान दिनुपर्ने देखिन्छ ।

| भौ नं | पाउने | प्रयोजन | वितरण | रकम |
|---|---|---|---|---|
| १७१/ २०८१। ७।१८ | मनिकर्णिका घाट व्यवस्थापन | घाट व्यवस्थापन | १९ किसिमका भाँडा | ३२४४५२ |
| ३०१/ २०८१। ७।१८ | जेष्ठनागरिक १२५ जना | सम्मान | कम्मबल १२५वटा , च्यावनप्रास १२५वटा, दोसल्ला १२५ वटा | ४०६९४० |
| १७११/ २०८२। ३।१८ | नेपाल प्रजातन्त्र सेनानी संघ | महाधीवेशन | नगद अनुदान | १९८६० |
| ५१४/ २०८१। ८।२७ | नवदुर्गा महिला कृषक समुह | साँस्कृतिक कार्यक्रम | नगद अनुदान | ५०००० |
| ५८०/ २०८१। ९।७ | रत्नचण्डेश्वर महादेव पोखरी संरक्षण समिति | मेला व्यवस्थापन | नगद अनुदान | १००००० |
| ६१०/ २०८१। ९।१६ | झौखेल सामुदायिक सिकाई केन्द्र | कलस श्रावणी मेला | टिसर्ट ५०० वटा | १५०००० |
| १०२७/ २०८१। १२।३ | चाँगुनमारायण मन्दिर व्यवस्थापन | आवाश | ब्लाङकेट २००० थान | ४२७१४० |
| ८२०/ २०८१। १०।२९ | चाँगुनमारायण मन्दिर व्यवस्थापन | एकादशी मेला व्ववस्थापन | नगद अनुदान | १५६००० |
| १०७६/ २०८१। १२।७ | चैचन्य एकेडेमी मार्फत ९० जना | खरिदार नायबसुब्बा परीक्षा तयारी | प्रशिक्षण | ४९०४२० |
| १८७७/ २०८२। ३।२९ | टेक आचार्य बहुप्राविधिक शिक्षालय | टेक प्रसाद जयन्ती | जयन्ती मनाउन | ९२०८५ |

६६ **उपचार खर्चः**

मृगौला प्रत्यारोपण डायलसिस गरिरहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामी औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ को बुँदा नं. २ ख अनुसार तोकेको उपरोक्त लक्षित समुहलाई कार्यविधिको बुँदा नं. ४ बमोजिम रु.५००० त्रैमासिक रुपमा महिनाको अन्तिम दिन लाभग्राहीको बैक खातामा जम्मा गर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्षमा त्रैमासिक रुपमा निकासा गरी जम्मा रू.३०१००००।- निकासा भएकोमा तपशिलका मृत्यु भएका व्यक्तिलाई समेत भुक्तानी भएको देखियो। मृत्यु भएको सेवाग्राहीको मृत्यु पछिको भुक्तानी असुल गर्नुपर्ने रु.

| व्यक्तिको नाम, ठेगाना | ना.प्र.नं | मृत्यु मिति | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|
| माया थिङ,६ | ८०५। ३५-०३६ | २०८१।११। ९ | ५००० | चैत्रको |
| शारदा देवी भण्डारी,३ | ५४४८ | २०८२।१। १४ | १२५०० | वैशाख १५दिन र जेष्ठ र अषाढको निकासा |
| हेम कुमारी थापा,१ | ९२७९ | ०८२।२। २८ | ५००० | अषाढको |
| सुभद्रा गुरुङ,४ | ६२ | ०८१।१२। ११ | १५००० | वैशाख-अषाढको |
| जम्मा | | | **३७५००** | |

उपरोक्त निर्देशिकाको बुँदा नं.४ मा पेन्सन सुविधा पाइरहेका, अन्य कुनै सामाजिक सुरक्षा भत्ता सुविधा पाइरहेका व्यक्तिले यो सुविधा नपाउने तथा बुँदा नं. ७ मा लाभग्राहीको अभिलेख यस निर्देशिकाको अनुसूची ४ बमोजिम राखी अद्यावधिक गरी राख्नु पर्ने र बुँदा नं. १०मा स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालय, सम्बन्धित वडा कार्यालय र वेभसाइटमा सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निर्देशिका बमोजिम सामाजिक सुरक्षा भत्ता सुविधा प्राप्त गर्ने लाभग्राहीको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालय र वेभसाइट सार्वजनिक गरेको पाईएन। पालिकाले निर्देशिका बमोजिमका विवरण अद्यावधिक गरी उपचार खर्च वितरण प्रक्रियामा पारदर्शिता कायम गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३७,५०० |

६७ **औषधि खरिदः** (३१९-2082-03-20):

पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधिमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वा औषधिको उत्पादन मितिको ७० प्रतिशत म्याद बाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ।पालिकाले ३ वटा फर्मको न्यूनतम दरमा औषधिको रु.१७४९९३१।- लागत अनुमान कायम गरेको छ। बोलपत्र आव्हान गरी सबभन्दा कम कबोल गर्ने हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि.सँग सम्झौता गरी रु.११५२४८६।- औषधि तथा औषधिजन्या उपकरणहरु आर्थिक वर्षको अन्त्यमा खरिद गरेको देखियो। औषधि खरिद गर्दा आवश्यकता पहिचान गरेको छैन भने पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन। अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६८ **ईन्टरनेट जडान:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने उल्लेख छ । नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट विल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ ।त्यस्तै सार्वजनिक खरिद ऐन २०६३को दफा ५ मा कुनै पनि खरिद गर्दा ५क अनुसार लागत अनुमान स्वीकृत गरेर मात्र खरिद गर्नु पर्ने, त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४को नियम १२मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, निय ६९ मा परामर्श सेवाको कार्यक्षेत्रगत शर्त तयार गर्नु पर्ने , ऐनको दफा ६क र नियम ७२ मा बीस लाख रुपैयाँ भन्दा कम रकमको परामर्श सेवा बमोजिमको मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने , यसरी प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तीमा तीनवटा परामर्शदातालाई प्रस्ताव सम्बन्धी

कागजात पठाई प्राविधिक र आर्थिक छुट्टा छुट्टै खाममा माग गर्नु पर्ने,यस्तो प्रस्ताव मूल्याङ्कन विधि गुणस्तर र लागत विधि अनुसार छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले कार्यक्षेत्रगत शर्त, लागत अनुमान तयार, आर्थिक र प्राविधिक प्रस्ताव माग बेगर सेवा प्रदायकVianet communication limited,Lalitpur को आर्थिक प्रस्तावमा उल्लिखित दरका आधारमा खरिद सम्झौता गरी सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु .

| भौचर नंबर | खरिद विवरण | सेवा प्रदायक | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ७०९/२०८१।१०।२ | Fiber Broadband(50/50mbps) and Fiber Broadband(70/70mbps) | Vianet communication limited,Lalitpur | ११४४१२५ | |
| १६७१/२०८२।३।१६ | Fiber Broadband(50/50mbps) and Fiber Broadband(70/70mbps) | Vianet communication limited,Lalitpur | ७१७५४९ | |
| जम्मा | | | १८६१६७४ | |

| अनियमित भएको | १८,६१,६७४ |
|---|---|

६९ **परामर्श**

६९.१ **परामर्श सेवामा बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१९२,७२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

६९.२ **प्रतिवेदन PAMS मा दाखिला नभएको:-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ।भौचर नं १०६६।२०८२।३।२५ बाट रु ४८०२५० को वडा नं ९ कार्यालय भवन डि.पी आर प्रतिवेदन जिन्सि दाखिला नदेखिएकोले PAMS V2 मा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४७८,१३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **४८०,२७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ४,८०,२५० |
|---|---|

७० **लागत अनुमान बेगर प्रस्तावका आधारमा भुक्तानी :-**

सार्वजनिक खरिद नियमावली, २०६४को नियम,१२अनुरुप परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । कार्यालयले निम्नानुसारका कार्यको लागत अनुमान तयार नगरी कार्यक्षेत्र गत शर्तका आधारमा प्रस्ताव माग गरी न्यूनतम आर्थिक प्रस्तावदाताको कबोल दररेटका आधारमा रू. ४३४५८८७.०० भुक्तानी दिएको पाईयो ।लागत अनुमान तयार बेगर खरिद गरेको नियम सम्मत नदेखिएको रु

| भौचर नंबर | कार्यक्रम | परामर्शदाता | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १०८८/ २०८१। १२।१० | जन प्रतिनिधी तथा शाखा प्रमुख लाई वित्तीय अनुशासन अभिमुखीकरण | लोकतन्त्र सम्बाद केन्द्र | ४९४००० | |
| १०७६ | खरिदार /नासु लोकसेवा तयारी ९० दिन अनलाईन कक्षा | चैतन्य एकेडेमी नेपाल प्रा लि | ४९०४२० | मागका आधारमा प्रशिक्षार्थी छनोटको गरेको/ आधार नखुलेको |
| ६००/ २०८१। ९।१२ | वृत्त चित्र आर्थिकसामाजिक साँस कृतिक, भौतिक आदि बारेमा चित्रण | सहर्ष गणेश फिल्म्स एण्ड एडभर्टाईजिङ सर्भिस | ४९४९४० | पेन्ड्राईभ दाखिला छ |
| १४१२/ २।१३ | नगरकोट भ्रमण वर्ष सामाग्री | हिमाल साईन | ९२९१४२ | १० किसिमका सामग्री |
| १४४३/ १।१३ | टेलिभिन अन्तरवार्ता प्रमुख/ उप प्रमुख/ प्रवक्ता संग | ट्रिपल मिडिया प्रा लि | ४९५५०५ | पेन्ड्राईभ दाखिला छैन |
| १३७७/ २०८२। २।१ | पालिका धार्मिक स्थान प्रचार डकुमेन्ट्री नगरकोट भ्रमण वर्ष | स्मार्ट मिडीया | ४९२६८० | डकुमेन्ट्री दाखिला छैन |
| १५९९/ ३।५ | पूर्वाधार र नगरकोट सडक भिडियो सामाग्री उत्पादन प्रसारण | सि के सञ्चार प्रा लि | ४५७६५० | भिडियो दाखिला नभएको |
| १८६७/ २०८२। ३।२१ | पालिकाको विकास तथा अन्य गतीविधि | नवनारी मिडीया एण्ड रिसर्च प्रा ली | ४९१५५० | Tor,कोटेशन,पेन्ड्राईभ दाखिला छ । लागत अनुमान तयार नगरी कोटेशन बाट सेवा लिएको |
| जम्मा | | | ४३४५८८७ | |

| | |
|---|---|
| अनियमित भएको | ४३,४५,८८७ |

७१ **नक्सा कागज डिजिटाईजेशन :**

पालिकाले गोश्वरा भौचर नं १३७८, मिति २०८२।२।१ मा Digitization of Building permit files and integrating files in to Web based system कार्य अन्तर्गत ६००० थान फाईलका नक्सा तथा कागजपत्र ( A4 ४८००० र A1 ६०००गरी ५४००पेज ) डिजिटाईजेशन प्रयोजन परामर्श लिन प्रति फाईल रू २४९।५९ कादरले रु. १४९७५४.०० को लागत अनुमान तथा कार्यक्षेत्रगत शर्त तयार भई आर्थिक र प्राविधिक प्रस्ताव माग गरेकोमा सवै भन्दा बढी अंक ८६ . ४ प्राप्त गर्ने सि एस सेवा प्रा लिको कबोल अंक रु १४८७९८४ को परामर्श सेवा स्वीकृत गरी ६ महिना भित्र काम सम्पन्न गर्ने गरी २०८१।९।२४ मा सम्झौता भएकोमा कार्यसम्पन्न पश्चात रु १४८७९८४. ०० भुक्तानी भएको छ। सो सम्बन्धमा देखिएका बेहोराहरू निम्म छन् ;

७१.१ **लागत अनुमान** –सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको समायोजित मूल्य र चालु वर्षमा लागेको वास्तविक लागतका आधारमा लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ ।पालिकाले फाईलका नक्सा तथा कागजपत्र डिजिटाईजेशनको लागि निम्नानुसारका विज्ञ जनशक्ति आवश्यक पर्ने लागत अनुमान तयार गरेकोमा लाग्ने कार्य दिन Man days निर्धारणको मापदण्डको आधार उल्लेख गरेको छैन। जसले गर्दा त्यतिनै दिन लाग्ने नलाग्ने सम्बन्धमा यकिन हुन सकिएन।

| सि नं | पद | योग्ता | संख्या | लाग्ने कार्य दिन | पारीश्रमिक दर दैनिक | जम्मा पारिश्रमिक मू अ कर बाहेक |
|---|---|---|---|---|---|---|
| १ | टोली प्रमुख | सूचना प्रविधि/ कम्प्यूटर ईन्जिनियरिङमा स्नातकोत्तर | १ | ३० | ३२९६.३३ | ९८८८९.९० |
| २ | IT expert/Software Developer | सूचना प्रविधि/ कम्प्यूटर ईन्जिनियरिङमा स्नातक | १ | २४ | २६३२.६७ | ६०७८४.०८ |
| २ | Techinical support/ quality assurance | सूचना प्रविधि/ कम्प्यूटर ईन्जिनियरिङमा स्नातक | १ | २४ | २६३२ ६७ | ६०७८४.०८ |
| ३ | Entry person | १२ कक्षा पास | ४ | ९० | २०१३.३३ | ७२४७९८.८० |
| ४ | Office assistant | १२ कक्षा पास | १ | ९० | ७०० | ६३०० |

७१.२ (१३७८-2082-02-01):

कार्य प्रगति :- सार्वजनिक खरिद नियमावली २०६४को नियम १२३ मा प्राविधिक नापजाँच वास्तविक कार्य सम्पादित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ । सि. एस सेवा प्रा. लि. संग २०८१।९।२४ मा ६००० थान फाईलका नक्सा तथा कागजपत्र ( A4 ४८०००र A1 ६००० गरी ५४०००पेज ) Digitisation कार्य को लागि रु १४८७९८४.को परामर्श सेवा स्वीकृत गरी ६ महिना भित्र काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा Digitisation of Building permit files and interating files in to Web based system कार्य अन्तरगत ६००० थान फाईलका नक्सा तथा कागजपत्र ( A4 ४८०००र A1 ६००० गरी ५४०००पेज ) कार्य सम्पन्न गरेको भनि बिजकका आधारमा १४८७९८४. ०० भुक्तानी भएको छ । उक्त कार्यको नामनामेसि विवरण अनुसार ३०१० फाईलको Digitisation of Building permit files and interating files in to Web based system गरेको विवरण पेश भएकोले बाँकी २९९० फाईल कबोल दर रु २४७.९९ का दरले Digitisation विवरण पेश हुनु पर्ने अन्यथा असुल हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४१,५१२ |

७२ **भुक्तानी बाँकी** (९-2081-06-06):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले बिल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्वीकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले भुक्तानी बाँकी अभिलेख नभएको विचुवादेवी मन्दिर नयाँ वाल पाखा पर्ति संरक्षण समिति वडा नं ८ लाई रु.४८६८३ भुक्तानी गर्दा चालु आ व को कार्यक्रममा नभएको विगतका बिल भरपाई पेश हुँदा भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४८,६८३ |

७३ **सिमा भन्दा बढीको खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु १० लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ ।पालिकाले प्रयोग गरेको जिन्सी व्यवस्थापन प्रणाली पाम्स लगायतवाट पालिकाले पेश गरेको विवरण तथा विनियोजित बजेट खर्च अनुसार नियमावलीमा भएको व्यवस्था विपरित निम्नानुसार रु. २४३०५७८.०० को खरिद कार्य गर्दा १० लाख भन्दा बढीको खरिद एउटै पार्टी गरे गराएको नियमसम्मत नदेखिएको रु.

| मिति | भौ. नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विवरण | भुक्तानी |
|---|---|---|---|---|
| २०८१/०८/०२ | ५४ | मागमा आधारित वाद्यवादनको सामाग्री खरिद | म्युजिक क्राफ्ट सेलर प्रा.लि | ९३५५२७. |
| २०८२/०३/२४ | १०२१ | मागमा आधारित वाद्यवादनको सामाग्री खरिद | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | २८८१५०. |
| २०८२/०३/१६ | १६७९ | सांस्कृतिक जात्रा पर्व संरक्षण | म्युजिक क्राफ्ट सेलर प्रा.लि. | १९२५५२. |
| | | जम्मा | | १४१६२२९ |
| १९२४।३।२२ | | मसलन्द खरिद | रिलेसन ग्रुप प्रा लि ६०६९०४८५४ | १९४८४२ |
| १९८८।३।२४ | | मसलन्द खरिद | रिलेसन ग्रुप प्रा लि ६०६९०४८५४ | ८१९५०७ |
| | | जम्मा | | १०१४३४९ |
| | | कुल जम्मा | | २४३०५७८ |

| अनियमित भएको | २४,३०,५७८ |
|---|---|

७४ **कोटेशनवाट खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ मा प्रतिस्पर्धालाई सिमित गर्न नहुने र दफा ३१ बमोजिम २० लाखभन्दा बढीको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रवाट खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद ऐन २०६३ को दफा ४(१) मा सार्वजनिक निकायले मालसामान खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन वा अन्य विवरणहरु तयार गर्नु पर्ने र दफा ५ मा रु.१ लाख भन्दा बढीको खरिद गर्नु पर्दा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले मसलन्द तथा कार्यालय सामाग्री खरिदका लागी रु.१,२९,३२,५९२ खर्च गरेको छ । वार्षिक खरिद योजना बमोजिम खरिद कार्यलाई व्यवस्थित गरी वार्षिक खरिद आँकलनको आधारमा सम्भव भएसम्म प्रतिस्पर्धाको माध्यमवाट मितव्ययी खरिद गर्नुपर्नेमा सो प्रकृया पुरा नगरी पटके कोटेशनबाट समेत खरिद गरेको पाईयो । केही खरिदमा लागत अनुमान तयार नगरेको तथा स्पेशिफिकेशन समेत तयार नगरेको पाईयो । यसरी नियमावली विपरीत लागत अनुमान समेत तयार नगरी र आंशिक मात्र कोटेशनबाट रु.७६,७०,९१० को खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| मिति | गो भौ नं | फर्म | भुक्तानी रकम |
|---|---|---|---|
| २०८१/०६/११ | १४३ | सपोर्ट इन्जिनियरिङ प्रा.लि | ७४०९८८. |
| २०८१/०६/१३ | १५३ | जि.पि.सी.ट्रेडर्सको बिल नं.15,16 | ९१०७३५. |
| २०८१/०६/१३ | १५५ | रिद्दी जिना ईन्टरप्राईजेज | ६८७०४०. |
| २०८१/०६/१४ | १६९ | न्यु हिमालयन ईन्टरप्राईजेज | ८७६८५७. |
| २०८१/०६/१५ | १८५ | एम म्याक्स क्रियशन | २३५८८७. |
| २०८१/०७/०४ | २६० | ईरोस स्टेशनरी एण्ड सप्लायर्स | ९३९३६ |
| २०८१/०७/२५ | ३३१ | न्यु संगम बुक बाइण्डिङ्ग एण्ड स्टेशनरी | २०००००. |
| २०८१/०९/०१ | ५३४ | टार्गेट ईन्टरप्रईजेज | ९६७९२७. |
| २०८१/१०/२८ | ८०६ | जि.एन इन्टरप्राईजेज | ८८३८७५. |
| २०८१/११/०९ | ८९७ | झिमरुक प्रिन्टिङ एण्ड सप्लायर्स प्रा.लि. | ६६६७००. |
| २०८१/११/११ | ९०८ | ईन्टुमेन्टल जोन | ४३७५३६. |
| २०८२/०२/२२ | १४५९ | जेएन ट्रेड एण्ड सप्लायर्स | ३१४८७१. |
| ०८२।३।१९ | १७७९ | निल ट्रेडर्स लगायत | ३२९५५८ |
| २०८२/०३/२२ | १९२१ | गंगा सागरनाथ ईन्टरप्राईजेज | ३२५००० |
| | | जम्मा | ७६७०९१०. |

| | |
|---|---|
| अनियमित भएको | ७६,७०,९१० |

७५ **अनुदानको प्रगति विवरण** (१८७९-2082-03-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रित पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले शंखरापुर नगरपालिकालाई श्री स्वस्थानी व्रत कथा कार्यक्रमको लागि रु.५ लाख अनुदान दिएकोमा सो कार्यक्रमको खर्च तथा प्रगति प्रतिवेदन पेश भएन । अनुदान दिएअनुसारमा रकम खर्च भए नभएको प्रगति प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

७६ **मिडिया फ्रेन्ड्ली कार्यक्रम** (१४३५-2081-12-03):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ अनुसार १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा खरिद गर्दा कार्यालयमा सुचिकृत कम्तिमा ३ वटा फर्मवाट दररेट माग गरी सवैभन्दा कम दररेट पेश गर्ने फर्मवाट कार्य गराउनुपर्ने उल्लेख छ । पालिकाले मिडिया फ्रेन्ड्ली कार्यक्रम सञ्चालन गर्दा सि मिडिया ग्रुप प्रा लीको एउटा मात्र प्रस्ताव लिई कार्यक्रम सञ्चालन गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,७२,४६० |

७७ **बिल भरपाई** (१८६७-2082-03-21):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले विकास सम्बन्धित डकुमेन्ट्रि निर्माणको लागि नवनारी मिडिया

एण्ड रिसर्च प्रा लि लाई रु.४६५९६४ भुक्तानी भएकोमा उक्त डकुमेन्ट्रि उत्पादन भएतापनि टि भि तथा रेडियोमा प्रकाशन प्रशारण भएको पाइएन । निर्माण पश्चात् सम्झौता बमोजिम प्रशारण भएको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६५,९६४ |

७८ **कर दाखिला** (१४६४-2082-02-22):

आय कर ऐन २०५८ को नियम ८८ र ८९ मा भुक्तानीमा कर कट्टा गर्नुपर्ने उल्लेख छ । पालिकाले युवराज तिमिल्सिनाको पेश्कि फछ्र्यौट्मा वडा नं ८ का स्वयंसेविका भ्रमण कार्यक्रमको विभिन्न भुक्तानीमा रु.५०८० कर कट्टा गरेकोमा पालिकाले संघिय राजस्व खातामा दाखिला गर्नुपर्नेमा पालिकाको खातामा दाखिला गरेको पाईयो । ऐनमा भएको व्यवस्था अनुसार संघिय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,०८० |

७९ **पार्क निर्माण**

नगरपालिकाको शुत्रको विवरण अनुसार यस नगरपालिकामा आ.व. २०७६।७७ देखि २०८१।८२ सम्म विभिन्न पार्क निर्माणमा निम्नानुसार रु ९ करोड ९४ लाख बजेट विनियोजन भएकोमा रु.७ करोड ४२ लाख ९० हजार खर्च भएको देखिन्छ ।यसरी पालिकाले हरेक वर्ष पार्क निर्माणको लागि बजेट विनियोजन एवं खर्च गरेकोमा उक्त पार्कहरुको सञ्चालन, रेखदेख एवं मर्मत सम्भार सम्बन्धमा कुनै कार्यविधि बनाएको पाइएन र हाल सम्म यस्ता पार्कबाट कुनै प्रकारको आम्दानी समेत गरेको देखिएन। नगरपालिकाले कार्यवधि बनाएर पार्क सञ्चालन एवं व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

| सि.न. | आर्थिक वर्ष | पार्कको विवरण | बजेट | खर्च |
|---|---|---|---|---|
| १ | २०७६।७७ | मदन भण्डारी स्मृति पार्क निर्माण वडा नं ६ | ४००००००. | ३११६८७१. |
| २ | २०७७।७८ | पर्या पर्यटन पार्क जितपुर चाँगुनारायण नगरपालिका भक्तपुर/पर्यटन पूर्वाधार विकास आयोजना | ५०००००. | ४८६३४०. |
| ३ | २०७८।७९ | मुहानपोखरी हलाल गाँउ पार्क निर्माण काठमाण्डौ नगर साझदारी | ९८०००००. | ३२५३३०९. |
| ४ | २०७८।७९ | सिमको चौरमा रहेको पार्क स्तरोन्नती | ५०००००. | ५०००००. |
| ५ | २०७८।७९ | ऐन डाँडा खेल पार्क पिक्निक स्पोट | २०००००. | १९७७२३. |
| ६ | २०७८।७९ | शान्ती डाँडा पार्क स्थल उन्नती | ६०००००. | ५९४६५१. |
| ७ | २०७९।८० | ऐन डाँडा वनको सल्लाघारीमा पिकनिक स्पोट तथा पार्क निर्माण | ५०००००. | ४९९३५१. |
| ८ | २०७९।८० | शान्ति डाँडा पार्क निर्माण | १००००००. | ९९८७८९. |
| ९ | २०७९।८० | मुहानपोखरी तथा हलाल गाउँ पार्क निर्माण | ७५०००००. | ४४७३३६४. |
| १० | २०७९।८० | नगरकोट भट्टेडाँडा पार्क | ३५००००००. | ३५००००००. |
| ११ | २०७९।८० | हलछाप फुलपालि डाँडा पार्क निर्माण चागुनाराण ४ भक्त्तपुर | १५०००००. | १५०००००. |
| १२ | २०७९।८० | न्यौपाने गाँउ पर्यटकीय पार्क निर्माण चागुनारायण ३ भक्त्तपुर | २५०००००. | २०२८९४२. |
| १३ | २०७९।८० | त्रिदेनी पार्क निर्माण चागुनारायन ४ | १५०००००. | १५०००००. |
| १४ | २०७९।८० | गामढोका पार्क निर्माण चागुनारायण ४ भक्त्तपुर | १५०००००. | १५०००००. |
| १५ | २०७९।८० | शान्तिपार्क तथा माने निर्माण चागुनाराणय ४ भक्त्तपुर | १५०००००. | १५०००००. |
| १६ | २०७९।८० | सांगदह पार्क र पिकनिक स्थल निर्मणा चागुनारायण ४ भक्त्तपुर | १५०००००. | १५०००००. |
| १७ | २०८०।८१ | महामञ्जुश्री पार्क (मिलारिप्पा गुफा प्रवर्धन) | १००००००. | ९९४६२४. |
| १८ | २०८०।८२ | हलाल गाँउ पार्क क्रमागत | ६००००००. | ८९६१४९. |
| २० | २०८१।८३ | वडा नं. १ ज्येष्ठ नागरिक पार्क निर्माण | १००००००. | ८९८८४१. |
| २१ | २०८१।८४ | गिरीटोल दक्षिणकाली मन्दिर पार्क तथा संरक्षण | १००००००. | १००००००. |
| २२ | २०८१।८५ | बाख्री गाउँ पर्ति जग्गा संरक्षण र पार्क निर्माण | ३०००००. | २९५८९२. |
| २३ | २०८१।८६ | शान्ति डाँडा पार्कमा टेवा पर्खाल निर्माण वडा नं ६ | ५०००००. | ४९८०३०. |
| २४ | २०८१।८७ | हलालगाँउ पार्क क्रमागत | ३००००००. | २०५७३८०. |
| २५ | २०८१।८८ | काठमाण्डौ जिल्ला चाँगुनारायण न.पा. ७ स्थित संरक्षण विद स्मारक सालिक पार्क निर्माण | ६००००००. | ६००००००. |
| २६ | २०८१।८९ | सहिद स्मृति शान्ति पार्क न्याचोपौवा चा न पा भक्तपुर | २००००००. | २००००००. |
| २७ | २०८१।९० | सुन्दर पार्क सफा शौचालय-सुन्दर पार्क सफा शौचालय निर्माण कार्यक्रम वडा नं. ४ | ९००००००. | १००००००. |
| | | | ९९४०००००. | ७४२९०२५६. |

८० **पेश्की जमानतः**

८०.१ **शर्त सहितको पेश्की जमानतः** सुन्दर पार्क सफा शौचालय निर्माण कार्यको लागि कार्यालय र निर्माण व्यवसायी इश्वरी सृजना जे.भि.संग १८ महिनामा काम सम्पन्न गर्ने गरी २०८२।३।२३ मा सम्झौता भएको छ। जि.सि.सि ५७.१ मा मोविलाईजेशन पेश्की लिने प्रयोजनको

लागि पेश हुने पेश्की जमानत शर्त रहितको हुनुपर्ने उल्लेख छ।कार्यालयले निर्माण व्यवसायीलाई रु. १०००००.०० पेश्की दिँदा निर्माण व्यवसायीले प्रभु बैंकबाट जारी भएका निम्नानुसार पेश्की जमानत पेश गरेकोमा उक्त पेश्की जमानत शर्त (It is a condition to any claim and payment under this guarantee to be made that the advanced payment referred to the above must have been received by the contractor on its account number .. at prabhu Bank limited.) सहितको भएको देखिएकोले शर्त रहितको जमानत पेश गर्नुपर्ने अन्यथा उक्त रकम फिर्ता हुनुपर्ने देखिन्छ।

| **गो. भौ.नं. र मिति** | **योजनाको अवधि** | **पेश्की रकम** | **पेश्कीको म्याद** | **कैफियत** |
|---|---|---|---|---|
| २, २०८१।१२।१६ | २०८२ पौष मसान्त सम्म | ५०००००० | २०८२ कार्तिक | रु ५१७००० को पेश्की जमानत पेश गरेको |
| १३, २०८२।२।२९ | | ५०००००० | २०८२।५।२५ | ठेक्काको म्याद थप गर्दा पेश्की जमानतको म्याद थप नभएको |

८०.२ (२८-2082-03-06):

**पेश्कि जमानतको म्याद थप नभएकोः**

( ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,२३१,३९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८१ **पूर्वनिर्धारित क्षतिपुर्ति**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारण खरिद सम्झौता बमोजिमको अवधिमा कार्यसम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई सम्झौता अंकको शुन्य दशमलव शुन्य पाँच प्रतिशतले बढीमा १० प्रतिशत सम्म पुर्वनिर्धारित क्षतिपुर्ति तिर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारका कार्यको सम्झौताको शर्त नं ७ मा उल्लेख भए भन्दा ढीला कार्यसम्पन्न भएको देखिएकोले नियमावली एवं सम्झौतामा भएको व्यवस्था अनुसार रु.२०४१९० पूर्वनिर्धारित क्षतिपुर्ति असुल हुनुपर्ने रु.

| गो भौ नं | कार्य विवरण | फर्म | सम्झौता रकम | सम्झौता तथा सम्पन्न गर्नुपर्ने मिति | सम्पन्न भएको | ढीला दिन | क्षतिपुर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| ३०।६।२० | बुढाथोकी गाउँ समाधि सडक वाल निर्माण | एच आर ईन्जिनियरिङ्ग | ९९३९४५.३६ | २०८१।२।३०-३।३० | २०८१।६।१६ (निवेदन तथा विल) | ८८ | ४१६०५ |
| १४३।१०।१५ | झालाखलक त्रिशुलडाडा सडक वाल निर्माण वडा नं ४ | त्रिनेत्र कन्स्ट्रक्सन | ९२८१७६.०८ | २०८२।१।२९-३।२० | २०८१।९।२१ (निवेदन तथा विल) | १८० | ८३५३५ |
| २३२।११।५ | वडा कार्यालयदेखि गामढोका पिपलबोट सम्म सडक निर्माण | न्हेकुङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ९४६७११ | २०८२।३।११ देखि ०८२।३।१५ | २०८१।९।२ (निवेदन तथा सिफारिस र विल) | १६७ | ७९०५० |
| | | | | जम्मा | | | २०४१९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,०४,१९० |

८२ **खरिद विधि अवलम्वन नगरेको** (२०४०-2082-03-25):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा १ लाख भन्दा बढीको खरिदमा कोटेशनको माध्यमवाट खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले खुला नृत्य प्रतियोगिताको लागि राईजिङ स्टार डान्स सेन्टर लाई १० लाख भुक्तानी गरेकोमा उक्त संस्था छनोटका लागि कोटेशन वा प्रस्ताव समेत आव्हान नगरी खरिद गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १०,००,००० |

८३ **पाईप खरिद** (५४९-2082-01-10):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रीत पुगे नपुगेको जाँच गरी सक्कल बिल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । पालिकाले हिलटेक पाईप ईन्डस्ट्रिज बाट रु.४,९०,७९७ निम्नानुसारका साईजका पाईप खरिद गरेकोमा ती पाईपको प्रयोग, नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएको देखिएकोले कार्यसम्पन्न प्रमाण पेश हुनुपर्ने रु

| पाईपको साईज | परिमाण |
|---|---|
| २० एम एम | १२०० मिटर |
| ६३ एम एम | ५५० मिटर |
| १५० एम एम | ४८ मिटर |
| २०० एम एम | १२० मिटर |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९०,७९७ |

८४ **शीर्षक फरक पारेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८(२क) मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको यकीन गरी खर्च निकासा दिनुपर्ने व्यवस्था छ । त्यस्तै सभावाट पारित बजेटको परिधिमा रहेर प्रमुख प्रशासकिय अधिकृतले खर्च लेख्नुपर्नेमा पालिकाले निम्नानुसारका खर्चहरु फरक कार्यक्रम तथा खर्च शीर्षकबाट रु. १९१३७१५.०० खर्च लेखाङ्कन गरेकोमा सभाबाट रकमान्तर, स्वीकृती, समर्थन वा हिसाव समायोजन गरेको देखिएन । सभावाट स्वीकृत बजेटको अख्तियारी भन्दा फरक तथा आर्थिक संकेत वर्गिकरण र व्याख्यासंग नमिल्ने गरी गरेको खर्च रु.१९१३७१५ नियम सम्मत नदेखिएको रु.

| गो भौ नं | खर्च भएको शिर्षक | हुनुपर्ने शिर्षक | भुक्तानी पाउने | भुक्तानी खर्च रकम |
|---|---|---|---|---|
| १९२३।३।२२ | मसलन्द शिर्षक | वाजा खरिद | नुना मल्टिविजनेश प्रा ली | ३९४८२२ |
| ११७१।३।२३ | अन्य कार्यालय सञ्चालन | लाईफज्याकेट र मन्दिरमा आईरनगेट निर्माण | श्वेतभैरव प्रेश | १९९२४१ |
| ९७०।३।२२ | गेलालगाउँ दाहालगाउ सिसिटिभि | वडा नं ५ नाटेश्वरी सडकवत्ति जडान | ड्रिमसिटि कन्स्ट्रक्सन | ९३६९७७ |
| १२१४।१।४ | विविध खर्च | प्रसुति स्याहार भत्ता | कलावति चन्द | ५००० |
| १८९०/२०८२।३।२२ | अन्य कार्यालय सञ्चालन खर्च | मर्मत सम्भार | शौचालय, खानेपानी जडान मर्मत सम्भार | ३१४६७५ |
| १८७५/२०८२।३।२१ | नगरपालिका बाट उपलब्ध हुने प्रोत्साहन भत्ता | बैठक भत्ता | राजस्व परामर्स समिति र घ बर्ग ईजाजत दिने समितिको बैठक भत्ता | ६३००० |
| | | | | १९१३७१५ |

| | |
|---|---|
| अनियमित भएको | १९,१३,७१५ |

## ८५ भेरिएशन आदेश

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपदफा १ मा खरिद सम्फौता गर्दाका बखत पूवानुमान गर्न नसकिएको परिस्थितीको सम्झौता कार्यान्विनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाइ तोकिए बमोजिमको अधिकारीले तोकिएको कार्यविधी अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। यस पालिकाले यसरी अनुमान गर्न नसकिएको स्पष्ट देखिने गरी कारण नखुलाई सम्झौतामा कायम भएका आइटमको परिमाण घटी बढी गरी निम्न कार्यको भेरिएशन आदेश जारी गरेको देखिन्छ।पालिकाले भेरियस गर्दा के कारणले भेरियस गर्नुपरेको सो को स्पष्ट कारण नखुलाई कामको परिमाण घटेको/बढेको मात्र उल्लेख गरेको देखिन्छ। लागत अनुमान तयार गर्दाका बखत नै एकिन गर्न सकिने परिमाणको योजना कार्यान्वियनमा गए पछि भेरिएशन आदेश जारी गरेको नियमसँगत हो भन्न सक्ने आधार देखिएन ।कार्यालयले योजना आयोजनाको लागत अनुमान तयार गर्दाको बखत नै अधिकार पाप्त अधिकारीले लागत अनुमान तथा डइङ्ग डिजाइनको विस्तृत अध्ययन गरी लागत अनुमान तयार गरी बोलपत्र निष्काशन गर्नुको साथै परिमाण घटी बढीमा ऐनअनुसारमा भेरिएशन आदेश जारी हुनुपर्दछ ।

| सि. नं. | योजनाको नाम | शुरू लागत अनुमान | संशोधन अनुमान | सम्झौता रकम | भेरिएशन रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | चाँगु पर्यटन बर्ष पुर्वाधार निर्माण | ९७०७५११ | ८९१०६६६६ | ६१८६३२४ | ७०५१७२ | ८.४६ प्रतिशत घटी |
| २. | पकुने पाटी लाकिला कमल पोखरी ज्वतिलिंगेशवर सडक | ३८०७९८८४ | ४४६८८६३६ | २६३८३००६ | ६६०८७९१ | १७.३६ प्रतिशत बढि |

## ८६ बढी परिमाणमा ट्याककोट वापतको भुक्तानी

( ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३३४,९०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ८७ काम वाँकी हुँदाहुँदै कार्यसम्पन्न प्रतिवेदन जारी गरेको

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ को २ (क) मा निर्माण कार्यको हकमा कम्तिमा नब्बे प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्धेश्यअनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा भएको अवस्था भएमा र सम्वन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्यस्विकार प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सम्झौता गरेकोमा निर्माण व्यवसायीले ९० प्रतिशत मात्र कार्यसम्पन्न गरेकोमा समेत भेरियसन स्वीकृत एवं प्राविधिक प्रतिवेदन समेत संलग्न नगरी कार्य स्विकार प्रतिवेदन जारी गरी रु.१०३०५८४ अन्तिम भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्य स्विकार रकम | प्रतिशत | बाँकी काम |
|---|---|---|---|---|---|
| मनकामना खरिपाटी सडक | जुलियन कन्स्ट्रक्शन नेपाल प्रा.ली. | ७००२९९२.३४ | ६२२१६३१.०३ | ८८.८४ | ७८१३६१ |
| वडा नं २ को तला थप | सिन्धुधुसिनि कन्स्ट्रक्सन रियल स्टेट प्रा ली | १५७४६०८ | १३२५३८५ | ८४.१७ | २४९२२३ |
| | जम्मा | | | | १०३०५८४ |

| | |
|---|---|
| अनियमित भएको | १०,३०,५८४ |

८८ **बिल भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकमको भुक्तानीमा रित पुगे नपुगेको जाँच गरी सक्कल विल भरपाईका साथ लेखा राख्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता वमोजिम करारको शर्तनामा अनुसारको कार्य सम्पन्न पश्चात् अन्तिम भुक्तानी गर्ने उल्लेख छ । पालिकाले निम्नानुसार विभिन्न शीर्षकमा खर्च गरेकोमा नियमावलीमा भएको व्यवस्था अनुसार प्रयोजन खुल्ने कार्यक्रम र खर्चका बिल समेत भिडान हुने गरी प्रमाण पेश नगरेकोले उक्त खर्च रु४४६१९९४ को विवरण खुल्ने गरी प्रमाण हुनुपर्ने रु.

| भौ नं | खर्चलेखिएको शिर्षक | भुक्तानीभएको | विवरण | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|---|---|
| ६१।८।१७ | विद्युत संरचना पोल स्थानान्तरण, ७० % नगरपालिका | ने वि प्रा | विद्युत संरचना पोल स्थानान्तरण, ७० % नगरपालिका | ५७३५३८ | बिलभरपाई नभएको |
| ४६९।१२।२१ | वडा नं ६ वतासे विविध निर्माण | ने वि प्रा | वडा नं ६ वतासे विविध निर्माण | १६२४१९ | बिल भरपाई नभएको |
| ५५२।१।१२ | वडा नं ५ खरिपाटी मनकामना पोल स्थानान्तरण | ने वि प्रा | वडा नं ५ खरिपाटी मनकामना पोल स्थानान्तरण | १५४२६३ | बिल भरपाई नभएको |
| | | | जम्मा | ८९०२२० | |
| २६९।११।८ | खोला संरक्षण कार्यशिर्षक | चागुनारायण आयल स्टोर ३००० लिटर डिजेल | घट्टेखोला करिडोर सफाई कार्य | ४६८७४९ | पालिकाको स्काभेटर प्रयोगगरेको, चेनेज र अन्य विवरण नखुल्ने, केहि भुक्तानीमा घण्टा प्रमाणित गरेको, कामको परिमाण र विवरण खुल्ने गरी प्राविधिक कार्यसम्पन्न प्रतिवेदन तयार नगरेको |
| १७१।१०।२९ | | चागुनारायण आयल स्टोर ११५५० लिटर डिजेल | ताथली सुडाल र बागेश्वरी खोला करिडोर | १२१६८०० | |
| | | | जम्मा | १६८५५४९ | |
| २०२७।३।२५ | कार्यालय सञ्चालन शिर्षक | होटल मिस्टिक माउण्टेन | १ कोठा १ रात | ३५००० | खर्चको प्रमाण तथाप्रयोजन बेगरको खर्च |
| १९११।३।२२ | विविध खर्च थप शिर्षक | होटल मिस्टिक माउण्टेन | ६ वटा डिलक्स रुम ९१८०० र २५ खाना खाजा ८८७४९ | १८१२४० | |
| १९४०।३।२३ | बालबालिका खेलकुद तथा तालिम कार्यक्रम | डि एम ईन्टरनेशनल स्पोर्ट्स ईन्टरप्राईजेज | ६६ वटा तेक्वान्दो म्याट खरिद | १४८४०४ | वितरण भरपाई पेश नभएको |
| १९८५।३।२४ | उप-मेयर सँग लक्षित कार्यक्रम | नागार्जुन मल्टि टेक्निकल सोलुसन प्रा लि | वडा नं ४ व्युटिपार्लर तालिम | ६४८६७६ | बिल भरपाई नभएको |
| २०१६।३।२५ | कोसेली घर | तालवाराहि निर्माण सेवा | कोशेलि घर निर्माण | ६७५००० | बिल भरपाई नभएको |
| ४६।७।२९ | नगरपालिका भित्रको खानेपानी आयोजना | त्रैलोक्य सप्लायर्स | नगरपालिका भित्रका खानेपानी योजना वडा नं ५ र ९ योजनामा ३२ एम एमको९३.६ के जि र ५० | ८३३८० | नापि जडान नभएको र भरपाई समेत नभएकोले नापि तथा कार्यसम्पन्नप्रतिवेदन र भरपाई समेत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | एम एमको १६३.५ के जि पाईप खरिद | | |
| २७।३।४ | तल्लो हा अतिथि मार्ग च न पा २ | तल्लो हा अतिथि मार्ग च न पा २ उपभोक्ता समिति | तल्लो हा अतिथि मार्ग | ११४५२५ | ११० एम एम पिएन १०, ३५३.१४ के जिको ३२४.३१ का दरमाभुक्तानीको पाईप खरिदको बिजक नभएको |
| | | | १९०२२४७ भुक्तानी भएको | | |
| | | | कुल जम्मा | ४४६१९९४ | |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **९६३,९०३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,६१,९९४ |

८९ **वारेन्टी :-**

कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने ।त्यस्तै नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट बिल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि यस सम्बन्धी स्पेशिफिकेशन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने र उपदफा २(१) बमोजिम कार्यको प्राविधिक पक्ष तथा गुणस्तर यकिन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको खरिदमा १ देखि ५ वर्षसम्म प्राविधिक समस्या नि:शुल्क समाधान गरिदिने सम्झौता भएकोले कम्पनीको आधिकारिक विक्रेताको वारेन्टी लिएको देखिएन । सम्झौताको अतिरिक्त कम्पनीको आधिकारिक विक्रेताको वारेन्टी कार्ड लिई गत विगतमा खरिद एवम् मर्मत भएका तथा यो बर्ष खरिद भएका विद्युतीय सामानको नि:शुल्क मर्मत वा प्रतिस्थापनको व्यवस्था हुनु पर्दछ ।

| गा भौ नं | फर्म र योजना | रकम | विवरण |
|---|---|---|---|
| ८२८/०८१।१०।३० | डमरु ग्रुप अफ हाईटेक प्रा लि | ९८३१०० | विद्युतिय हाजिरी प्रणाली २६ थान |
| १३९।१०।८ | ग्लोवल टच आईटी सपोर्ट प्रा ली | ४५६२३९ | वडा नं ४ मा १३ वटा सिसिक्यामेरा जडान |
| ५४८।१।८ | नव्वु ईन्टरनेशनल ट्रेडिङ्ग कन्सर्न | ९९०७०४ | वडा नं ७ मा ३० वटा सिसिक्यामेरा तथा टिभि जडान |
| १०३६-२०८२।३।२४ | इन्फो लिंक<br>वडा नं ३ गेलाल गाउँ हुँदै वडा कार्यालय सम्म सि सि टी भि जडान | ९६५९२० | सम्झौतामा कुनै पनि प्राविधिक समस्या उत्पन्न भएमा १ वर्षसम्म निशुल्क मर्मत सेवा प्रदान गर्ने उल्लेख |
| १०४१-२०८२।३।२४ | वडा नं ८ सडक वत्ती मर्मम | ४७६८३५ | स्पेशिफिकेसनमा २ वर्षको वारेण्टी अवधि राखेकोमा सम्झौतामा अवधि उल्लेख नभएको र वारेण्टी कार्ड समेत लिएको नदेखिएको |
| १०३९-२०८२।३।२४ | वडा नं ६ सडक वत्ती मर्मत तथा जडान | ४७३००६ | |
| १०३८-२०८२।३।२४ | वडा नं १ नयाँ सडक वत्ती जडान तथा मर्मत | ६५६९८५ | |
| १०४९-२०८२।३।२४ | उज्यालो सडक बत्ती जडान ( उपभोक्ता समिति मार्फत) | १००००० | |
| ९७०- २०८२।३।२२ | नाटेश्वरी सिमकेचौर सडक वत्ती जडान | ९३६९७७ | |
| ९३८-२०८२।३।२० | पिखेल गोल्डेन हाईट स्ट्रिट लाईट | ४६७७३५ | |
| | **जम्मा** | ६५०७५०१ | |

९० **उपभोक्ता समितिबाट कार्य :-**

९०.१ **हस्तान्तरण गर्न नमिल्ने काम उपभोक्ता समिति मार्फत गराएको**-सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिमार्फत गराएको कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत् कार्य गराउँदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा सम्वन्धित व्यवस्थापन समितिबाट गराउने वा पालिकाले गराउनुपर्नेमा हस्तान्तरण गर्न नमिल्ने र प्रतिस्पर्धाको माध्यमवाट गर्नुपर्ने निर्माण कार्यहरु समेत उपभोक्ता समिति मार्फत रू.५४१४३२१ मा गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी अन्य लाभग्राही समुदाय मार्फत भवन निर्माण कार्य गराउनु नियमसम्मत नदेखिएको रू.

| गो भौ नं | योजना तथा उपभोक्ता समिति | खर्च रकम | कैफियत |
|---|---|---|---|
| ८-२०८२।२।९ | वागेश्वरी स्वास्थ्य संस्था भवन निर्माण | ८९९६३८ | उपभोक्ता समितिका अध्यक्ष लाई हस्तान्तरण |
| ९-२०८२।२।९ | ताथली स्वास्थ्य चौकी सवलीकरण | १000000 | |
| ३६०।११।१२ | श्रीकृष्ण मावि वडा नं ६ उपभोक्ता समिति | १३८९८५२ | |
| ५९९।१।२५ | फैढोका आ वी पुर्वाधार निर्माण वडा नं ९ उपभोक्ता समिति | ४५0000 | उपभोक्ता समितिका अध्यक्ष रामकृष्ण सुवाललाई हस्तान्तरण |
| ६६७।२।९ | वडा नं ६ कार्यालय मर्मत उपभोक्ता समिति | ८८५५५५ | उपभोक्ता समिति अध्यक्ष कल्पना तामाङ्गलाई हस्तान्तरण |
| ७०४।२।१२ | डाडापाटी आ वि उपभोक्ता समिति वडा नं ९ | ५४६१४९ | उपभोक्ता समिति अध्यक्ष रामचन्द्र वोसिलाई हस्तान्तरण |
| ९४२।३।२० | देवी मा वी शौचालय तथा खेलमैदान निर्माण उपभोक्ता समिति | २४३१२७ | उपभोक्ता समिति अध्यक्ष बुद्धिकुमार कुपाजुलाई मिति २०८२।३।१९ मा हस्तान्तरण |
| | | ५४१४३२१ | |

| अनियमित भएको | ५४,१३,३२१ |
|---|---|

९०.२ **फर्माको दोहोरो भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नर्म्स भए त्यस्तो नर्म्स वमोजिम स्वीकृत जिल्ला दररेटको आधारमा दर विश्लेषण गर्नुपर्ने र सोही अनुरुप भुक्तानी गर्नुपर्ने व्यवस्था छ । चाँगुनारायण न.पा. ३ झौखेल देखि वडा नं ४ काठमाडौं निलोपुल जोड्ने सडक निर्माण कार्यको लागि रु ४८५२५७२.३२ लागत अनुमान तयार गरी पालिकाबाट रु ३८८००००।- व्यहोर्ने गरी उपभोक्ता समितिसंग सम्झौता गरेको छ । सडक निर्माणको लागि RCC 1:2:4 को दर विश्लेषण गर्दा सडक विभागको नर्म्स अनुसार प्रति घनमिटर काममा फर्म वर्कको लागि श्रमिकको ज्याला र सामग्रीको दरको ४ प्रतिशत रकम थप गरी प्रति घनमिटर दर निर्धारण गरेकोमा पुन फर्माको कामको लागि १००.४० Sqm को रु ५६१३३.०० भुक्तानी भएकोले उक्त रकम दोहोरो परेको देखिन्छ ।सम्झौता अनुसार उपभोक्ता समितिको २० प्रतिशत योगदान कट्टी गरी दोहोरो भुक्तानी भएको रु ४४९०६.०० सम्बन्धित सडक निर्माण उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ४४,९०६ |
|---|---|

९०.३ **उपभोक्ता समितिको योगदानः** चाँगुनारायण नगरपालिकाको उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत सार्वजनिक निर्माण सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं ३.१ (३) मा उपभोक्ता समितिबाट सञ्चालन हुने ढलान र कालपत्रे निर्माण कार्यको योजनामा न्युनतम १० प्रतिशत र अन्य निर्माण योजनामा न्युनतम २० प्रतिशत लागत सहभागित हुनपर्ने उल्लेख छ। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समितिबाट निर्माण कार्य भएका केही योजनामा कार्यविधिमा तोकिएको भन्दा उपभोक्ता समितिको योगदान कम राखी सम्झौता गरेको र सोही अनुसार भुक्तानी भएको छ। पालिकाले कार्यविधिको पालना गर्नुपर्दछ।केही उदाहरण निम्नानुसार छन् ।

| गो.भौ.नं र मिति | योजनाको नाम | लागत अनुमान | कार्यालयले व्यहोर्ने | उपभोक्ता समितिले व्यहोर्ने | उपभोक्ताको प्रतिशत |
|---|---|---|---|---|---|
| १६-२०८१।१२।२८ | हर्षपुर खावा देखि अमलडोल पदमार्ग निर्माण | १६११४१८.२५ | १३५८००० | २५३४१८.२५ | १५.७३ |
| ९९६-२०८२।३।२३ | वागेश्वरी सामुदायिक भवन स्तरोन्नति | ७६६८२८.४४ | ६७९००० | ८७८२८.४० | ११.४५ |

९०.४ (१०३०-2082-03-24):

**बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिबृद्धि कर, कन्टिन्जेनसी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। खरिपाटी गिता मन्दिर मार्ग निर्माण कार्यको लागि नगरपालिका र खरिपाटी गिता मन्दिर मार्ग निर्माण उपभोक्ता समितिसंग रु ३२७८३२.१२ लागत अनुमानमा नगरपालिकाले रु. २६१९००.०० र उपभोक्ता समितिले रु ६५९३२.१२ भुक्तानी गर्ने गरी सम्झौता भएको छ। उक्त निर्माण कार्यको रु. ३१४१९८.५१ को कार्यसम्पन्न भएकोमा सो अनुसार उपभोक्ता समितिलाई २५१००८.०० भुक्तानी गर्नुपर्नेमा २६४०००.०० भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु. १२९९२ मा उपभोक्ता समितिको योगदान कट्टि गरी रु. १०३९५ सम्बन्धित उपभोक्ता समितबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३९५ |

९०.५ (१०४९-2082-03-24):

**बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल विजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी दिनुपर्ने उल्लेख छ। उज्यालो सडक वत्ती जडान कार्यक्रम अन्तर्गत रु. १०९६२५२.६४ को लागत अनुमान मध्ये नगरपालिकाले रु. ८७३०००.०० र उपभोक्ताको योगदान रु. २२३२५२.६४ रहने गरी सम्झौता भएकोमा रु १०९९२६२.६४ को कार्य सम्पन्न भएको देखिन्छ। उपभोक्ता समितिलाई सडक वत्ती जडान गर्ने जस्तो प्राविधिक कार्य गर्न दिएको उययुक्त देखिदैन। साथै उपभोक्ता समितलाई सम्झौता अनुसार रु ८७३०००.०० भुक्तानी हुनुपर्नेमा रु.९७३०००।- भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.१०००००.०० सम्बन्धित सडक बत्ती जडान उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

९०.६ **अधुरो कार्य स्वीकारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम समयमा नसक्ने भएमा सोको जानकारी कार्यालयलाई गराउनु पर्ने र कार्यालयले आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ ।नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराएका योजनाहरु सम्झौतामा तोकिए अनुसारको काम नगरेको अवस्थामा समेत अधुरो कार्य स्वीकार गरी रकम भुक्तानी दिएको छ। यसरी अधुरो कार्य स्वीकार गरी उपभोक्ता समितिलाई भुक्तानी भएका केही उदाहरण देहाय बमोजिम रहेका छन् ।

| योजनाको नाम | सम्झौता रकम | कार्य स्विकार रकम | प्रतिशत |
|---|---|---|---|
| चाँगुनारायण नगरपालिका वडा नं ७ स्वाई हवाइ खोला नाली निर्माण | ५४७१६७.५९ | २६१२०६.६१ | ४७.७४ |
| स्याउली बजारबाट थुवे टोल गोरेटो बाटो | ४३७१६३ | २०३५५८ | ४६.५६ |
| शारदा वस्ति भित्री बाटो ढलान | ४८८३७५.६१ | २९५९०४.८९ | ६०.५९ |
| चाँगुनारायण नगरपालिका १ देखि खड्का डिलघारी जाने बाटो | १६९७८८६ | १२९६९५९.३ | ७६.३९ |

९०.७ **अधुरा योजनाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम समयमा नसक्ने भएमा सोको जानकारी कार्यालयलाई गराउनु पर्ने र कार्यालयले आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । पालिकाले भक्तपुर जिल्ला चाँगुनारायण नगरपालिका ५ श्री पञ्चमहालक्ष्मी श्री वनधामा सौन्दर्यिकरण पुर्वाधार निर्माण उपभोक्ता समितिसँग रु.५३८९०९२.७८ को लागतमा सम्पन्न गर्न पालिकाले ४८५०००० व्यहोर्ने उल्लेख भएकोमा यस वर्ष रु.३८१५३५३ मात्र भुक्तानी भएको छ । यस आर्थिक वर्षमा काम सम्पन्न नभएकोले सो योजनालाई आ व २०८२।०८३ मा जिम्मेवारी सार्नुपर्नेमा आ व २०८२।०८३ मा समेत उक्त योजनाको लागि वजेट विनियोजन गरेको पाईएन । उक्त योजना लागत अनुमान अनुसारमा सञ्चालन योग्य रुपमा वास्तविक कार्यसम्पन्न हुने अवस्था समेत देखिएन । आर्थिक वर्षको अन्तसम्म सम्झौता गर्ने र योजना समयमै सम्पन्न हुने सुनिश्चितता नहुदा योजना सम्झौता गर्ने गरेकोमा समेत आगामी आर्थिक वर्ष बजेट विनियोजन नगरी योजना अधुरो राखेको उपयुक्त देखिएन।साथै पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार योजनामा समेत यस आ.व. मा सम्झौता भई कार्यसम्पन्न हुन नसकेकोमा आ.व. २०८२।८३ समेत बजेट विनियोजन नभएको देखिन्छ जसले गर्दा उक्त योजनाहरु अधुरो रहेको पाइयो।पालिकाले निर्धारित समयमा सम्पन्न गर्ने सकिने योजना मात्र उपभोक्तासंग सम्झौता गरी योजना कार्यान्वयन ल्याउनु पर्दछ।

| क्र.स. | वडानं. | योजना | बजेट |
|---|---|---|---|
| १ | चा.न.पा.5 | मुर्दागुठी | १०००००० |
| २ | चा.न.पा.5 | गणेशमन्दिरमा विविध कार्य | १०००००० |
| ३ | चा.न.पा.9 | च्यामसिंनाला सडक | ४०८३४७ |
| ४ | चा.न.पा. | फर्सिन्टारबुढाथोकी टोल हुँदै निकोसेरा जोड्ने सडक | ४००००० |
| ५ | चा.न.पा.8 | बालुवापाखापर्ति जग्गा संरक्षण तथा भु-क्षय नियन्त्रण | १०००००० |
| ६ | चा.न.पा.8 | दाहालटोलसडक स्तरोन्नती | ८००००० |
| ७ | चा न पा ३ | बेसीगाँउनदि नियन्त्रण | १०००००० |
| ८ | | नगरपालिकाकाविभिन्न स्थानमा सडक बत्ती जडान | ११५५०० |
| ९ | चा.न.पा-2 | बर्खेपाटीसडक स्तरोन्नती | २०००००० |

९१ **विद्युतीय सवारी साधन चार्जर स्टेशन** (२०४-2081-11-01):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ११ मा सरकारी रकमको हिनामिना, हानी नोक्सानी र लापरवाही हुन नपाउने प्रवन्ध मिलाउनुपर्ने उल्लेख छ । पालिकाले विद्युतीय सवारी साधन चार्जर स्टेशन प्लाटफर्म निर्माणको लागि रु.९१६१३२ को लागत अनुमान तयार गरी मञ्जरी निर्माण सेवासँग ८७७४४६ मा सम्झौता भई भुक्तानी भएकोमा २०८१।९।२९ मा सम्पन्न भएको छ । साना पूर्वाधार निर्माण शीर्षकवाट खर्च लेखिएकोमा लेखापरीक्षण अवधिसम्म पनि मेशिन उपकरण जडान छैन । पालिका कार्यालयमा एउटा पनि विद्युतीय सवारी नभएको र उक्त संरचना प्रयोगमा समेत नल्याएकोले यसबाट उक्त निर्माण कार्य उपलव्धि बिहीन भएको छ ।

९२ **उपभोक्ता समिति मार्फत खरिद** (१३५-2081-10-04):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१) मा एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने उल्लेख छ ।खरिद नियमावली अनुसार उपभोक्ता समिति मार्फत सामान खरिद गर्न मिल्ने देखिदैन। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा उपभोक्ता समित मार्फत खरिद कार्य गरी विराटस्वरुप मुर्ति निर्माण चागुनारायण नगरपालिका वडा नं ५ उपभोक्ता समितिले मा दुमरु कन्स्ट्रक्सनको रु.२०३४०० र सपनेश्वर कन्स्ट्रक्सनको १९८०००० को विजक रकमको जम्मा रु.२१०३४०० कार्यसम्पन्न भएको छ । मिति २०८१।२।७ मा सम्झौता २०८१।३।२० सम्म सम्पन्न गर्ने गरी रु.२१,८३,१०० सम्झौता भएको देखिन्छ । ३ वटा फर्मले पालिकाको नाममा पेश गरेको कोटेशन अनुसार दररेट निर्धारण भई

उपभोक्ता समितिलाई कर कट्टी गरी रु.१७९३२५० भुक्तानी भएको छ । यसरी नियमावली विपरित उपभोक्ता समितिमार्फत खरिद कार्य गरेको निमयसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,८०,००० |

९३ **लागत सहभागिता** (९२-2081-09-16):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने र जनसहभागितावापतको रकम समितिले व्यहोर्नुपर्ने उल्लेख छ । पालिकाले चाँगु झौखेल दुवाकोट खानेपानी उपभोक्ता समितिको चारकोठा पार्टेशनको लागि ३ लाख भुक्तानी भएकोमा लागत सहभागिता नभएको देखिएकोले उक्त भवन निर्माण कार्यको पालिकाले तोकेको १० प्रतिशत लागत सहभागिता वापतको रकम रु.३०००० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

९४ **उपभोक्ताको पेश्की**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (५) मा उपनियम (३) बमोजिम खरिद सम्झौता भएपछि सार्वजनिक निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्नेछ। सार्वजनिक निकायले त्यसरी दिएको पेश्कीको अन्तिम किस्ता भुक्तानी गर्नु अघि फछ्र्यौट गरी सक्नु पर्ने व्यवस्था छ । नगरपालिकाबाट प्राप्त विवरण अनुसार देहाय बमोजिम कार्यको लागि उपभोक्ता समितिलाई आ.व. २०७४।७५ र २०७५।७६ मा उपभोक्ता समितिलाई दिएको पेश्की हालसम्म पनि फर्छ्यौट भएको पाईएन। सो सम्बन्धमा लेखापरीक्षणको क्रममा योजनाहरुको सम्झौता, योजना कार्यान्वयन अवस्था लगायतका विवरण माग गरेकोमा पालिकामा विवरण नरहेकोले उपभोक्तालाई दिएको पेश्की जोखिममा परेको देखिन्छ। गत वर्षमा दिएको पेश्कीको योजना कार्यान्वयनमा समेत नआएकोले नगरपालिकाले उपभोक्ताको पेश्की सम्बन्धमा थप छानविन गरी समयमा असुल फर्छ्यौट गर्न लगाउनु पर्दछ ।

| पेश्कीकोविवरण | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|
| सडक तथा पूल निर्माण | कुलेकोपोखरी गणेश मन्दिर निर्माण उ.स. | २१००००. |
| सडक तथा पूल निर्माण | खरिपाटीमनकामना सडकबाटो खत्रीटोल देवी स्थान ढलान बाटो निउस | १५००००. |
| अन्य सार्वजनिक निर्माण | गोपीतामाङ्गको घर मुनिको पहिरो नियन्त्रण उ.स | १२००००. |
| सडक तथा पूल निर्माण | चापाख्वालराहुल गाँउ त्रिशुल डाँडा उस | ३७००००. |
| सडक तथा पूल निर्माण | छाँयाबस्ती सडक निर्माण उपभोक्ता समिति | १५००००. |
| सडक तथा पूल निर्माण | तेलकोटनाटेश्वरी सडकबाट रामकुमारी विश्वकर्मा घर जाने गोरेटो बाटो ढलान उ स | १५००००. |
| अन्य सार्वजनिक निर्माण | देवीलामिछानेको घर अगाडिको पहिरो नियन्त्रण उस | १२५०००. |
| अन्य सार्वजनिक निर्माण | नारायणटारडोल्छी खेल मैदान सडक | ९०००००. |
| खानेपानी संरचना निर्माण | प्रगती टोलखानेपानी तथा सरसफाई व्यवस्थापन उपभोक्ता समिति | ३००००. |
| सडक तथा पूल निर्माण | प्राथमिकस्वास्थ्य केन्द्र पौडेल गाँउ जाने बाटो ढलान उस | १५००००. |
| सडक तथा पूल निर्माण | पिखेल ढलानउकालोबाट माथि कार्कीटोल थापाटोल जाने बाटो पिच गर्ने उ.स. | ५००००. |
| अन्य सार्वजनिक निर्माण | फैढोकागणेश ब्याडमिन्टन उपभोक्ता समिति | १५००००. |
| अन्य सार्वजनिक निर्माण | बलरामलामिछाने समेतको घर अगाडि पहिरो नियन्त्रण | १३२०००. |
| सडक तथा पूल निर्माण | भुट्टेडाँडाबाट मुसिख्वाल टोल जाने सडक निर्माण उ स | १५००००. |
| अन्य सार्वजनिक निर्माण | भट्टेडाँडामा सनसेट वनस्पती भ्यू पार्क निर्माण उपभोक्ता समिति | ६०००००. |
| सडक तथा पूल निर्माण | मिलनटोलबाटो निर्माण उपभोक्ता समिति | १०००००. |
| खानेपानी संरचना निर्माण | लामाटोलबागमारा गैरी गाँउ खानेपानी योजना | ४०००००. |
| खानेपानी संरचना निर्माण | लामीछानेखत्री खानेपानी उपभोक्ता समिति | १५२०००. |
| सडक तथा पूल निर्माण | संगम टोलत्रिवेणी चोक पोखरेल गाँउ सडक निर्माण | १५००००. |
| अन्य सार्वजनिक निर्माण | सेतिदेवीमन्दिर निर्माण उपभोक्ता समिति | १२००००. |
| | | ४३५९०००. |

९५ **छात्रवृत्ति**

छात्रवृत्ति कार्यक्रम संचालन कार्यविधि, २०७८ मा भएको व्यवस्था बमोजिम ईन्जिनियरिङ तर्फ ३, मेडिकल तर्फ ३, पारा मेडिकल तर्फ ८, अन्य प्राविधि विषय तर्फ ११ अन्य अप्राविधिक विषय तर्फ १२ गरी ३७ जना लाई विद्यार्थीको निवेदन तथा वडाको सिफारिसका आधारमा विभिन्न शैक्षिक सत्रमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति रकम रु. १९५०००० दिएको छ। कार्यालयले कार्यविधिमा भएको व्यवस्था अनुरुप विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराई कबुलियतनामा समेत गराएको छ। यसरी विद्यार्थीहरुको अध्ययन सकिए पश्चात् कबुलियतनामा भएको व्यवस्था बमोजिम अनिवार्य रुपमा कम्तिमा २ वर्ष नगरपालिका भित्र सेवा गराउनु पर्ने देखिन्छ। पालिकाको आफ्नो आन्तरिक स्रोत न्यून रहेको अवस्थामा यस किसिमका बढी लगानी लाग्ने वितरणमुखी योजनामा खर्च गर्दा वास्तविक रुपमा पालिकाको आवश्यकता र क्षेत्रमा लगानी कम हुने अवस्था हुने हुँदा यस तर्फ ध्यान दिनु पर्दछ ।

९६ **नमुना विद्यालय अनुदान -**

आर्थिक वर्ष २०७६।७७ मा नमुना विद्यालयमा छनोटमा परेको चाँगुनारायण माध्यामिक विद्यालयलाई नमुना विद्यालय विकास कार्यक्रम कार्ययोजना अन्तरगत प्राध्यानाध्यापक भत्ता, ५जना शिक्षक तथा कर्मचारी भत्ता, ई सि डि शिक्षक ज्योती महतको पारिश्रमिक योगा शिक्षक संञ्जय गेलालको पारिश्रमिक,नृत्य प्रशिक्षक अष्टमाया लामाको पारिश्रमिक, खानेपानी तथा सरसफाईको

लागि खर्च, बैठक भत्ता,बिद्युत, २६जनाको ४ दिने पोखरा तथा घान्द्रक शैक्षिक भ्रमण खर्चर सौन्दर्यकरणमा गरी रु. १३३३४४६.०० को खर्च विवरण पेश गरेकोमा रु ११10000. र भौतिक निर्माण तर्फ रु १०००००००.०० गरी रु ११११००००.००अनुदान निकासा दिएको छ।यस सम्बन्धमा देखिएका बेहोराहरु निम्न छन।

९६.१ गुरुयोजना कार्यान्वयन :- नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को दफा ९.५ ग मा विद्यालयको गुरुयोजना अन्तरगतका कार्ययोजनाका क्षेत्र रुजु गरी स्थानीय तहले कार्यप्रगतिको आधारमा अनुदान रकम निकासा गर्नु पर्ने,त्यस्तै दफा ९.५.क मा विद्यालयले गुणष्तर अभिवृद्धि र स्वीकृत गुरुयोजना बमोजिम नमुना विद्यालय विकास कार्यक्रमका बाँकी काममा खर्च गर्नु पर्ने उल्लेख छ । गुरुयोजना र कार्यान्वयनको प्रगति पेस नभएको हुदाँ २०७६।७७ देखी ६ वर्ष सम्ममा के कति काम भए , एउटै कामको लागि दोहोरो निकासा र गुरुयोजना अन्तरगत नपरेका क्षेत्रमा निकासा भए नभएको विष्लेषण गर्न सकिएन। नमुना विद्यालय विकास कार्यक्रम कार्ययोजना अन्तरगत प्राध्यानाध्यापक भत्ता रु .१९२९९६, शिक्षक तथा कर्मचारी भत्ता ५ जनाको रु.३००००० .००, ई सि डि शिक्षक ज्योती महतको पारिश्रमिक रु.१९५०००,योगा शिक्षक संञ्जय गेलालको पारिश्रमिक रु. १८००००,नृत्य प्रशिक्षक अष्टमाया लामाको पारिश्रमिक रु.८४०००, खानेपानी तथा सरसफाईको लागि रु.२८९८०, बैठक भत्ता रु. २००००,बिद्युत महसुल रु. ५००००, २६जनाको ४ दिने पोखरा तथा घान्द्रुक शैक्षिक भ्रमण रु.२७४५३५.र सौन्दर्यकरणमा रु.७९३५.०० गरी रु. १३३३४४६को खर्च विवरण पेश गरेकोमा रु ११०००००.दिएको रकमको गुरुयोजना संग तुलना हुने प्रगति विवरण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,००,००० |

९६.२ (४१-2082-03-15):

भौतिक निर्माण:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादित परिमाणको आधारमा भुक्तानी गर्नु पर्ने उल्लेख छ ।त्यस्तै नेपाल सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्र कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को दफा ९.५ ग मा स्थानीय तहले विद्यालयको गुरुयोजना अन्तरगतका कार्ययोजनाका क्षेत्र रुजु गरी कार्य प्रगतीका आधारमा अनुदान रकम निकासा गर्नु पर्ने उल्लेख छ।पालिकाले भौतिक निर्माण तर्फ तेश्रो तलाको स्ट्रक्चर,ढलान र गारो लागाउने कार्यको लागी विद्यालयले मिति२०८२।३।३२ मा ठेक्का सुचना प्रकाशन गरेको आधारमा ठेक्का सम्झौता समेत नहुदै रु.१०००००००० गरी अनुदान निकासा दिएको छ। भौतिक निर्माण तर्फ कार्यप्रगती शून्य रहेकोमा भौतिक निर्माण प्रयोजन निकासा गरेको अनुदान रकमको नापी किताव, बिल भरपाई पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००,००० |

९७ **धरौटी फिर्ताः** (७२-2081-10-08):

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) क (१) मा निर्माण कार्यको कम्तिमा ८० प्रतिशत काम सम्पन्न गरेको, काम सन्तोषजनक भएको र निर्धारित समयमा सम्पन्न हुने सुनिश्चित भएमा रिटेन्सन मनि वापत बैंक जमानत पेश गरी रिटेन्सन मनि फिर्ता मागेमा त्यस्तो रिटेन्सन मनी फिर्ता दिन सक्ने उल्लेख छ । पालिकाले कान्तिपुर त्रैलोक्य जे भि को धरौटी रु.५६२०७९.०० फिर्ता दिँदा सम्वन्धित फर्म वा व्यवसायीले कर कार्यालयमा आय विवरण समेत पेश गरेको प्रमाण पेश नभएकोले उल्लेखित कर चुक्ता प्रमाण पत्र र मूल्य अभिवृद्धि समायोजन पत्र पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६२,०७९ |

९८ **चाँगुनारायण अस्पताल सञ्चालन व्यवस्थापन:-**

चाँगुनारायण नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०८० अनुसार चाँगुनारायण नगर कार्यपालिकाको मिति २०८१। ०४।२४ निर्णय अनुसार चाँगुनारायण अस्पताल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ र निर्देशिकाको बुदा नं ३ अनुसारको

चाँगुनारायण स्वास्थ्य संस्था सञ्चालन कार्यविधि, २०७९ को दफा ६ (१) बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति बाट अस्पताल सञ्चालन हुदै आएको छ ।अस्पतालको विनियोजन र खर्च विवरण निम्नानुसार रहेको छ ।

| कार्यक्रम | शिर्षक | विनियोजित तथा खर्च रकम |
|---|---|---|
| चाँगु नारायण अस्पताल | २२५२२ | १५०००००० |
| नगर अस्पतालबाट उत्पादित अक्सिजन प्लान्टबाट नि:शुल्क अक्सिजन सहायता | २२५२२ | २०००००० |
| चाँगु नारायण अस्पतालको लागि Fully auto bio chemistry Machine खरिद | ३११२२ | १५००००० |
| **जम्मा** | | **१८५०००००** |

(३९१-2081-08-04):

**Hematology analyzer (Z50)खरिद:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७को नियम ३९ मा रीत प्रकृया पुरा गरी प्रयाप्त प्रमाण संलग्न भई आएका खर्चहरुको मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै नियम ५७ मा खर्च पुष्ट्याँई गर्ने यथेस्ट बिल भर्पाईका सिलसिलाबद्ध रुपमा राखी सोही आधारमा खर्च लेखाङ्कन गर्नु पर्ने उल्लेख छ । पाथिभरा सर्जिकल हाउस त्रिपुरेश्वर बाट चाँगुनारायण अस्पतालको लागि Automatic five pair Hematology analyzer Z50 (CBC analyzer) 1 set रु ९८८७५० मा खरिद गरेकोमा उक्त सामानको वारेन्टी तथा अस्पतालमा स्थापना गरी स्वास्थ्य परिक्षण तथा उपचारमा उपयोग भएको देखिने प्रमाण पेश भएन ।खरिद भएको उपकरण उपयोगमा नआउदा नगरवासीको स्वास्थ्य उपचार सहजीकरण हुन सकेको देखिएन । उक्त उपकरणको वारेन्टी, दाखिला तथा उपयोगको अवस्था समेतको प्रतिवेदन पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८८,७५० |

९९ **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकाबाट यस वर्ष सामाजिक सुरक्षा संरक्षण कार्यक्रममा रू. १८८८४४८६९.०० खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस म्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ;

९९.१ **निष्कृय लाभग्राही:**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैंकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैंकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र स्थानीय निकायले पनि समयमा नै विवरण प्राप्त गर्नेतर्फ ध्यान दिनु पर्दछ ।

९९.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

९९.३ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्द्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले

आ. व. २०८१।८२ को सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण आफ्नो वेभसाइटमा राखेको देखिएन ।

९९.४ **मृत्यु भएका सेवाग्राहीलाई भत्ताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाले दोहोरो परेको र मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको पाइयो । पालिकाबाट पेश भएको मृत्यु दर्ताको आधारमा लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रू. १६५१६।- रकम भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| सि.नं. | परिचय पत्र नं. | लाभग्राहीको नाम | बैंक खाता नं | मृत्यु भएको मिति | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| १ | 2005123307271.00 | Surya Bahadur Tamang | 220156227900013.00 | २०८१।८।९ | २४००० | १७२०६ | ६७९४ |
| २ | 2007101300933.00 | Benu Maya Tamang | 220156235700018.00 | २०८१।७।१७ | २४००० | १४२७८ | ९७२२ |
| | | | | | ४८००० | ३१४८४ | १६५१६ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,८६६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६,८०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,९२८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,८९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१२,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,४६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **११,७३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,९१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२३,५९८**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६,२५८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,५९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१०,६६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,१९६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,३१८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **८,६५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,७८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **४,५१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **५,१८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१७,१८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३९,४६४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **६,३९२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,७३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **३,७३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-१०** को निर्णयले रू **१२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,५१६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : चाँगुनारायण नगरपालिका, भक्तपुर , चाँगुनारायण नगरपालिका , भक्तपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शिव प्रसाद हुँमेगाई | २०८१-१-२६ | २०८२-२-५ |
| कार्यालय प्रमुख | Mohan Kumar Shrestha | २०८२-२-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जेमा सुब्बा | २०७६-२-१५ | २०८१-८-२८ |
| लेखा प्रमुख | Rishi Adhikari | २०८१-७-२१ | |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,६८७,२२४.५ | ३३,५१८,६८४.१६ | ३४,८८९,८३१ | ० | ० | १५,१८५,३४९.६४ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ९०,२८१,०८९.३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौट गरी संपरीक्षण भएको रकम रु.** | ६,७१०,८१८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ८३,५७०,२७१.३ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २०३७८०४५७ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ७९२१८८१२९ | चालु खर्च | ७७०८१६२३५ |
| प्रदेश सरकारबाट अनुदान | ५५८५७००० | पूँजीगत खर्च | ७४०११८३८८ |
| राजश्व बाँडफाँट | ६४३११८७६२ | वित्तीय/अन्य व्यवस्था | ३७५६२५८३० |
| आन्तरिक आय | २६६८४३४९८ | | |
| अन्य आय | ११०३५२१४७ | | |
| कुल आय | १८६८३५९५३६ | कुल खर्च | १८८६५६०४५३ |
| बाँकी मौज्दात | | १८५५७९५४० | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

चाँगुनारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, भक्तपुर

कार्यालयको कोड : ८०३३३४०१३००

वित्तीय प्रतिवेदन

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)

| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
|---|---|---|---|
| राजस्व, अनुदान र अन्य प्राप्ति | | | |
| ११००० | कर | ६८,०३,३४,५९०.३५ | ५३,०८,०५,२१९.८३ |
| १३००० | अनुदान | ६०,४३,६०,१२१.९८ | ५८,१२,३८,३४६.८१ |
| १४००० | अन्य राजस्व | २३,२२,४७,६६८.०३ | २३,१०,८७,८३१.६५ |
| १५००० | विविध प्राप्ति | ९,५८,२०५.०० | १९,६६,४७०.०० |
| क | कुल जम्मा प्राप्ति | १,५११,७९,००,५८५.३६ | १,३४,५०,९७,८६८.२९ |
| ३ | चालु | ७७,०८,१६,२३५.६४ | ७४,३०,८४,३७८.३३ |
| २१००० | पारिश्रमिक / सुविधा | ३५,५२,५३,९८६.६६ | ३५,७९,७७,२२०.४३ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३३,३४,०४,७३८.४६ | ३०,३४,४४,१०९.४५ |
| २५००० | सहायता (Subsidy) | ३,६९,०५,१२७.५२ | १,७९,६७,३२०.४५ |
| २६००० | अनुदान | १२,०८,०२०.०० | १३,८०,३७०.०० |
| २७००० | सामाजिक सुरक्षा | ४,३६,१८,९४७.०० | २,३३,९२,९६१.०० |
| २८००० | अन्य खर्च | ४,२५,४१६.०० | ३,८९,२२,३९७.०० |
| ४ | पूंजीगत | ७४,०१,१८,३८८.४० | ७७,५३,९३,९९२.८८ |
| ३१११० | भवन तथा संरचना | २,०२,५२,३६५.०० | ४,६८,७१,५४२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३,८८,०१,०१८.५० | २,७९,९०,८५३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ६१,३९,३५८.०० | २,०६,४५,५३९.५० |
| ३११४० | सुरक्षा उपकरण | १२,५११,८२३.०० | ३,३४,२०६.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६७,००,८३,०८४.९० | ६७,१२,७४,५२७.३८ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ३५,९०,७३९.०० | ५२,४१,५४५.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ३०,३५,७८०.०० |
| ख) | कुल जम्मा भुक्तानी | १,५१,०९,३४,६२४.०४ | १,५१,८४,७८,३७१.२१ |
| ग) | बचत /कमी (ग = क-ख ) | ६९,६५,९६१.३२ | (१७,३३,८०,५०२.९२) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | १३,३३,०१४.७८ | ३३,१०,४८९.७४ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | २३,००,६९७.०० | |
| | | | |

| | | | |
|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ८२,९८,९७६.१० | (१७,००,७०,०१३.१८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | २०,२१,३८,१९८.३४ | ३७,२२,०८,२११.५२ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २१,०४,३७,१७४.४४ | २०,२१,३८,१९८.३४ |

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची -४

प्रारम्भिक प्रतिवेदनमा यस दफामा संलग्न गरिएको पालिकाको एकीकृत वार्षिक प्रतिवेदन (म. ले. प. फाराम नं. २७० ) हाल यसै प्रतिवेदनको दफा नं. २. १ संग सम्बन्धित अनुसूचिमा समावेश गरिएको छ ।

## बेरूजु दफा १४ सँग सम्बन्धित विवरण - अनुसूची -५

| क्र.सं. | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | चालु आ. व. | | गत आ. व.सम्मको | | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| १ | ०४/०१/२०८१ | नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा प्रयोग हुने मसलन्द तथा कार्यालय सामाग्री खर्च | धुर्ब प्रसाद नेपाल | ० | ० | ० | १५००० | ० | १५००० | १५००० |
| २ | ०४/०१/२०८१ | पर्यटन प्रवर्द्धन सम्बन्धी कार्यक्रम | शंकर के.सी. | ० | ० | ० | १३५००० | ० | १३५००० | १३५००० |
| ३ | ०५/३१/२०८१ | नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा प्रयोग हुने मसलन्द तथा कार्यालय सामाग्री | शुक्र बहादुर थिङ्ग तामाङ्ग | ० | ५००० | ० | ० | ० | ५००० | ५००० |
| ४ | ०७/०८/२०८१ | संचार महसुल तथा ईन्टरनेट महशुल | शारदा घिमिरे | ० | १०००० | ० | ० | ० | १०००० | १०००० |
| ५ | ०१/१६/२०८२ | असल अभ्यास तथा अनुभव आदान प्रदान | विकास खड्का-कानुनी सहजकर्ता | ० | १२०००० | ० | ० | ० | १२०००० | १२०००० |
| ६ | ०१/१६/२०८२ | नगरपालिकाको प्रतिनिधित्व गर्दै प्रतियोगितामा सहभागिता | रघु के.शी | ० | १२०००० | ० | ० | ० | १२०००० | १२०००० |
| ७ | ०३/२३/२०८२ | बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रम | निर्मला देवी पौडेल | | २४००० | ० | ० | २४००० | २४००० | २४००० |
| ८ | ०३/२५/२०८२ | सभा सञ्चालन खर्च थप | बद्रि प्रसाद नेपाल | | ७५००० | ० | ० | ७५००० | ७५००० | ७५००० |
| ९ | ०४/०१/२०८१ | मचपा खानेपानी | अग्रगामी निर्माण प्रा. लि. | ० | ० | ० | ९४०००० | ० | ९४०००० | ९४०००० |
| १० | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | सान्चोका एण्ड सोरेन निर्माण सेवा प्रा.लि. | ० | ० | ० | ४००००० | ० | ४००००० | ४००००० |
| ११ | ०६/०२/२०८१ | ७ न वडा कार्यालय भवन निर्माण | वर्षा- प्रणाम जे.भी | ० | १७२०००० | ० | ० | ० | १७२०००० | १७२०००० |
| १२ | ०८/१९/२०८१ | ७ न वडा कार्यालय भवन निर्माण | वर्षा- प्रणाम जे.भी | ० | १७२०००० | ० | ० | ० | १७२०००० | १७२०००० |
| १३ | ०९/१७/२०८१ | आरक्षण -आरुबारी -दुलालगाउँ सडक र चाँपाबोट- देवी डाँडा- साखकर्मी टोल | कम्प्लित कन्सट्रक्सन शोलुसन | ८००००० | | ० | ० | ८००००० | | ८००००० |
| १४ | ११/०२/२०८१ | फैढोका सौडोल माथिल्लो न्हेम्हाफुकी खड्का बुढाथोकी हुँदै गोठालेचौर सम्म सडक स्तरन्नोती | टुँडाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ८५०००० | | ० | ० | ८५०००० | | ८५०००० |
| १५ | ११/०६/२०८१ | तल्लो मजुवा पँदाली सडक अधिकारी गाउँ वाल्मिकेश्वर सडक पगरीटोल पुरानो हेल्थपोष्ट सडक भुजेल टोल नागरिक आरोग्य केन्द्र सडक | खायमली कन्स्ट्रक्सन | ८६०००० | | ० | ० | ८६०००० | | ८६०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | १२/०४/२०८१ | सरस्वतीखेल बसपार्क सोमथली सुयल डाँडा वडा नं १ को वडा कार्यालय हुदै माछापालन बुद्ध मन्दिर जाने बाटो (क्रमागत) चाँगुनारायण-१ | जे.ए. इन्जीनियरीङ्ग । एच.सी.आर. जे.भी. | २०५०००० | | ० | ० | २०५०००० | | २०५०००० |
| १७ | १२/२६/२०८१ | सुन्दर पार्क सफा शौचालय-सुन्दर पार्क सफा शौचालय निर्माण कार्यक्रम वडा नं. ४ | रघुनाथ कन्स्ट्रक्सन प्रा लि | ५००००० | | ० | ० | ५००००० | | ५००००० |
| १८ | १२/२६/२०८१ | फैढोका सौडोल माथिल्लो न्हेम्हाफुकी खड्का बुढाथोकी हुँदै गोठालेचौर सम्म सडक स्तरन्नोती | टुँडाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. | ८५०००० | | ० | ० | ८५०००० | | ८५०००० |
| १९ | ०१/१९/२०८२ | संगम मार्ग | फोर ब्रदर्श ग्रुप नेपाल कन्स्ट्रक्सन प्रा.लि. | -३१६००० | | ० | ० | -३१६००० | | -३१६००० |
| २० | ०१/१९/२०८२ | वडा चक्रपथ निर्माण चा.न.पा १ | संगम-ह्युल्सा जेभी | ४०९००० | | ० | ० | ४०९००० | | ४०९००० |
| २१ | ०१/२८/२०८२ | वडा चक्रपथ निर्माण चा.न.पा १ | संगम-ह्युल्सा जेभी | ४०९००० | | ० | ० | ४०९००० | | ४०९००० |
| २२ | ०१/३०/२०८२ | पकुनेपाटी लाकिला कमलपोखरी ज्योतिलिंगेश्वर सडक स्तरोन्नती (क्रमागत) चाँगुनारायण -३ | आर. आर. कन्स्ट्रक्सन | २८९७१०० | | ० | ० | २८९७१०० | | २८९७१०० |
| २३ | ०२/०१/२०८२ | घट्टेखोला खस्याङखुसुङ खोला करिडोर निर्माण | त्रैलोक्य -बि जि एस जेभी | १०८६८१५ | | ० | ० | १०८६८१५ | | १०८६८१५ |
| २४ | ०२/१४/२०८२ | संगम मार्ग | फोर ब्रदर्श ग्रुप नेपाल कन्स्ट्रक्सन प्रा.लि. | ३१६००० | | ० | ० | ३१६००० | | ३१६००० |
| २५ | ०२/२७/२०८२ | नगरकोट सडक निर्माण तथा आस्पाल्ट बिछ्याउने कार्य | सुनकोशी यू.एस.जी -साईटेक जे भी | ११९५०००० | | ० | ० | ११९५०००० | | ११९५०००० |
| २६ | २०८२/०२/२९ | सुन्दर पार्क सफा शौचालय-सुन्दर पार्क सफा शौचालय निर्माण कार्यक्रम वडा नं. ४ | रघुनाथ कन्स्ट्रक्सन प्रा लि | ५००००० | ० | ० | ० | ५००००० | ० | ५००००० |
| २७ | ०३/०६/२०८२ | के. एम. सी. फैढोका चा. न. पा. १ वडा सरस्वति खेल बसपार्क सोम्थाली स्यालडाँडा सडक | देवीथान/देशेमरु जे भी | २२३१३९७ | ० | ० | ० | २२३१३९७ | ० | २२३१३९७ |
| २८ | ०४/०१/२०८१ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | इनोभेटिभ सोलुसन प्रा.लि. | ० | ० | १४८५०० | | १४८५०० | | १४८५०० |
| २९ | ०४/०१/२०८१ | बालविकास केन्द्रका निम्ति बालमैत्री कक्षा कोठा व्यवस्थापन | चाँगुनारयाण माद्यमिक विद्यालय दुवाकोट | ० | ० | ० | ५०००० | ० | ५०००० | ५०००० |
| ३० | ०४/०१/२०८१ | ज्येष्ठ नागरिक मिलन चौतारी | ज्येष्ठ नागरिक मिलन | ० | ० | ० | २५००० | ० | २५००० | २५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सञ्चालन | चौतारी वडा नं २ | | | | | | | |
| ३१ | ०४/०१/२०८१ | स्थानीय पथ प्रदर्शक तालिम | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | ० | ० | ० | ४९९७६५ | ० | ४९९७६५ | ४९९७६५ |
| ३२ | ०४/०१/२०८१ | कार्यक्रम खर्च | नेपाल बैंक लिमिटेड | ० | ० | ३००००००० | | ३००००००० | | ३००००००० |
| ३३ | ०४/०१/२०८१ | कार्यक्रम खर्च | नेपाल बैंक लिमिटेड | ० | ० | १५०००००० | | १५०००००० | | १५०००००० |
| ३४ | ०४/०१/२०८१ | अव्यवस्थित विजुली पोल तार व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण | ० | ० | ० | १०२९९७ | ० | १०२९९७ | १०२९९७ |
| ३५ | ०४/०१/२०८१ | बालविकास केन्द्रका निम्ति बालमैत्री कक्षा कोठा व्यवस्थापन | बालमिकी आधारभुत विद्यालय बागेश्वरी | ० | ० | ० | ५०००० | ० | ५०००० | ५०००० |
| ३६ | ०४/०१/२०८१ | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन निरन्तरता | श्री गणेश माध्यमिक विद्यालय | ० | ० | ० | १२२४०० | ० | १२२४०० | १२२४०० |
| ३७ | ०४/०१/२०८१ | सवारी साधन | श्री गणेश माध्यामिक विद्यालय चा.न.पा. ९ | ० | ० | ० | १७००००० | ० | १७००००० | १७००००० |
| ३८ | ०४/०१/२०८१ | एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन निरन्तरता | श्री चांगुनारायण माध्यमिक विद्यालय चा.न.पा. १ | ० | ० | ० | १२२४०० | ० | १२२४०० | १२२४०० |
| ३९ | ०४/०१/२०८१ | बालविकास केन्द्रका निम्ति बालमैत्री कक्षा कोठा व्यवस्थापन | श्री ठूली ब्रम्हायणी आधारभूत विद्यालय चा.न.पा. ८ | ० | ० | ० | ५०००० | ० | ५०००० | ५०००० |
| ४० | ०४/०१/२०८१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | श्री वाल्मिकेश्वर माध्यमिक विद्यालय चा.न.पा. ८ | ० | ० | ० | २५०००० | ० | २५०००० | २५०००० |
| ४१ | ०८/१७/२०८१ | अव्यवस्थित विद्युत पोल तथा तार व्यवस्थापन | नेपाल विद्युत प्राधिकरण | ० | ५७३५३८ | ० | ० | ० | ५७३५३८ | ५७३५३८ |
| ४२ | ११/१२/२०८१ | फुलबारी टोल हुँदै निकोसेरा तर्फ जाने कच्ची मोटर बाटो तथा शाखा बाटो कालो पत्रे | प्रणाम कन्स्ट्रक्सन | ० | ४००००० | ० | ० | ० | ४००००० | ४००००० |
| ४३ | १२/१०/२०८१ | नगरपालिका तथा अन्तर्गतका भवन स्वास्थ्य संस्थाहरुको पानी तथा बिजुली | नेपाल विद्युत प्राधिकरण | ० | ६८५००० | ० | ० | ० | ६८५००० | ६८५००० |
| ४४ | १२/२१/२०८१ | नगरपालिका तथा अन्तर्गतका भवन स्वास्थ्य संस्थाहरुको पानी तथा बिजुली | नेपाल विद्युत प्राधिकरण | ० | २१८९४.५३ | ० | ० | ० | २१८९४.५३ | २१८९४.५३ |
| ४५ | ०२/१२/२०८२ | अन्य संस्थासंग साझेदारी कार्यक्रम | नेपाल विद्युत प्राधिकरण | ० | ५५०३५५.११ | ० | ० | ० | ५५०३५५.११ | ५५०३५५.११ |
| ४६ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | कुलेको पोखरी गणेश मन्दिर निर्माण उ.स. | ० | ० | ० | २१०००० | ० | २१०००० | २१०००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४७ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | खरिपाटी मनकामना सडकबाटो खत्रीटोल देवी स्थान ढलान बाटो निउस | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ४८ | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | गोपी तामाङ्गको घर मुनिको पहिरो नियन्त्रण उ.स | ० | ० | ० | १२०००० | ० | १२०००० | १२०००० |
| ४९ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | चापाख्वाल राहुल गाँउ त्रिशुल डाँडा उस | ० | ० | ० | ३७०००० | ० | ३७०००० | ३७०००० |
| ५० | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | छाँया बस्ती सडक निर्माण उपभोक्ता समिति | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ५१ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | तेलकोट नाटेश्वरी सडकबाट रामकुमारी विश्वकर्मा घर जाने गोरेटो बाटो ढलान उ स | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ५२ | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | देवी लामिछानेको घर अगाडिको पहिरो नियन्त्रण उस | ० | ० | ० | १२५००० | ० | १२५००० | १२५००० |
| ५३ | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | नारायणटार डोल्छी खेल मैदान सडक | ० | ० | ० | ९००००० | ० | ९००००० | ९००००० |
| ५४ | ०४/०१/२०८१ | खानेपानी संरचना निर्माण | प्रगती टोल खानेपानी तथा सरसफाई व्यवस्थापन उपभोक्ता समिति | ० | ० | ० | ३०००० | ० | ३०००० | ३०००० |
| ५५ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | प्राथमिक स्वास्थ्य केन्द्र पौडेल गाँउ जाने बाटो ढलान उस | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ५६ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | पिखेल ढलान उकालोबाट माथि कार्कीटोल थापाटोल जाने बाटो पिच गर्ने उ.स. | ० | ० | ० | ५०००० | ० | ५०००० | ५०००० |
| ५७ | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | फैढोका गणेश ब्याडमिन्टन उपभोक्ता समिति | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ५८ | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | बलराम लामिछाने समेतको घर अगाडि पहिरो नियन्त्रण | ० | ० | ० | १३२००० | ० | १३२००० | १३२००० |
| ५९ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | भुट्टे डाँडाबाट मुसिख्वाल टोल जाने सडक निर्माण उ स | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ६० | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | भट्टे डाँडामा सनसेट वनस्पती भ्यू पार्क निर्माण | ० | ० | ० | ६००००० | ० | ६००००० | ६००००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | उपभोक्ता समिति | | | | | | | |
| ६१ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | मिलनटोल बाटो निर्माण उपभोक्ता समिति | ० | ० | ० | १००००० | ० | १००००० | १००००० |
| ६२ | ०४/०१/२०८१ | खानेपानी संरचना निर्माण | लामाटोल बागमारा गैरी गाँउ खानेपानी योजना | ० | ० | ० | ४००००० | ० | ४००००० | ४००००० |
| ६३ | ०४/०१/२०८१ | खानेपानी संरचना निर्माण | लामीछाने खत्री खानेपानी उपभोक्ता समिति | ० | ० | ० | १५२००० | ० | १५२००० | १५२००० |
| ६४ | ०४/०१/२०८१ | सडक तथा पूल निर्माण | संगम टोल त्रिवेणी चोक पोखरेल गाँउ सडक निर्माण | ० | ० | ० | १५०००० | ० | १५०००० | १५०००० |
| ६५ | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | सेतिदेवी मन्दिर निर्माण उपभोक्ता समिति | ० | ० | ० | १२०००० | ० | १२०००० | १२०००० |
| ६६ | ०४/०१/२०८१ | विविध खर्च | किरण धाँजु | ० | ० | ० | ४००० | ० | ४००० | ४००० |
| ६७ | ०४/०१/२०८१ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | गणेश सुकमनी | ० | ० | ० | ५०००० | ० | ५०००० | ५०००० |
| ६८ | ०४/०१/२०८१ | विविध खर्च | धनपति घिमिरे | ० | ० | ० | ४००० | ० | ४००० | ४००० |
| ६९ | ०४/०१/२०८१ | विविध खर्च | राजकुमार दाहाल | ० | ० | ० | ४००० | ० | ४००० | ४००० |
| ७० | ०४/०१/२०८१ | अन्य सार्वजनिक निर्माण | शंकर के.सी. | ० | ० | ० | ४०००० | ० | ४०००० | ४०००० |
| ७१ | ०४/०१/२०८१ | संचार महसुल | सिद्धान्त न्यौपाने | ० | ० | ० | २७००० | ० | २७००० | २७००० |
| ७२ | ०६/२३/२०८१ | नगरपालिकाबाट संचालन हुने कार्यक्रम खर्च तथा विविध | धर्मराज कार्की - श्री कृष्ण मन्दिर सेवा समिति | ० | २०००० | ० | ० | ० | २०००० | २०००० |
| ७३ | ०२/१४/२०८२ | संचार महसुल तथा ईन्टरनेट महशुल | विजय भण्डारी | ० | ४०००० | ० | ० | ० | ४०००० | ४०००० |
| जम्मा | | | | २५३९३३१२ | ६०८४७८८ | ४५१४८५०० | ८९५०५६२ | ७०६४०८१२ | १५०३५३५० | ८५५७७१६२ |

# सुझाव

नगरपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस नगरपालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख नगरपालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता हुने गरी बनाउनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

- पालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।